






## सुनवल नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
### नवलपरासी (बर्दघाट सुस्ता पश्चीम)
### लुम्बिनी प्रदेश, नेपाल

# पहिलो आवधिक विकास योजना

## आर्थिक वर्ष (२०७९/८०-२०८३/८४)

**बिषय सुची**

**परिच्छेद- १_परिचय**....................................................५
१.१. पृष्ठभुमि....................................................५
१.२ सुनवल नगरपालिकाको बस्तुस्थिति विवरण....................................................६
१.३ नगरपालिका सम्वृद्धिको आधार....................................................११
१.४ योजना तर्जुमाका मार्गदर्शक आधारहरु....................................................१२
१.५ आवधिक योजना तर्जुमा प्रकृया....................................................१३
१.६ तथ्यांक परिसीमन....................................................१५
१.७ विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र **(Goal achieving cycle)**....................................................१६
**परिच्छेद- २_विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थिति विश्लेषण**....................................................१७
२.१ आर्थिक क्षेत्र....................................................१७
२.२ सामाजिक क्षेत्र....................................................१७
२.३ भौतिक पूर्वाधार....................................................१९
२.४ बन, वाताबरण तथा विपद् व्यवस्थापन....................................................१९
२.५ संस्थागत विकास र सुशासन....................................................२०
२.६ बजेट विश्लेषण....................................................२०
**परिच्छेद- ३_योजना खाका**....................................................२२
३.१ पृष्ठभूमि....................................................२२
३.२ अवसर र चुनौती....................................................२२
३.३ दिगो विकासका लक्ष्यहरु सँग आवधिक योजनाको तादम्यता....................................................२४
३.४ राष्ट्रिय पन्ध्रौं योजनाको सोच....................................................२४
३.५ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य....................................................२५
३.६ नगरपालिकाको दीर्घकालीन सोच....................................................२६
३.७ नगरपालिकाको लक्ष्य....................................................२६
३.८ नगरपालिकाको विकासको उद्धेश्यहरु....................................................२६
३.९ परिमाणात्मक लक्ष्य....................................................२७
३.१० मुख्य मुख्य रणनीति....................................................२८

३.११ प्रमुख कार्यक्रमहरु ....................................................................................३०
३.१२ नतिजा खाका.......................................................................................३१
३.१३ अपेक्षित उपलब्धि ..................................................................................३३
**परिच्छेद- ४_आर्थिक विकास**..................................................................................३४
४.१. कृषि विकास ........................................................................................३४
४.१.२ अवसर र चुनौती....................................................................................३४
४.२ पशुपन्छी विकास.....................................................................................३८
४.३ घरेलु तथा साना उद्योग.............................................................................४१
४.४ पर्यटन विकास........................................................................................४४
४.५ सहकारी विकास.......................................................................................४७
**परिच्छेद- ५_सामाजिक विकास**...............................................................................५०
५.१ शिक्षा ...................................................................................................५०
५.२. स्वास्थ्य तथा पोषण..................................................................................५४
५.३. महिला तथा बालबालिका ...........................................................................५८
५.४. दलित, उत्पीडित र बर्ग उत्थान.....................................................................६०
५.५ आदिवासी जनजाती विकास..........................................................................६३
५.६ बाल अधिकार तथा बाल संरक्षण....................................................................६५
५.७ युवा तथा खेलकुद ....................................................................................६७
५.८ खानेपानी तथा सरसफाई.............................................................................६९
**परिच्छेद- ६_भौतिक पूर्वाधार विकास**........................................................................७३
६.१ सडक तथा यातायात क्षेत्र ...........................................................................७३
६.२ सञ्चार ..................................................................................................७५
६.४ भवन तथा वस्ति विकास.............................................................................८०
६.५. सिंचाई विकास........................................................................................८२
**परिच्छेद- ७_वन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन**.................................................८४
७.१ वन विकास तथा वातावरण संरक्षण.................................................................८४
**परिच्छेद- ८_संस्थागत विकास तथा सुशासन**..................................................................८८

८.१ संस्थागत सुशासन तथा क्षमता विकास ........ ८९
**परिच्छेद- ९_वित्तिय विश्लेषण** ........ ९५
९.१ वजेट विश्लेषण र आवधिक योजना अवधिको लागि प्रक्षेपण ........ ९५
९.२ वित्तीय हस्तान्तरण ........ ९५
९.३ आय अनुमान ........ ९५
९.४ आवधिक योजनाको वार्षिक लक्ष्य र बजेट अनुमान ........ १०१
९.४.१ संक्षिप्त बजेट अनुमान (रू हजारमा) ........ १०२
९.४.२ नतिजा क्षेत्र - आर्थिक विकास क्षेत्र (रू हजारमा) ........ १०३
९.४.३ नतिजा क्षेत्र - सामाजिक विकास (रू हजारमा) ........ १०८
९.४.४ नतिजा क्षेत्र - भौतिक पूर्वाधार बिकास (रू हजारमा) ........ ११५
९.४.५ नतिजा क्षेत्र - वन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापन ........ १२७
९.४.६ नतिजा क्षेत्र - संस्थागत विकास तथा शुसासन ........ १२९
**परिच्छेद-१०_कार्यान्वयन, अनुगमन तथा मुल्यांकन** ........ १३२
१०.१ कार्यान्वयन कार्ययोजना ........ १३२
१०.२ अनुगमन तथा मूल्याङ्कन ........ १३३
१०.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समिक्षा ........ १३४
१०.४ मध्यावधि मूल्याङ्कन ........ १३४
१०.५ अन्तिम मूल्याङ्कन ........ १३४
**अनुसूची** ........ १३५
अनुसूची- १: पालिका गौरबका योजनाहरु ........ १३५
अनुसूची- २: रुपान्तरणकारी योजना ........ १३६
अनुसूची- ३: परियोजना बैंक ........ १३७
अनुसूची- ४: नगरपालिकाको नक्सा ........ १४७
अनुसूची-५: कार्यक्रमका फोटोहरु ........ १६५

# परिच्छेद १ - परिचय

## १.१. पृष्ठभुमि

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरुप स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले उत्तरदायीपूर्ण स्थानीय सरकारको अभिभारा सम्हालेको पाँच वर्षको कार्यकाल यस आर्थिक वर्ष २०७८।७९ भित्रै पूरा हुँदैछ । यस अवधिमा स्थानीय शासन संचालनका लागि सुनवल नगरपालिकामा स्थानीय नीति तथा कानूनहरुको प्रतिपादनका साथै सेवाप्रवाहका लागि संयन्त्र र संस्थागत व्यवस्थाहरू स्थापित भएका छन् । संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने संवैधानिक परिकल्पना अनुरूप अधिकार र साझा अधिकारहरूको प्रयोग तथा भौगोलिक विविधता अनुरुप प्राकृतिक स्रोत सम्भाव्यताका आधारमा सामाजिक र पूर्वाधारजन्य विकासका आवश्यकताहरुको कार्यान्वयन गर्न सुनवल नगरपालिका सफल भएको छ ।

मुलुकमा सङ्घीयता कार्यान्वयन सँगै स्थानीय तहहरुबाट आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीयस्तरको आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत योजना बनाइ कार्यान्वयन भएका छन । ठूलो अपेक्षा र भरोसाका बीच स्थानीय सरकारका सम्बाहकका रूपमा रहेका यस नगरपालिकाका जनप्रतिनिधिहरुबाट यस अवधिमा जनताका समस्या सम्बोधन गर्न उत्साहप्रद कामहरु भएका छन । सङ्घीय संरचनाको प्रारम्भिक वर्षहरुको अभ्यास भएको कारण जनस्तरका आधारभूत आवश्यकता पूरा गर्न सकिने योजनाहरुको तर्जुमा एवम् कार्यान्वयनमा प्रशस्त कठिनाइहरुको सामना गर्नुपरेको अवस्था र कोभीड-१९ महामारीको जटिलता बीच अपेक्षाकृत उपलब्धी हासिल गर्न नसकिएको कारण नगरपालिकाले आगामी वर्षहरुमा निर्वाह गर्नुपर्ने भूमिकालाई थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

नगरपालिकाले आफ्नो आर्थिक—सामाजिक विकास मार्फत स्थानीय समृद्धि हासिल गर्न र गुणस्तरीय सार्वजनिक सेवा उपर नागरिकको पहुँच बढाउन संविधान प्रदत्त अधिकार क्षेत्रभित्रका विषयका विकास योजना तथा कार्यकमहरु निर्देशित गर्न आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । विकासको मध्यमकालीन तथा दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्धेश्यहरु, रणनीतिक कार्यक्रमहरु र आयोजनाहरुको छनौट, कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गरिने आवधिक योजनाबाट नगरपालिकामा उपलब्ध सीमित स्रोत साधनको अधिकतम प्रतिफल प्राप्त हुने गरी उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाउन सघाउ पुग्दछ । आर्थिक रणनीतिहरुको माध्यमले उच्चतम आर्थिक वृद्धिदर हासिल गर्दै अन्तरस्थानीय तहको प्रतिस्पर्धामा अगाडी बढ्न सार्वजनिक खर्चलाई प्राथमिकीकरणको सिद्धान्त अनुरुप पारदर्शी, जवाफदेहीपूर्ण तथा विश्वसनिय बनाउनुपर्ने हुन्छ।

संघ, प्रदेश र नगरपालिकाको आवधिक योजना बीच अन्तरसम्बन्ध कायम गरी नगरपालिकाले आवधिक योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र

प्रक्रिया सँग अनुकुल हुने गरी सहभागितामूलक रुपमा तर्जुमा गर्नुपर्ने हुन्छ । यसो गर्दा सुशासन, वातावरण, बालमैत्री, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनूकुलन र लैगिंक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित बिषयबस्तुहरुलाई सर्बोपरी मानी उत्पादनमूलक एवं छिटो प्रतिफल दिने, जीवनस्तर सुधार, लक्षित वर्ग हीत, रोजगारीका अवसरहरु सिर्जना, सांस्कृतिक तथा धार्मिक परम्पराको जर्गेनाजस्ता बिषयलाई प्राथमिकता दिइ योजनाहरु तर्जुमा गरिनुपर्छ । सङ्घीयताको कार्यान्वयन नयाँ अभ्यास भएको र नगरपालिकाले नीति र कानूनहरुको निर्माणलाई दिनुपर्ने प्राथमिकताका कारण नगरपालिकाको नेतृत्वको पहिलो कार्यकालमा योजना अनुशासनका यी पक्षहरुलाई सन्तोषजनकरुपमा निर्देशित गर्न सकिएको छ।

यस पृष्ठभूमिमा नगरपालिकाको स्थानीय स्रोत र साधनको समुचित उपयोग गर्दै दिगो विकासका लक्ष्य हासिल गर्नका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा लैजानु अपरिहार्य भएको छ । योजनाबद्ध विकासको परिपाटी अवलम्बन गर्दै स्रोत परिचालन तथा जनताको आवश्यकताको प्राथमिकीकरण गरि स्थानीय सुशासनको अनुभूति दिलाउन सुनवल नगरपालिकाले आफ्नो दीर्घकालिन सोच ***"कृषि, पर्यटन, प्राकृतिक स्रोत, उद्योग र ब्यापार समृद्ध सुनवलको बलियो आधार"*** अनुरुप लक्ष्य, उद्देश्य, रणनीति, विषयगत नीति, तथा कार्यक्रम र अपेक्षित प्रतिफलका दिशामा आफ्नो स्रोत व्यवस्थापनका लागि यो आवधिक योजना एक निर्देशक दस्तावेजका रुपमा रहनेछ ।

## १.२ सुनवल नगरपालिकाको बस्तुस्थिति विवरण

### १.२.१ अवस्थिति

लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको उत्तरी भूभागस्थित पूर्वपश्चिम राजमार्ग सँग जोडिएको सुनवल नगरपालिका १७३.५२ वर्ग किलोमीटर क्षेत्रमा फैलिएको छ । सुनवल बजार नगरपालिका केन्द्र रहेको यो नगरपालिका वि. सं. २०७१ मा स्थानीय प्रशासन अधिनियम अनुसार साबिकका दुई गाउँ विकास समितिहरु, स्वाठी र सुनवललाई मिलाएर बनाइएको र राष्ट्रिय राजनीतिक परिवर्तन पछि वि. सं. २०७३ मा तत्कालिन नवलपरासी जिल्लाको रामनगर क्षेत्र र साबिक धुर्कोट गाउँ विकास समितिको वडा नम्बर ६ सामेल गरी पुनःसंरचना गरिएको हो । समुद्र सतह बाट १३८ देखि १०२३ मीटरको उँचाइमा अवस्थित १३ वटा वडामा विभक्त नेपालको प्रथम बाल मैत्रीपूर्ण नगरपालिका सुनवलमा तराई र चुरेको केहि भाग र महाभारत पर्वतश्रृंखला समेत समेटिएको छ ।

यस नगरपालिकाको पूर्वमा सरावल गाउँपालिका, पश्चिममा देवदह नगरपालिका, उत्तरमा पाल्पा जिल्लाको सिमाना एवं दक्षिणमा रामग्राम नगरपालिका अवस्थित रहेका छन् । सुनवल नगरपालिका नजिकका मुख्य ब्यापारिक केन्द्रहरु बुटवल उपमहानगरपालिका र भरतपुर महानगरपालिका हुन । कालीगण्डकी करिडोर अन्तरगत नारायणी नदीको कंचन जलप्रवाहबाट सदियौं देखि सिंचित यस क्षेत्रमा विविध जातजाति, भाषाभाषी, धर्म संस्कृतिको समिश्रण पाइन्छ। नगरपालिकाको सिमा जोडिएको बौद्ध धर्माम्बलीका प्रसिद्ध रामग्राम र देवदह क्षेत्रलाई नेपालको धार्मिक तथा साँस्कृतिक


Location Map of Sunwal Municipality
Nepal
China
India
District
KALIKOT
JUMLA
DOLPA
MUSTANG
DAILEKH
JAJARKOT
KAILALI
RUKUM_W
RUKUM_E
MANANG
SURKHET
MYAGDI
BAGLUNG
BARDIYA
SALYAN
ROLPA
KASKI
PARBAT
BANKE
PYUTHAN
GULMI
DANG
SYANGJA
ARGHAKHANCHI
PALPA
KAPILBASTU
RUPANDEHI
NAWALPARASI_W
PALPA
NAWALPARASI_E
RUPANDEHI
NAWALPARASI_W
N
0 60 120 240 KM
Scale 1:100,000

महत्वको मुस्ताङक्षेत्र र अन्ततः चीनको स्वशासित क्षेत्र तिब्बतसँग छोटो तथा उपयुक्त स्थलमार्गले जोडने सम्भावना रहेको स्थलमार्गको विकास रणनीतिक महत्वको छ ।

समशितोष्ण हावापानी रहेको यस नगरपालिकाको धरातलीय स्वरूपले गर्दा हावापानीको प्रभाव दक्षिण पूर्वी मनसूनबाट प्रभावित देखिन्छ । यस नगरको औसत तापक्रम गर्मीमा २८ डिग्री देखि ४३ डिग्री सेल्सियस, र जाडोमा ५ डिग्री सेल्सियस देखि २८ डिग्री सेल्सियससम्म हुने गर्दछ । बार्षिक औसत २७५ मि.मि. वर्षा हुने यस नगरपालिकाको पहाडी र तराई भूक्षेत्रका वडाहरुमा पाइने वातावरणको विविधता पनि यस क्षेत्रको अर्को प्राकृतिक पहिचान हो ।

### १.२.२ प्राकृतिक सम्पदा र भू-उपयोग

सुनवल नगरपालिकाको कुल भूक्षेत्रफल १७३.५२ वर्ग किलोमिटर मध्ये साठी प्रतिशत भन्दा बढी जंगलक्षेत्र रहेको छ । प्राकृतिक सम्पदाका रूपमा वन जङ्गल, नदीनाला, नदीजन्य खानी तथा खनिज उपलब्धता रहेको छ । कुल भूभागमध्ये मध्ये बाँझो भूमि १.७५३ प्रतिशत, खेतीयोग्य भूमि ३४.४८५ प्रतिशत, बन भूमि ६०.५९३ प्रतिशत, घाँस भूमि ०.५९३ प्रतिशत र खोला क्षेत्र २.०३९ प्रतिशत रहेका छन।

चुरे, भित्री मधेस र तराईको भु—भाग यस नगरपालिकामा पर्ने भएकाले यहाँ पाईने बनस्पतिमा पनि विविधता रहेको छ । साल, साज, जामुन, तेजपत्ता लगायत औषधीजन्य बनस्पतीहरु कुरिलो, कपास, अमला, हर्रो, बर्रो आदी यस क्षेत्रमा पाईन्छन् । यहाँ सामुदायिक बनहरु प्रशस्त रहेका छन् भने ति सामुदायिक बनको नाम यहाँका बस्ती, ठाउँ र देवताको नामबाट राखिएको छ । तुरीया नदी, लौकेश्वर, बेलारी, मिश्रौली, बजरार खोला, पुसाहा खोला लगायत लगभग १४ वटा ताल तथा तलैयाहरु आदीले यस क्षेत्रको जमिनलाई सिंचित गरी उत्पादनयोग्य गराइरहेका छन् । यस नगरपालिकामा लगभग ७० ठाउँमा प्रतिक्षालय, पाटिपौवा, टोल चौतारा आदी रहेका छन् ।

सुनवल बजारबाट करिब ११ किलोमिटर उत्तरमा रहेको महाभारत उच्च शृङ्खलामा अवस्थित सांस्कृतिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण महालपोखरी, सुनवलबाट ३ किलोमिटर उत्तरमा रहेको बेलारी मगर समुदायको नगर, नाडुवा टोलमा अवस्थित सोमनाथ बाबा मन्दिर (सुनवलको सबैभन्दा पवित्र क्षेत्र मध्ये एक), प्रगति बाल उद्धान पार्क, रामवापुर नगरमा अवस्थित कृष्णको मूर्ति, विभिन्न सिमसार क्षेत्र समशितोष्ण हावापानी रहेको पाईन्छ ।

### १.२.३ जनसंख्या

राष्ट्रिय जनगणना २०७८, प्रारम्भिक प्रतिवेदन अनुसार सुनवल नगरपालिकाको कुल जनसंख्या ७२ हजार ६२१ रहेको छ, जसमा पुरुष ३४ हजार ३१६ र महिला ३८ हजार ३०५ रहेको छ। जम्मा घरधुरी संख्या १५८७१ रहेको छ। सुनवल नगरपालिका डिजिटल सर्भे २०७७ अनुसार यस नगरपालिकामा कुल घरधुरी संख्या १५०८३, जनसंख्या ७१००३ जसमा पुरुष ३६३६२ र महिला ३४६११ रहेको छ । जसमध्ये सबैभन्दा धेरै घरधुरी र जनसंख्या वडा नं १२ मा छ भने सबैभन्दा थोरै घरधुरी र जनसंख्या वडा नं. १० मा रहेको छ । त्यसैगरी यस नगरपालिकामा जग्गा

स्वामित्वको लालपुर्जा नभएकाको संख्या ४ हजार २४० रहेको छ । यस नगरपालिकामा पुरानो बसोबास भएको जनसंख्या ४७ हजार ९८९ रहेको र बसाईसराई गरेर आएको जनसंख्या २२ हजार ९८४ रहेको छ । आर्थिक रुपमा सक्रिय जनसंख्या (१५ देखि ६८ वर्ष उमेर समुह) १० हजार १९५ रहेको छ । जातजातीको आधारमा सबै भन्दा धैरे जनजाती २३८३३, त्यसपछि क्रमसः ब्राह्मण २०,४७८, दलित ८१७७, क्षेत्री ६७२२, मधेसी ५६२२, अन्य ५०९८, मुस्लिम १०७३ रहेका छन् । त्यस्तै सबैभन्दा बढी हिन्दुधर्म मान्ने जनसंख्या (६४६११) भने त्यसपछि बौद्ध (३९६०) रहेका छन। केहि संख्यामा मुस्लिम र इसाई पनि रहेका छन ।

जनसंख्याको प्रवृत्ति विश्लेषणमा सहयोग हुने दृष्टिकोणले डिजिटल सर्भे २०७७ अनुसारको घरधुरी तथा जनसंख्या सम्बन्धी वडागत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा नं | घरधुरी | जनसंख्या | | | | साक्षर जनसंख्या |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | जम्मा | |
| १ | १,२३६ | २७१२ | २५४७ | ३ | ५२६२ | ४५७३ |
| २ | ९०० | २२१७ | २१०२ | ४ | ४३२३ | ३४०३ |
| ३ | १०५६ | २४५१ | २३०४ | ६ | ४७६१ | ४३३९ |
| ४ | १४०९ | ३२९७ | ३२४८ | ३ | ६५४८ | ५९१९ |
| ५ | ८८३ | २१४२ | १९८७ | ३ | ४१३२ | ३४७३ |
| ६ | ९६५ | २१८१ | २०५६ | ० | ४२३७ | ३३३० |
| ७ | १४७५ | ३४६२ | ३३२० | १ | ६७८३ | ५६२९ |
| ८ | ९७० | २२७८ | २२२१ | २ | ४५०१ | ३६११ |
| ९ | १०२५ | २८६६ | २६३१ | ५ | ५५०२ | ४१७९ |
| १० | ७६८ | १८१७ | १७३८ | ० | ३५५५ | ३०८७ |
| ११ | १३६३ | ३३५२ | ३२०५ | ३ | ६५६० | ५३७२ |
| १२ | १६७१ | ४२७८ | ४०९१ | ० | ८३६९ | ७०६० |
| १३ | १३६२ | ३३०९ | ३१६१ | ० | ६४७० | ५३२२ |

श्रोतः सुनवल नगरपालिका डिजिटल सर्भे, २०७७

## १.२.४ कृषि तथा खाद्य सुरक्षा

सुनवल नगरपालिकाका बासिन्दाको मुख्य पेशा तथा ब्यवसाय परम्परागत कृषि तथा पशुपालन रहेको छ । तराई, भावर र चुरे क्षेत्रको भुभाग पर्ने भएकाले यहाँको जमिन कृषियोग्य र उब्जाउ रहेको छ । यो नगरपालिका धान, मकै र गँहुको पकेट क्षेत्र हो त्यसै गरी नगदेबालीका रुपमा तोरी र उखु खेति पनि हुन्छन।

कृषि पेशामा आबद्ध नगरपालिकाको जनसंख्या १५,९९४ (करिब २२.५%) रहेको छ भने कृषि एग्रोभेट ६ वटा, कृषक समुह १३ वटा, कृषि सहकारी ९ वटा, ताजा तरकारी फर्म १० वटा,

तरकारी नर्सरी ५ वटा, फलफुल नर्सरी १ वटा, गाइ फर्म १४ वटा, भैंसी फर्म १५ वटा, बाख्रा फर्म ५ वटा, कुखुरा फर्म ४ वटा तथा माछा फर्म १ वटा रहेका छन । कुल खेतियोग्य जमिन ६०१२ हेक्टर रहेकोमा ५५०० हेक्टर जमिनमा खेती गरिएको छ भने करीब ४००० हेक्टर जमिनमा सिंचाई पुगेको छ ।

### १.२.५ भू-स्वामित्व तथा उर्जा

यस नगरपालिकामा घरजग्गा दुवैमा स्वामित्व भएको घरधुरी संख्या ११०२४, जग्गा जमिनमा स्वामित्व भएको घरधुरी संख्या २३८८ र जग्गा जमिनमा स्वामित्व नभएको घरधुरी संख्या २९४० रहेको देखिन्छ । इन्धनको रुपमा एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ६७६१, दाउरा प्रयोग गर्ने घरधुरी २८९८ र गोबरग्याँस प्रयोग गर्ने घरधुरी संख्या १६३ रहेका छन् । त्यसैगरी बिजुली प्रयोग गर्ने घरधुरी संख्या ९६११, सौर्य ऊर्जा प्रयोग गर्ने घरधुरी ३८ तथा जैविक ग्याँस प्रयोग गर्ने घरधुरी १७८ रहेका छन् ।

यस नगरपालिकाको कुल घरधुरीमध्ये मोबाइल सुबिधा भएको घरसंख्या ८७२२, टेलिफोन सुविधा भएको घरसंख्या २१८, इन्टरनेट सुविधा भएको घरसंख्या २२२३ रहेको छ ।

### १.२.६ शिक्षा तथा स्वास्थ्य

यस नगरपालिकामा आधारभूत स्वास्थ्य सेवा केन्द्र ९ वटा, स्वास्थ्य चौकी ३ वटा, सहरी स्वास्थ्यकेन्द्र १, बर्थिंग केन्द्र १ वटा तथा १ वटा अस्पताल रहेका छन् ।शिक्षा तर्फ ५७ वटा शैक्षिक संस्थाहरु रहेका छन । यहाँ प्रा.वि. तहमा अध्यनरत बिद्यार्थीको संख्या १०,६८१, नि.मा.वि. तहमा ११,२९१, मा.वि. तहमा ११,९३४, उच्च मा.वि. तहमा ९८८७, स्नातक तहमा ३४५३, स्नातकोत्तरमा १०६३ रहेको छ ।

नगरपालिका भित्र पाइपधारा मार्फत् खानेपानी प्रयोग गर्ने घरधुरी संख्या ४७४९ (४७.८१ प्रतिशत) रहेको छ र हाते पम्प तथा ट्युबवेल बाट पानीको प्रयोग गर्ने संख्या पनि ४७ प्रतिशत कै हाराहारीमा रहेको छ ।

### १.२.७ उद्योग तथा वाणिज्य

यस नगरपालिकामा लक्ष्मी स्टिल फ्याक्ट्री, बुटवल सिमेन्ट उद्योग, सर्वोत्तम सिमेन्ट लिमिटेड र पाल्पा सिमेन्ट जस्ता ठूला उद्योगहरु रहेका छन ।साथै यहाँ तीनवटा डिस्टिलरी कारखाना रहेका छन । त्यसै गरी परम्परागत सीपमा आधारित तथा फर्निचर सम्बन्धी साना तथा घरेलु उद्योगहरु पनि रहेका छन् । यस नगरपालिकाको अर्थतन्त्र व्यापार, सेवा र उद्योगको वरिपरि केन्द्रित छ। परम्परागत बजारमा हप्तामा दुई पटक आइतवार र मंगलबार हाटबजार लाग्छ। सेवामा आधारित अर्थतन्त्र र बैंकिङ क्षेत्रहरूमा रोजगारीमा संलग्न हुनेहरूको संख्या बढ्दो छ ।

यहाँ करिब एक दर्जन बैंक तथा वित्तीय संस्था सञ्चालनमा छन् । पाँच दर्जनभन्दा बढी सङ्ख्यमा रहेका सहकारी संस्थाले सरोकारवालाहरूबीच आर्थिक तथा लगानीको अवसर अभिवृद्धि गर्न र ग्रामीण क्षेत्रको उत्थानमा भूमिका खेल्दै आएका छन् ।

यँहा रहेका उद्योगहरुले स्थानीय जनताका लागि केही रोजगारीको अवसरहरु सृजना गर्दै आएका छन् ।सुनवल बजारको छेउमा नै रहेको लुम्बिनी चिनी उद्योग, नेपालको ठूला चिनी कारखानाहरुमध्येको एक हो । तर आर्थिक घाटा तथा विभिन्न आन्तरिक समस्याका कारण विगत केही वर्षदेखि बन्द छ । यस उद्योगलाई संचालनमा ल्याउन सकिएको खण्डमा यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा ठूलो टेवा पुर्याउने देखिन्छ ।

### १.२.८ पर्यटन

भारतसँगको अन्तर्राष्ट्रिय सिमाना तथा महेशपुर भन्सार नाका संगको सामिप्यता र भुमही–भैरहवा बाइपास सडक हुँदै सिद्धार्थनगरसँग जोडिएको क्षेत्र भएकाले, यो नगरपालिका त्रिवेणी धार्मिक तथा पर्यटकीय स्थलको प्रवेशद्वार हो । यसै गरी यो नगरपालिका रामग्राम स्तूपा, त्रिवेणी, तानसेन, कपिलवस्तु र लुम्बिनी पर्यटकीय क्षेत्रसँग जोडिएको छ । यस नगरपालिकाको मुख्य पर्यटकीय स्थलको रुपमा महल पोखरी, देवी मन्दिर, उत्तरायण कृष्ण मन्दिर, कृष्ण धाम, देवदह पोखरी, बैरगनाथ शिवालय, कोटियामाई मन्दिर, बौद्धविहार गुम्बा, सोमनाथ मन्दिर, सिमसार ताल. बाबा बर्दगोरिया र ओम्करेस्वर महादेव रहेको छ । **“सुनवल हिल पार्क”** निर्माणाधीन अवस्थामा रहेको छ जुन नयाँ पर्यटकीय गन्तव्य बन्ने सम्भावना रहेको छ।

## १.३ नगरपालिका सम्वृद्धिको आधार

नगरपालिकाको सोच “कृषि, पर्यटन, प्राकृतिक स्रोत, उद्योग र ब्यापार; समृद्ध सुनवलको बलियो आधार” अनुरुप सबै प्रकारका स्रोतको उपयोग गरी उद्योग र ब्यापारको प्रवर्द्धन गर्ने तथा कृषि र पर्यटनलाई आर्थिक अवसरका रुपमा रुपान्तरण गर्ने उद्देश्य राखेर नगरपालिकाले सोहि अनुरुप रणनीतिहरु निर्माण गर्दै लगेको छ। यस आवधिक योजना पनि नगरपालिकाको यसै सोचमा आधारित भएर निर्माण गरिएको छ । यस नगरपालिकाले यहाँ रहेका प्राकृतिक, सामाजिक तथा आर्थिक स्रोतको परिचालन गर्दै समृद्धिका लक्ष्यहरु हासिल गर्न निम्न आधारहरु स्थापित गरिएको छ ।

### १.३.१ वाणिज्य क्षेत्रको प्रभाव विस्तार र लगानी

यस नगर क्षेत्रमा सिमेन्ट र चिनी मिल उद्योगको संचालन भइरहेको तथा बढदो सहरीकरण र पूर्वाधारहरुको निर्माणका लागि गरिने सामाग्री आपूर्तिका कारण आर्थिक क्षेत्र चलायमान भएको अवस्था छ । वित्तीय संस्थाहरुको लगानी तथा कारोबारमा देखिएको उत्साहजनक परिणामलाई स्थानीय पूँजी परिचालनसँग जोड्नका लागि लगानीक्षेत्रको पहिचान गरिनुपर्ने आवश्यकता छ । वाणिज्य क्षेत्रको प्रभाव विस्तारमा नगरबासीको आर्थिक लगानीले दिर्घकालिन अवसरहरु सृजना हुने देखिन्छ ।

### १.३.२ राजमार्ग केन्द्रित अवस्थिति र चुस्त सडक संजालको रणनीतिक उपयोग

तराईको समतल भूभागमा अवस्थित यो नगरपालिकाको दक्षिणक्षेत्रका वडाहरु रामग्राम नगरपालिका तथा सरावल गाउँपालिका सँग जोडिएका छन । भारतसँगको सिमासँग जोडिएका कारण दक्षिण

क्षेत्रमा रहेका स्थानीय बासिन्दाका लागि सिमावर्ती व्यापारिक लाभको अवसर छ । यस नगरपालिकाको सबै वडाहरु बाह्रै महिना संचालन हुने सडक संजालले जोडिएका छन । लुम्बिनी प्रदेशका नजिकका प्रमुख शहरहरु बुटवल र भैरहवा तथा बागमती प्रदेशको भरतपुर महानगरपालिकाको सामिप्यताका कारण सडक संजालको रणनीतिक उपयोग गर्दै यस क्षेत्रमा उत्पादन हुने कृषि तथा उद्योगजन्य बस्तुहरुको बजार पहुँच सरल बनाउन सकिन्छ ।

### १.३.३ सघन कृषि तथा नगदे बाली

नगरक्षेत्रभित्रै कृषिभूमिको उपलब्धता र अनुकुल हावापानीका कारण दलहन र तेलहनको सघनरुपमा व्यवसायिक उत्पादन र अन्य कृषिजन्य उत्पादनहरु विकास गर्न सकिने उच्च सम्भावना रहेको छ । तोरी खेति हुने हुँदा तेल उत्पादन गर्न सकिने र उत्पादित तेल स्थानीय बजारमै खपत हुने सम्भावना रहेको छ। त्यसै गरी केराको व्यवसायिक खेति र व्यवसायिकरुपमा माछापालनमा लगानी वृद्धि गरी थप फाइदा लिन सकिन्छ ।

### १.३.४ औद्योगिक उत्पादनको बजारीकरण तथा धार्मिक, ऐतिहासिक पर्यटन प्रबर्द्धन

प्रसिद्ध रामग्राम र देवदहक्षेत्र लाई नेपालको धार्मिक तथा साँस्कृतिक महत्वको मुस्ताङ क्षेत्र र तथा तिब्बतसँग जोडिने छोटो स्थल मार्ग संग जोड्न सकिने हुँदा धार्मिक तथा संस्कृतिक पर्यटक बढाउन सकिने सम्भावना रहेको छ । त्यसैगरी यस क्षेत्रमा उत्पादित सिमेन्ट र अन्य औद्योगिक उत्पादनले उत्तरी सिमावर्ती क्षेत्रको आपूर्तिमा योगदान गरी आर्थिक समुन्नति ल्याउने सम्भावना छ।

## १.४ योजना तर्जुमाका मार्गदर्शक आधारहरु

संविधानको धारा ५७ ले स्थानीय तहको अधिकार संविधानको अनुसूची —८ मा उल्लेखित विषयमा रहने र त्यस्तो अधिकारको प्रयोग स्थानीयतहले बनाएको कानून बमोजिम हुने भनेको छ । त्यसैगरी अनुसुची ९ मा स्थानीय तह, प्रदेश र संघको १५ वटा साझा अधिकार सम्बन्धि व्यवस्था छ । जस अनुसार संघको अधिकार क्षेत्रमा सञ्चालन हुने क्रियाकलाप बाहेकका अधिकांश विषय क्षेत्रमा स्थानीय तहले ऐन, नियम तथा कार्यविधि बनाई लागू गर्ने, स्थानीय विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र अनुगमन तथा नियमन गर्ने अधिकार प्रदान गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगर वा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा नगरपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरिएको छ ।

- नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने ।

- योजनाका मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गर्नुपर्ने ।
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धीजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनुपर्ने ।
- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने ।
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो बार्षिक कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनुपर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनुपर्ने ।

त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ र १७ ले राजस्व बाँडफाँट, प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, बैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरु कार्यान्वयन गर्न वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र मध्यमकालिन खर्च संरचना समेत तयार गर्नुपर्ने व्यबस्था गरेको छ । अर्को तर्फ, पन्ध्रौ योजनाले प्रदेश तथा स्थानीय तहहरू बीच अन्तरसम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । अन्तराष्ट्रिय रुपमा प्रतिबद्धता जाहेर गरेका दिगो विकासका लक्ष्यहरु हासिल गर्न नगरपालिकाहरुले आ—आफ्ना तहबाट सघाउनुपर्ने हुन्छ । आवधिक योजना तजुर्मा देहायका नीतिगत दस्ताबेजहरुबाट समेत निर्देशित रहेको छ ।

- दिगो विकासका लक्ष्यहरू
- लुम्बिनी प्रदेशको आवधिक योजना
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ (राष्ट्रिय योजना आयोग)
- सुनवल नगरपालिकाको आर्थिक र विनियोजन ऐनहरु

## १.५ आवधिक योजना तर्जुमा प्रकृया

योजना तर्जुमा गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४(५) को सहभागिता सम्बन्धी प्रावधानहरु अनुरुप स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङख्यक, अपाङ्ता भएका व्यक्ति, ज्येष्ठ नागरिक

लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा पाँचवटा बिषयगत समितिमा छलफल गरिएको थियो । आवधिक योजना तर्जुमा गर्दा देहाएका प्रक्रियाहरुलाई अवलम्बन् गरिएको छ ।

### १.५.१ दस्तावेजहरूको अध्ययन

यस अन्तरगत योजना तर्जुमा निर्माण सम्बन्धी प्रमुख दस्तावेजहरु पन्ध्रौं योजना, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना, राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रदेशको वस्तुस्थिति विवरण २०७५, विभिन्न मन्त्रालय तथा बिभागहरुले प्रकाशन गरेका प्रतिवेदनहरुमा उल्लेखित प्रावधनहरुको अध्ययन गरिएको थियो । साथै राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेका प्रतिवेदनहरु, प्रदेश सम्बन्धी सूचनाहरु तथा नगरपालिकाको बस्तुगत विवरण, स्थानीय ऐन नियम तथा अन्य विविध पक्षहरूको अध्ययन तथा विश्लेषण गरिएको थियो ।

### १.५.२ योजना तर्जुमा पूर्वतयारी बैठक

सुनवल नगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, र सूचना अधिकृतसँग छलफल गरी योजना प्रक्रिया अगाडि बढाउने बारे छलफल गरिएको थियो। साथै निर्देशक समिति र विषयगत समिति गठन तथा अन्य व्यवस्थापकीय तयारी सम्बन्धी विस्तृत रूपमा छलफल गरी आवधिक योजना निर्माणको विस्तृत कार्ययोजना पेश गरिएको थियो ।यसै सिलसिलामा, मिति २०७८ पौष १९ गते सुनवल नगरपालिकाका प्रमुख संग छलफल गरी आवधिक योजना सम्बन्धि अभिमुखीकरण कार्यशाला गोष्ठी सम्बन्धी योजना तय गरिएको थियो ।

### १.५.३ योजना अभिमुखिकरण कार्यशाला गोष्ठी

नगरपालिकाको आवधिक योजना तर्जुमा विधि प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यशाला गोष्ठी २०७८ पौष २१ र २२ गते संचालन गरीएको थियो । उक्त कार्यशाला गोष्ठीमा परामर्श दाता संस्थाले पेश गरेको कार्ययोजना पास गर्ने, निर्देशक समितिको गठन गर्ने, समन्वय समितिको गठन गर्ने तथा आवधिक योजना निर्माणको मुख्य उद्देश्य र यसले समग्र नगरपालिकाको विकासमा पार्ने प्रभावको बारेमा छलफल गरिएको थियो । गोष्ठीमा आवधिक योजना बनाउँदा अपनाउने प्रक्रियाहरु तथा क्रियाकलापहरूको बारेमा विस्तृत रूपमा छलफल गरिनुका साथै सूचनाहरु व्यवस्थित ढंगले संकलन गर्ने बारे छलफल गरिएको थियो ।

### १.५.४ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण

योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्याङ्क संकलनका लागि विभिन्न वडा समितिको पहलमा वडास्तरिय परामर्श बैठकहरुको संचालन २०७८ पौष अन्तिम साताबाट सुरु गरिएको थियो। जसमा स्थानीय जनताको प्रतिनिधिमूलक सहभागिता रहेको थियो। बिभिन्न क्षेत्रका प्रतिनिधिहरु तथा सरोकारवालाहरुसंग परामर्श गरी नगरपालिकाको विविध पक्षहरु जस्तै कृषि, उद्योग, वित्तीय संस्था, जलश्रोत आदिको बारेमा सूचना संकलन गरिएको थियो। यसैगरी वडा क्षेत्रमा रहेका समस्या, चुनौती तथा अवसरहरु पहिचान गरि सम्भावना बोकेका आवश्यक क्षेत्रहरूको बारेमा सूचना तथा तथ्याङ्क

संकलन गरिएको थियो। नगरपालिकाका सबै वडाहरुबाट सहभागिता मुलक ढंगबाट तथ्याङ्क संकलन गरिएको थियो।

### १.५.५ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण

योजना तर्जुमाको क्रममा समग्र वस्तुस्थितिबारेको विश्लेषणका लागि SWOT विश्लेषण गरी वडातहबाट समस्या तथा सम्भावना पहिचान गरिएको थियो। सबै वडामा लक्षित समुह छलफल संचालन गरी वडाको वस्तुस्थिति समस्या, चुनौति, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख योजना तथा कार्यक्रमहरुका सम्बन्धमा राय तथा सुझाब संकलन गरिएको थियो ।

### १.५.६ आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी विषयगत क्षेत्रका सरोकारवालाहरूको सहभागितामा मिति २०७८ माघ ८ देखि १० गतेसम्म आयोजना गरिएको थियो । कोभिड–१९को महामारीलाई ध्यानमा राखी कार्यशालामा सानो समूहमा छलफल गरिएको थियो । केहि छलफलहरु अनौपचारिक रुपमा पनि गरिएको थियो। नगरपालिकाको प्रत्येक शाखाका कर्मचारीहरु संग माघ ११ र १२ गते छुट्टाछुट्टै छलफल गरी आधार तथ्यांक संकलन र विश्लेषण गरिएको थियो।कार्यशालाबाट विषय क्षेत्रगत समस्या, अवसर, चुनौति तथा सम्भावनाहरुको वस्तुपरक विश्लेषणका आधारमा विशेषगत लक्ष्य तथा परिमाण सूचक निर्धारण गरी ती लक्ष्य तथा सूचक हासिल गर्न अवलम्बन गरिनुपर्ने रणनीति तथा कार्यनीतिहरु, प्रमुख कार्यक्रमहरु र अनुमानित लागत समेटेर मस्यौदा तयार गरिएको थियो ।

### १.५.७ मस्यौदा प्रमाणीकरण कार्यशाला

आवधिक योजनाको पहिलो मस्यौदा तयार भई सकेपछि नगरपालिकाका प्रतिनिधिहरु तथा कर्मचारीहरु र राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत विज्ञहरु तथा सरोकारवालाहरुको सहभागितामा मस्यौदा प्रमाणीकरण कार्यशाला मिति २०७८ चैत्र १३ गते संचालन गरिएको थियो । मस्यौदा उपर विस्तृत रूपमा समीक्षा भइ सहभागीहरुबाट प्राप्त सुझाव र सल्लाहको आधारमा मस्यौदालाई थप परिमार्जित गरिएको छ ।

### १.५.८ अन्तिम प्रतिवेदन स्वीकृत

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, मस्यौदा प्रमाणीकरण कार्यशालाबाट प्राप्त सुझाव तथा विषय विज्ञहरू संगको परामर्श तथा छलफलका क्रममा प्राप्त सुझावको आधारमा तयार भएको सुनवल नगरपालिकाको प्रथम पाँच वर्षे आवधिक आयोजना (२०७९/८०–२०८३/८४) को अन्तिम दस्ताबेज २०७८/१२/२३ गते नगर कार्यपालिकामा पेश गरिएको र २०७८/१२/२५ कार्य सम्पन्न पत्र पालिकाले दिएको छ ।

## १.६ तथ्यांक परिसीमन

आवधिक योजना तर्जुमाको क्रममा नगर तहमा रहेका संस्थाहरुबाट तथ्याकं संकलन गरिंदा कतिपय आवश्यक तथ्याकंहरुको अभाव रहेको देखियो। उपलब्ध तथ्याकंहरु स्रोतपिच्छै फरक पाइएको

भएता पनि प्राप्त तथ्याकंलाई पुनः प्रमाणीकरण गरी योजना तर्जुमाका लागि प्रयोग गरियो। योजना तर्जुमा गर्न नगरपालिकाको डिजिटल प्रोफाइल, नगरपालिका सम्बन्धी विभिन्न दस्ताबेजहरु र पूर्वाधार सम्बन्धी आयोजनाहरुबाट प्राप्त तथ्याकंको आधारलाई लिएर बिषयगत क्षेत्रहरुको लक्ष्य निर्धारण गरिएको छ। थप तथ्यांकहरुका लागि संघीय तथा प्रदेश स्तरको अध्ययन तथा अनुसन्धानका प्रतिवेदनहरुलाई आधार मानिएको छ ।

## १.७ विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र

नगरपालिकाले प्रस्तुत आवधिक योजना तर्जुमा गर्दा निम्न पक्षलाई महत्व दिएको छ।

- योजना तर्जुमाको अवधारणात्मक विषयबस्तुको ज्ञान र सीप (conceptual clarity) ;
- तथ्याङ्क व्यवस्थापन विधि ( data management) ;र
- विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र।

Goal achieving cycle अनुरुप नगरपालिकाको बस्तुस्थिति विश्लेषण र अवसर तथा चुनौतिहरुको समीक्षाका साथ नगरपालिकाले लिएको सोचका आधारमा विषयगत लक्ष्यहरु निर्धारण गरी उद्धेश्यहरु स्थापित गरिएका छन । उद्धेश्यहरुका लागि विषयगत नतिजाहरु निर्माण गरिएको र नतिजाहरु प्राप्त गर्नका लागि कार्यक्रमहरु निर्धारण गरिएका छन ।

# परिच्छेद- २ - विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थिति विश्लेषण

बालमैत्री शासन लागु भएको सुनवल नगरपालिकाले संघीय शासन प्रणालीको प्रादुर्भाव पश्चात पहिलो आ. व. २०७४।७५ को अत्यन्त संक्षिप्त बाहेक आ. व. २०७५।७६ देखि आ. व. २०७८।७९ सम्मको चारवटा वार्षिक नीति तथा कार्यक्रम ल्याइ कार्यान्वयन गरेको छ । आधारभूत सेवा सुविधा उपर नगरबासिको पहुँच बढाउन वडा कार्यालयहरुको क्षमता बढाउँदै लगेको यस नगरपालिकाले विगत चार वर्षमा लिएका नीति तथा कार्यक्रमहरुको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## २.१ आर्थिक क्षेत्र

वाणिज्य क्षेत्रको बिस्तार तथा उद्योगहरुको स्थापना मार्फत आर्थिक क्षेत्रलाई चलायमान बनाउन बिगतका नीति तथा कार्यक्रमहरुले कृषिलाई महत्व दिइ व्यवसायिक खेती तथा कृषक प्रोत्साहन कार्यक्रमहरु संचालन भएका छन। आर्थिक समृद्धिका लागि बेरोजगारी न्युनिकरण गर्ने, भौतिक पूर्बाधारहरुको द्रुत निर्माण गर्ने र सार्वजनिक सेवा प्रवाहको गुणस्तर वढाउदै सार्वजनिक उत्तरदायित्व सुनिश्चित गरी सुशासन कायम गर्न आ. व. २०७५।७६ मा वार्षिक ९२ करोड बाट शुरु भएको वजेटको परिमाण आ. व. २०७८।७९ मा १ अर्ब २८ करोड पुगेको छ। आ. व. २०७५।७६ मा पूर्वाधार तर्फमात्र १३० गरी कुल २९० वटा कार्यक्रम संचालन भएको थियो। प्रत्येक आ. व. मा साना र मझौला गरी १५० वटा पूर्वाधारका गरी करिव ४५० वटा मध्यम तथा ठूला योजनाहरु सम्पन्न भएको र सोका लागि प्राविधिक जनशक्ति व्यवस्थापन हुँदै आएको छ ।

यस अवधिमा कृषि उत्पादनमा भएको बृद्धि अनुमान सम्बन्धी अद्यावधिक तथ्यांकहरु उपलब्ध छैनन । तथापी वार्षिक कृषि उत्पादन धान, मकै गहुँ क्रमसः १४८००, ४६००, ६२० मेट्रिक टन रहेको पाइन्छ। कृषकहरुको व्यवसायिक क्षमता विकासका लागि तालिम, गोष्ठीहरु आयोजना गर्दै किसानको व्यवसायिक ज्ञान, सीप र क्षमताको विकास गरिने काम अगाडी बढेको छ। नगरपालिकामा बालीलाई आवश्यक मल, बिउबिजन तथा प्रविधिको व्यवस्था गरिंदै आएको छ। कृषि उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनबाट कृषि उत्पादनमा वृद्धि भएको छ। नगरक्षेत्रमा रहेका बाँझो जग्गाको तथ्यांक संकलन गरी बाँझो जग्गाको पूर्ण उपयोगका लागि कार्यविधि बनाइ कार्यान्वयन भएको छ । वडा नं. २ को सहकारी शीतभण्डार भवन निर्माण सम्पन्न भएको छ। सुनवल नगरपालिका र भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सहकार्यमा सुनवल न.पा. वडा नं. ९ प्रगति मा.वि.को जग्गामा कृषि अनुसन्धान केन्द्र निर्माणका लागि तारबार र बाटो निर्माणको काम सम्पन्न भएको छ ।

## २.२ सामाजिक क्षेत्र

सवै वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न हुँदै गरेका छन। महिला स्वास्थ्य स्वयंसेविकाहरूमा उत्प्रेरणा जागृत गर्न महिला स्वास्थ्य स्वयंसेविका कल्याण कोषका साथै सेवा निबृत्ति सुविधाको व्यवस्था गरिएको छ। बहुक्षेत्रीय पोषण कार्यक्रम प्रभावकारी रुपमा संचालनमा आएको छ। नगरपालिका भित्रका हरेक दम्पत्तिको पहिला दुई सन्तानका लागि मात्र हुने

गरी सुत्केरी आमाहरूलाई ३५ दिनभित्र वच्चाको जन्म दर्ता गराएपछि प्रत्येक पटक रु. २०००। पोषण खर्च उपलब्ध गराइएको छ। आर्थिक वर्ष २०७६।७७ देखि यस नगरपालिकाका नागरिकको मृत्यु भएमा ३५ दिनभित्र निज मृतकको मृत्युदर्ता गराउने परिवारलाई मृतकको मृत्युसंस्कार खर्च वापत प्रति घटना रु. ५०००। उपलब्ध गराउदै आएको छ। आफ्नै क्षेत्रमा चिकित्सकीय सेवामा पहुँच बढाउन सुनवल नगरपालिका वडा नं. ५ वनकट्टीमा १५ शैयाको प्राथमिक अस्पताल सञ्चालनमा छ ।

शिक्षा तर्फ महाकवि देवकोटा उ.मा.वि. को नमूना विद्यालय सम्वन्धी डीपीआर स्वीकृत गरी रु. १ करोड ५० लाखमा विद्यालय निर्माण कार्य भईरहेको छ। सवै बाल वालिकालाई आधारभूत तहसम्म शिक्षा उपलव्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि आवश्यक पर्ने पूर्वाधार विकास, सुचना प्रविधि, शैक्षिक सामग्री, विज्ञान प्रयोगशाला लगायत शिक्षकको दरबन्दी मिलान गरिएको छ। दलित बालबालिकाहरुलाई छात्रवृत्ति, निःशुल्क शैक्षिक सामग्री तथा विद्यालय पोशाकको व्यवस्था गरिएको छ।

उद्योग तथा रोजागरी अन्तर्गत, नगरका सबै वडाहरुमा महिला उद्यम केन्द्र निर्माण सम्पन्न भई, उद्यम केन्द्र संचालन तथा व्यवस्थापन समिति मार्फत १५०० जनाले सिलाई कटाइ तालिम र ८३० जनाले मखमली जुत्ता बनाउने तालिम प्राप्त गरेका छन। त्यसैगरी करेसा बारी तालिम संचालन गरिएको छ भने हाल सम्म १७१ जना युवा युवतिहरुले लाइट ड्राइभिङ तालिम प्राप्त गरेका छन ।

अशक्त जेष्ठ नागरिक तथा अपांगता नागरिकलाई सम्बन्धित वडा कार्यालयले समन्वय गरी सामाजिक सुरक्षा भत्ता घर दैलोमा गई प्रदान गरिने कामको सुरुवात भएको छ। एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, सीमान्तकृत र लोपोन्मुख समुदायका लागि राज्यको तर्फबाट भएको सामाजिक सुरक्षाको व्यवस्थालाई कार्यान्वयनमा उच्च प्राथमिकता दिइ यातायात, स्वास्थ्य र शिक्षा सेवा निःशुल्क गर्ने कार्यको सुरुवात गरिएको छ । एकल महिला, हिंसा तथा द्वन्द्व पीडित महिला र पछाडि पारिएका महिलाहरुको लागि सशक्तिकरण कार्यक्रम संचालन गरिएका छन। सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने प्रबन्ध गरिएको छ।

नेपालकै पहिलो बालमैत्री स्थानीय शासनयुक्त नगरपालिकाको छवीलाई कायम राख्न बालमैत्री स्थानीय शासनको दिगोपनाको रणनीतिक योजनाअनुसार महिला, बालबालिका तथा समाजकल्याणका कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ। विपन्न, दलित, जनजाति, बालश्रममा परेका, अभिभावक विहीन, गरीव एवम् जेहेन्दार बालबालिकाहरूलाई छात्रवृत्ति र उपमेयर छात्रा प्रोत्साहन, नगरपालिका प्रतिभा पहिचान जस्ता कार्यक्रम सञ्चालनमा रहेका छन। खानेपानी तथा सरसफाई तर्फ, WASH Profile निर्माण गरी WASH Plan कार्यान्वयनमा लगिएको छ ।

## २.३ भौतिक पूर्वाधार

सुनवल नगरपालिकाको विगतका वर्षका नीति तथा कार्यक्रम र वजेटका आधारमा यस नगरका धुर्कोट फेदी लगायतका विकट बस्तिहरूलाई नगरको केन्द्रसँग सहज पहुँच बढाउन सडक सञ्जालको विकास गरिएको छ। यस्ता सडकहरूको स्तरोन्नति गरी नगरस्तरको सडक सञ्जालको विकास भएको छ । त्यसै गरी सुनवल महलपोखरी हुदै पाल्पा रामपुर काली गण्डकी कोरिडोर देखि तनहुँ जोड्ने सडक, भुमही बेबेरे मिजादमार हुँदै गण्डकी प्रदेशको विनयी त्रिवेणी गाउंपालिकाको वडा नं. ५ देउराली, हुदै पाल्पा रामपुरसम्म जोड्ने सडक निर्माण कार्य अगाडी बढाईएको छ।त्यसै गरी सुनवल परासी सडकलाई ४ लेनमा विस्तार गर्ने योजना, हुलाकी सडक तथा बुद्ध सर्किटको लिंक मार्गको रूपमा रहेको सुनवल ७ ज्यामिरे अस्नैया अरनिको बस्ति हुँदै रामपुर चौराहा सडक निर्माण कार्य पनि अघि बढेको छ । एकभन्दा बढी स्थानीय तह तथा अन्तर प्रदेश पहुँच बढाउने व्यापारिक तथा व्यवसायिक उपयोगिता भएका रणनीतिक सडकहरूलाई प्राथमिकताका साथ सम्बन्धित निकायहरूसँगको समन्वयमा निर्माण कार्य अगाडी वढाइएको छ।यसका साथै सुनवल रिङ्गरोड, सुनवल बनाहा बेलारी सडक, भुमही जर्गाहा सडक, तुरिया अटोभिलेज जाने सडक, देवकोटा स्कुल कीर्तिपुर हुँदै वडा नं. १३ को घ्यूडल्ला जोडने सडक, ज्यामिरेहुँदै वडा नं. ८ रामपुर जोड्ने सडक लगायतका अन्तर वडा कनेक्टीभिटी बढाउने सडकहरूलाई उच्च प्राथमिकतामा राखी निर्माण तथा स्तरोन्नति भइरहेको छ ।

भवन तथा वस्ती निर्माण तर्फ, सुनवल नगरपालिकाको दिगो विकासलाई आधार मानी राष्ट्रिय भवन संहिताका साथै सुनवल नगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड २०७५ कडाइका साथ लागु गरिएको छ। सुनवल नगरपालिकाको प्रशासनिक भवन र हिल पार्क निर्माण कार्य अगाडी बढाइएको छ । खेलकुद विकासतर्फ, सहिद स्मृति रंगशालामा पूर्वाधार निर्माणका लागि कम्पाउण्ड निर्माण सम्पन्न भएको छ । विपन्न आवास कार्यक्रम अन्तरगत वडा नं. १ मा द्रुपतिया चमार, वडा नं. ७ हरिबहादुर गुरुङ र वडा नं. १३ मा हरिबहादुर चेपाङहलाई भवन निर्माण गरी हस्तानतरण गरिएको छ ।

## २.४ बन, वाताबरण तथा विपद् व्यवस्थापन

नगरपालिकाको मुख्य वजार केन्द्रका रूपमा रहेका सुनवल वजार क्षेत्र र भुमही वजारक्षेत्रबाट प्लाष्टिक मुक्त क्षेत्र अभियानको शुरुआत गरिएको छ। सुनवल नगरपालिकाको वडा नं. ४, मच्छरमारा स्थित हाल फोहरमैला व्यवस्थापन भइरहेको स्थानमा ल्याण्डफिल्ड साइट निर्माण गर्न आवश्यक जग्गा प्राप्ति गरिएको छ ।

नगरपालिका तथा वडा स्तरिय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी एवं ब्यवस्थित बनाइएको छ । नगरपालिकामा भूकम्प, असिना, आगलागी, डुवान, बाढी, सर्पको टोकाई, चटयाङग जस्ता प्रकोप व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोष संचालन गरिएको छ।नगरपालिकाबाट प्रत्येक वडालाई

विपद् व्यवस्थापनको लागि बजेट छुट्टाइएको छ ।त्यस्तै सार्वजनिक बाँझो जमिनमा वृक्षारोपण गर्ने अवधारणा अघि सारिएको छ।

## २.५ संस्थागत विकास र सुशासन

आन्तरिक आयको वृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइएको छ। पाँच लाख भन्दा माथिको कुल लागत भएका प्रत्येक योजनामा अनिवार्य रूपमा सार्वजनिक सूचनापाटीमा राख्ने व्यवस्था गरिएको छ।

सेवा प्रवाहको लागि आवश्यक न्यूनतम प्रशासनिक खर्च व्यवस्थापन सहित प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्च कटौती गर्दै लगिएको छ। प्रभावकारी सेवा प्रवाह तथा सुशासन प्रवर्द्धनका लागि नगरपालिकाको संगठन संरचना स्वीकृत गरी हरेक वडावाट सेवा प्रवाह गरिएको छ। नगरपालिकामा विभिन्न शाखा उपशाखा तथा फाँटहरुवाट सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ। नगरपालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन भएका छन।त्यसै गरी विभिन्न ७४ वटा स्थानीय कानूनहरुको निर्माण गरी कार्यान्वयनमा रहेको छ ।

सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीति कार्यान्वयन गर्न कार्यपालिका सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक गरिएको छ। जनतालाई दिइने सेवालाइ चुस्त र सरल वनाउनका लागि सबै वडा कार्यालयहरूलाई इन्टरनेटको माध्यमबाट जोडिएको छ। अनलाइन व्यक्तिगत घटना दर्ताको कार्य सबै वडाहरुमा विस्तार गरिएको छ । स्थानीय सरकारबाट प्रदान गरिने सेवालाइ जनउत्तरदायी बनाउन पालिका र प्रत्येक वडा कार्यालयहरूमा नागरिक वडापत्र, सुशासन हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण, अनुगमन संयन्त्र र कार्यप्रणालीलाई पारदर्शी वनाउँदै पालिकाको वेवसाईट निरन्तर अद्यावधिक गरिएको छ ।

## २.६ बजेट विश्लेषण

नगरपालिकालाई उल्लेख्य स्रोत नेपाल सरकार राजश्व वाँडफाँड, वित्तिय समानीकरण अनुदान लगायत अन्य अनुदान, प्रदेश सरकारबाट प्राप्त सबै प्रकारका अनुदान र शुल्कको वाँडफाँड बाट प्राप्त भएका छन। लगानीलाई  मूलरुपमा सडक, यातायात, कृषि, बन, जडिबुटी, पर्यटन र उद्योग तथा शिक्षा स्वास्थ्य क्षेत्रमा प्रवाह गरिएको छ। संरचनागत रुपमा स्थानीय स्रोत परिचालनमा उल्लेख्य सुधार हुन नसक्दा अधिकांश लगानी सङ्घीय तथा प्रदेश सरकारमा निर्भर रहेको छ ।

प्रारम्भिक वर्षहरुमा सानो परिमाणमा रहेको आन्तरिक राजस्व श्रोत आ. व. ०७८।०७९ सम्म आइपुग्दा रु २० करोडको हाराहारीमा पुगेको देखिन्छ । संघीय, प्रदेश तथा अन्य बजेट अन्तरगत वार्षिक रु १ अर्ब भन्दा बढीको श्रोत परिचालन हुँदै आएको छ । वार्षिक बजेट ६० देखि ७० प्रतिशत सम्म खर्च भएको देखिन्छ । कुल खर्चमा चालु खर्चको अंश ६० प्रतिशतको हाराहारीमा छ । नगरपालिकाले तर्जुमा गरेका पछिल्ला सबै बजेटहरु नाफा बजेट रहेका छन। वडास्तरीय सेवाहरु वडाहरुबाट प्राप्त भएपनि खर्च सम्बन्धी कामहरु कार्यपालिका कार्यालयबाट भई आएको छ

। लेखा व्यवस्थित गर्न लेखा प्रणाली प्रयोग गरिएको छ । संघीय  तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरु आर्थिक वर्ष संगै वृद्धि भएको छ तर श्रोत प्राप्तिका सम्बन्धमा अनुमान योग्य हुन सकेको छैन ।

# परिच्छेद ३ - योजना खाका

## ३.१ पृष्ठभूमि

नेपालको संविधानले तिनै तहका सरकारहरूको अधिकारलाई सूचीकृत गरेको छ। यस्तो अधिकारको प्रयोग गर्दा तीन तहका सरकार वीच सहकारिता, सहअस्तित्व र समन्वय कायम गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ। संघ, प्रदेश र स्थानीय तहबीच कार्य जिम्मेवारीको बाँडफाँडका आधारमा नै आवश्यक श्रोतको समेत व्यवस्था गरेको छ।योजनाबद्ध ढंगले विकासका कार्ययोजना अगाडी बढाई नगरपालिकालाई समृद्ध बनाउने लक्ष्यहरु स्थानीय नीतिहरुमा प्राथमिकता साथ उल्लेख गरिएको छ । आर्थिक रणनीतिहरुको माध्यमले उच्चतम आर्थिक वृद्धिदर हासिल गर्दै अन्तरस्थानीय तहस्तरको प्रतिस्पर्धामा अगाडी बढ्न सार्वजनिक खर्चलाई प्राथमिकीकरणको सिद्धान्त अनुरुप पारदर्शी, जवाफदेहीपूर्ण तथा विश्वसनिय बनाइ अगाडी बढ्नु पर्ने आवश्यकता नगरपालिकाले महशुस गरेको छ। यसै सन्दर्भमा लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले (आधारपत्र २०७६/७७-२०८०/८१) आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट निर्माण र कार्यान्वयन चरणमा एकरुपता तथा समन्वय कायम गर्ने नीति लिएको छ । त्यसै गरी पन्ध्रौं योजनाको (२०७६/७७ - २०८०/८१) राष्ट्रिय सोच र लक्ष्य हासिल हुने गरी स्थानीय तहमा समन्वयात्मक, नतिजामुखी र सबल योजना तर्जुमा पद्धतिको विकास गर्ने पृष्ठभूमिमा नगरपालिकाले उपलब्ध साधन श्रोतको उपयोग र योजना अनुशासन कायम गर्दै दिगो विकासका लक्ष्य हासिल गर्नका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा लैजानु अपरिहार्य भएको छ ।

## ३.२ अवसर र चुनौती

अवसर

स्थानीय बासिन्दाको चाहनालाई सम्बोधन गर्न, आर्थिक सामाजिक विकास हासिल गर्न देहायका मूख्यमूख्य अवसरहरु उपलब्ध छन। विषयक्षेत्रगत अवसरहरु विस्तृतमा सम्बन्धित अध्यायमा उल्लेख गरिएका छन ।

- स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु पाँच वर्षको पहिलो कार्यकाल पूरा हुँदै छ। ठूलो अपेक्षा र भरोसाका बीच स्थानीय सरकारका रूपमा रहेका स्थानीय तहका जनप्रतिनिधिहरुबाट यस अवधिमा जनताका समस्या सम्बोधन गर्न स्थानीय नेतृत्व सक्षम भएको छ ।
- प्रदेशको राजधानी, संघीय राजधानी तथा भारतका विभिन्न शहरहरुमा यातायातको सहज पहुँचले गर्दा विकास निर्माणको लागत कम खर्चिलो छ भने आवागमनको सहजताले गर्दा यस क्षेत्रमा उत्पादन भएका सामग्रीहरुले सहज ढंगमा बजार पाउन सकेका छन ।
- नजिकका मुख्य व्यापारिक केन्द्रहरु बुटवल उपमहानगरपालिका र भरतपुर महानगरपालिकामा स्थानीय उत्पादनको लागि बजार उपलब्ध छ ।

- कुल उपलब्ध क्षेत्रफलको उल्लेख्य प्रतिशत खेतीयोग्य जमिन रहेको हुँदा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि र कृषिक्षेत्रको आधुनिकीकरण र व्यवसायिकरण गर्न सकिने सम्भावना छ ।
- ६० प्रतिशत भन्दा बढी बन क्षेत्र रहेकाले बन पैदावार सम्बन्धी उद्योगको प्रसस्त सम्भावना भएको ।
- ठुला चिनी उद्योग, सिमेन्ट उद्योगहरु रहेकाले रोजगारी वृद्धि तथा उत्पादित सामानको निर्यात गरि आर्थिक लाभ लिन सकिने ।
- भारतको सिमावर्ती क्षेत्रका व्यापारिक सहरको आर्थिक गतिविधिहरुको लाभ लिन सकिने देखिन्छ ।
- सामुदायिक विकास सम्बद्ध समूहहरु सकृय छन र सामाजिक विकासमा तीनको योगदान भइआएको छ ।
- वित्तीय संस्थाहरुको सङ्ख्या उल्लेख्य रहेका तथा आर्थिक गतिविधि चलयमान रहेको छ ।
- नगरक्षेत्रको जनसङ्ख्या बनौट मिश्रित र समावेशी रहेको छ ।
- बुद्ध जन्मस्थल सम्बन्धित तथा अन्य धार्मिक पर्यटन र भैरहवा गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल सञ्चालनबाट पर्यटनक्षेत्रमा आर्थिक अवसरहरु सृजना हुने देखिन्छ। चितवन राष्ट्रिय निकुन्ज पर्यटन प्रवर्द्धन सम्बन्धी गतिविधि र वाल्मिकी आश्रमको धार्मिक पर्यटन सँग सम्बन्धित आन्तरिक पर्यटन तथा बजार विकासको संभावना रहेको छ। नीजिक्षेत्रको लगानी पर्यटन क्षेत्रमा बढ्दो छ ।
- बालमैत्री नगरपालिकाको रुपमा स्थापित साखले बालबालिका सम्बन्धी विकास परियोजनाहरुका लगि स्रोत जुट्ने सम्भावना छ ।

चुनौती

नगरपालिकाको आर्थिक समृद्धि हासिल गर्ने सिलसिलामा देहायका मूख्यमूख्य चुनौती रहेका छन । विषयक्षेत्रगत चुनौतीहरु विस्तृतमा सम्बन्धित अध्यायमा उल्लेख गरिएका छन ।

- युवाहरूलाई कृषि पेशा तर्फ आकर्षित गर्ने काम बर्तमान सामाजिक बनौट र कृषि शिक्षाको कमजोरीका कारण सरल छैन ।
- सिमित श्रोत र साधनको प्रयोगबाट सवै खेतीयोग्य जमिनमा सिंचाईको व्यवस्था तथा अन्य आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्न कठिन ।
- सिमेन्ट लागयत अन्य औद्योगिक उत्पादनबाट हुने प्रदुषण न्यूनीकरण र वातावरण संरक्षण ।
- मानव पूँजी निर्माणका लागि शिक्षा र स्वास्थ्यको गुणस्तर सुधार गर्नको साथै पछिल्लो चरणमा फैलिएको ऋइख्क्ष्मज्ञढ तथा अन्य सरुवा रोगको संक्रमण नियन्त्रण गर्न आर्थिक स्रोत र जनशक्ति उपलब्ध हुन नसक्नु ।
- अन्धविश्वास, कुरीति तथा महिला हिंसा घटनाहरुमा कमी ल्याई शान्ति सुरक्षा कायम राख्नु ।

- वर्षेनी आइपर्ने विपद्हरुसँग सामना गर्दै धनजनको नोक्सानी हुनबाट बचाउनु र यी विपद्हरुसँग सामना गर्नको निमित्त उचित संयन्त्र निर्माण गर्नु ।
- नगरपालिकाले दिने सेवा तथा अन्य कार्यहरुलाई छिटो छरितो ढंगले सम्पन्न गरी सरकारी सेवा जनमैत्री बनाउनु तथा विकासका आयोजनाहरु समयमा नै सम्पन्न नहुने प्रवृत्तिको अन्त्य गर्नु साथै भ्रष्टाचार मुक्त नगरपालिका बनाउनु ।
- अवैज्ञानिक तथा जथाभावी वस्ती विकासले अव्यवस्थित सहरीकरण बढ्दै जानु ।

## ३.३ दिगो विकासका लक्ष्यहरु सँग आवधिक योजनाको तादम्यता

दिगो विकास लक्ष्य सन् २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मूलन गरी न्यायपूर्ण र सुरक्षित विश्व निमार्ण गर्ने परिकल्पना हो। दिगो विकास लक्ष्यको सफल कार्यान्वयन सबै तहका सरकारको क्रियाशीलताबाट मात्रै हुन सक्दछ। यसमा पनि सेवा प्रवाह, स्थानीय पूर्वाधार विकास लगायतका कार्य स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएको र दिगो विकास लक्ष्य हासिल गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहेको छ। तीनै तहका सरकारहरूलाई संविधान र कानूनद्वारा प्रदत्त कार्य जिम्मेवारी मध्ये सेवा प्रवाह, सुशासन र स्थानीय पूर्वाधार विकास लगायतका कार्यहरू स्थानीय तहको प्रमुख कार्यक्षेत्र हुन। दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने क्रममा सूचक लक्ष्य हरु हासिल हुने किसिमले योजना तर्जुमा र लगानी व्यवस्थापनको महत्वपूर्ण अभिभारा समेत स्थानीय तहमा रहन गएको छ ।

शुन्य गरिबी, भोकमरीको अन्त्य, सम्मानित काम तथा आर्थिक उन्नति, असमानताको न्यूनीकरण जस्ता दिगो विकासका लक्ष्यहरुलाई सुनवल नगरपालिकाको आवधिक विकास योजना तर्जुमा गर्दा आन्तरिकीकरण गरी नेपालले अन्तराष्ट्रिय स्तरमा जनाएका दिगो विकास लक्ष्य सम्बन्धी प्रतिबद्धता पूरा गर्न आवधिक योजनामा निम्न कुराहरु समाहित गरिएको छ :-

- नागरिकको मौलिकहकका सम्बन्धमा स्थानीय तहमा रहेको सार्वजनिक सेवाको महत्वपूर्ण जिम्मेवारी,
- स्थानीय श्रोत साधनको अधिकतम परिचालन,
- दिगो विकास लक्ष्यलाई स्थानीय परिवेश अनुसार प्राथमिकीकरण,
- जनसहभागिताको प्रवर्द्धन,
- श्रोतको दोहोरोपनको न्यूनीकरण ।

## ३.४ राष्ट्रिय पन्ध्रौं योजनाको सोच

पन्ध्रौं राष्ट्रिय योजनाले लिएका सोच ,उद्देश्य र रणनीतिहरु देहाय बमोजिम रहेका छन ।

राष्ट्रिय सोचः

*"समृद्ध नेपाल, सुखी नेपाली"* सम्मुन्नत, स्वाधीन र समाजबाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वास्थ्य, शिक्षित, सम्मानित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।

राष्ट्रिय उद्धेश्यः

१। सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च दिगो र समाबेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै सम्वृद्धिको आधार निर्माण गर्नु।

२। गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वास्थ्य तथा सन्तुलित बातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यबस्थाको सुदृढिकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयाँपनको अनुभुती गराउनु।

३। सामाजिक-आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु ।

राष्ट्रिय रणनीति:

१। तीव्र, दिगो र रोजगारमुलक आर्थिक वृद्धि गर्ने ।

२। सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने ।

३। आन्तरिक तथा अन्तरदेशीय अन्तर आवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने ।

४। उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

५। पूर्ण दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।

६। गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने ।

७। प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने ।

८। संघीय शासन प्रणालीको सुदृढीकरण र सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने ।

## ३.५ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य

लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनाको दीर्घकालीन सोच

**“ समृद्ध प्रदेशः खुशी जनता ”**

उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि प्रयाप्त आम्दानी, आधारभूत भौतिक सुबिधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनता ।

<u>प्रादेशिक लक्ष्य</u>

समाजबाद उन्मुख, सामाजिक न्यायमा आधारित, समाबेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु ।

<u>प्रादेशिक योजनाको उद्देश्य</u>

सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिवी निवारण गर्नु ।

प्रथम प्रादेशिक योजनाका रणनीतिहरु:

१. कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिदर बढाउने ।

२. आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्ने ।

४. सामाजिक समावेशिता र लैंगिक समता प्रवर्द्धन गर्ने ।

५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलित विकास गर्ने ।

६. विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने ।

## ३.६ नगरपालिकाको दीर्घकालीन सोच

“कृषि, पर्यटन, प्राकृतिक स्रोत, उद्योग र ब्यापार समृद्ध सुनवलको बलियो आधार”

सुनवल नगरपालिकाको दीर्घकालिन सोच सामान्यतः आवधिक योजना अवधिभित्र प्राप्त हुने अवस्था नभई दुई तीन दशक अवधिसम्मको आदर्श कल्पनाको रुपमा तय गरिएको छ । नगरपालिकाको यस दीर्घकालिन सोच निर्धारण गर्दा नगरपालिकामा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरु, बिषयगत शाखाका कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु लगायत सरोकारहरुवालाको सहभागिता र आमसहमतिको आधारमा सकेसम्म नगरपालिकाको समष्टिगत पक्षलाई झल्काउने गरी तय गरिएको छ ।

## ३.७ नगरपालिकाको लक्ष्य

"गुणस्तरीय आधारभूत शिक्षा तथा स्वास्थ्य सेवा उपर पहुँच बढाउँदै कृषि, पर्यटन तथा वाणिज्य प्रवर्द्धनद्वारा नगरबासीको आर्थिक अबस्थामा बाञ्छित सुधार ल्याउने”

## ३.८ नगरपालिकाको विकासको उद्धेश्यहरु

सुनवल नगरपालिकाले शान्त, समृद्ध र समतामूलक समाजको स्थापनाको दीर्घकालिन सोच र सोही अनुरुप लक्ष्यहरु निर्धारण गरेको परिप्रेक्षमा आवधिक योजना कार्यान्वयनबाट उपलब्धी हासिल हुने क्रममा देहायका उद्धेश्यहरु पूरा हुनेछनः—

- वाणिज्य विकास तथा व्यवसायिक कृषि उत्पादनमा वृद्धि
- आधारभूत गुणस्तरीय स्वास्थ्य र शिक्षामा स्थानीय बासन्दिाको पहुँच बढाउनु
- वातावरण मैत्री पूर्वाधार विकासको माध्यमद्वारा पर्यटन लगायत आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्नु
- प्राकृतिक स्रोतको दिगो उपयोग एवं विपद् व्यवस्थापनद्वारा जीवनयापनलाई सुरक्षित बनाउनु
- दक्ष मानव स्रोतको विकास संगै सुशासनको अभिवृद्धि गर्नु

## ३.९ परिमाणात्मक लक्ष्य

आवधिक योजना अवधिमा हासिल गरिने समष्टिगत परिमाणात्मक लक्ष्य तल तालिकामा उल्लेख गरिएको छ। मानव विकास सूचकाङ्क, आर्थिक बृद्धिदर, निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या, औषत आयु, प्रतिब्यक्ति बार्षिक आय जस्ता स्थानीय तहले उपलब्धी योगदान गर्ने सूचकहरुको आधारबर्षको नगरपालिकास्तरको तथ्याकं उपलब्ध हुनसक्ने अवस्था छैन।

यस प्रदेशका १२ वटा जिल्ला र ३२ नगरपालिकाहरु मध्ये तराइक्षेत्रका अन्य नगरपालिकाहरुको तुलनामा सुनवल नगरपालिकाको आर्थिक सामाजिक अवस्था औसत भन्दा माथी रहेको अनुमान छ । सुनवल नगरपालिकाको आवधिक लक्ष्यहरु प्रदेश आवधिक योजनाले आ.व. २०८०/०८१ सम्म हासिल गर्ने भनी लिएको लक्ष्य भन्दा सामान्यतया बढी हुनसक्ने आधारहरु रहेको छ। यसर्थ लुम्बिनी प्रदेशले आ. व. २०८०/०८१ सम्म हासिल हुने भनी लिएका लक्ष्यहरु हासिल गर्दै थप दुई आ. व. मा हुनसक्ने उपलब्धी अनुमान गरी आवधिक योजनाको अन्तिम वर्ष आ. व. २०८३/०८४ सम्मको सुनवल नगरपालिको परिमाणात्मक लक्ष्यको प्रक्षेपण गरिएको छ ।

| सूचक | आधार बर्ष (२०७५/७६) को प्रादेशिक अवस्था | ०८०/०८१ प्रादेशिक लक्ष्य | ०८३/०८४ नगरपालिका लक्ष्य |
|---|---|---|---|
| मानव विकास सूचांक | ०.५१ | ०.६३ | ०.६३ |
| आर्थिक वृद्धिदर (%) | ७.४ | ९.५ | १० |
| निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या (%) | १८.२ | १० | १० |
| प्रति व्यक्ति वार्षिक आय (अमेरीकी डलर) | ८०३ | १६०० | १६०० |
| कृषि क्षेत्रको वृद्धिदर (%) | ६.३ | ६.८ | ७.० |
| आफ्नो उत्पादनबाट १० देखि १२ महिनासम्म खान पुग्ने परिवार (%) | ३५.६ | | ५० |
| आफु खाएर कृषि उपज बेच बिखन गर्ने घर परिवार (%) | ३.५ (७७/७८) | | ७ |
| बेरोजगारी (%) | ११.२ | ६ | ६ |
| सुरक्षित तबरबाट खानेपानी सुबिधा पुगेको घरपरिवार (%) | ९५ | १०० | ९९ |
| जन्मदाको अपेक्षित औसत आयु (बर्ष) | ६९.३ | ७२ | ७२ |
| साक्षरता दर १५ देखि ४९ बर्ष (कुल जनसंख्याको %) | NA | ७९.४ | १०० |

(श्रोतहरु: लुम्बिनी प्रदेश प्रथम आवधिक योजना, सुनवल IUDP रिपोर्ट २०७५, सुनवल डिजिटल सर्भे, २०७७)

## ३.१० मुख्य मुख्य रणनीति

- वाणिज्य क्षेत्रको विस्तार र उद्यमशीलता विकासबाट रोजगारीको अवसर सृजना गर्ने ।
- खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने ।
- पर्यटन व्यवसायलाई उद्योगका रूपमा विकास गर्न निजी लगानी अभिवृद्धि गर्दै व्यवसायीलाई लगानी गर्ने वातावरणको सिर्जना गर्ने ।
- समुदायलाई सहकारीमा संगठित हुन प्रेरित गरी उनीहरुको आर्थिक अवस्थामा सुधार गर्न बैंकिङ क्षेत्रलाई आर्थिक विकासको एक प्रमुख साझेदारको रुपमा विकास गर्ने ।
- गुणस्तरीय प्रविधि तथा सीपमूलक उच्च शिक्षामा जोड दिने ।
- नगरवासीलाई उपलब्ध स्वास्थ्य सेवाको गुणस्तर बढाउने ।
- युवा वर्गको क्षमता विकास गरी उनीहरुलाई सामाजिक, अर्थिक र खेलकुद गतिविधिमा संलग्न गराउने ।
- उपेक्षित, उत्पीडित, सीमान्तीकृत, अल्पसङ्ख्यक तथा अति विपन्न वर्ग र समुदायलाई सम्बोधन गर्ने गरी रोजगारमूलक तथा क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गर्ने।
- सडक संजाललाई पक्कि सडक तथा पुल निर्माण गर्ने तथा नगर यातायात संचालन र व्यवस्थापन प्रणाली सुदृढ वनाउने ।
- पूर्वाधारहरुको विकास गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई अवलम्बन गर्ने।
- सामुदायिक सहभागितामा वन पैदावारको उत्पादन, जैविक विविधता र भू तथा जलाधारको संरक्षण गर्ने ।
- फोहरमैला व्यवस्थापनमा स्थानीय समुदायसंगै निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।
- विपद् व्यवस्थापनको लागि संस्थागत संरचना विकास तथा विस्तार गर्ने ।
- नगरपालिकाद्वारा प्रदान गरिने सेवा, सुविधालाई सरल तथा गुणस्तरीय वनाउँदै सेवाग्राही मैत्री एवम विद्युतिय सुशासनद्वारा सेवा प्रदान गर्नेतर्फ अग्रसर हुने ।

### ३.१०.१ मुख्य मुख्य कार्यनीतिहरु

यस आवधिक योजनाका रणनीतिहरु प्राप्तिका निमित्त मुख्य मुख्य कार्यनीतिहरु देहाय बमोजिम रहेका छनः

- कृषिको व्यवसायिकरण, कृषक मैत्री प्रविधि र यान्त्रिकरणलाई प्रोत्साहन तथा प्रर्वद्धन गरिनेछ ।
- कृषि उत्पादन वृद्धिका लागि आवश्यक कृषि पूर्वाधारको स्थापना र प्राविधिक जनशक्ति तयार गरिनेछ ।

- स्थानीय स्रोत साधनमा आधारित उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी उद्योगको स्थापनामा जोड दिइनेछ ।
- उद्योग स्थापना गर्न आवश्यक पर्ने लगानी अभिवृद्धिको लागि उद्यमीहरुलाई वित्तीय संस्था मार्फत सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ ।
- पर्यटकीय स्थानहरुको संरक्षण तथा प्रचारप्रसार गरिनेछ ।
- प्रविधिमैत्री शिक्षामा जोड दिईनेछ ।
- शिक्षाको गुणस्तर कायम गर्न पर्याप्त जनशक्ति, क्षमता विकास, शिक्षण सामाग्री बितरण गरिनुका साथै बिद्यालयहरुको नियमित अनुगमन गरिनेछ ।
- अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य संस्थाहरुको क्षमता वृद्धि गरिनेछ, हरेक वडा मा स्वास्थ्य चौकी निर्माण गरिनेछ ।
- स्वास्थ्य संस्थामा प्रयाप्त जनशक्ति तथा क्षमता विकासको व्यवस्था गरिनेछ ।
- महिला सीप विकास तालिम तथा महिला उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ।
- दलित, उत्पीडित वर्गको लागि बजार मागमा आधारित वस्तु तयार गर्न हस्तकला, नर्सरी व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्रमा सीप तथा श्रोत हस्तान्तरण गरी उत्पादित वस्तुको बजारीकरणलाई सुनिश्चित गरिनेछ र आर्थिक सबलीकरण गरिनेछ।
- नगरपालिका भित्र नै खेल प्रशिक्षण, तालिम तथा खेलाडीहरुलाई आवश्यक खेल सामाग्री उपलब्ध गराईनेछ।
- सरसफाई तथा फोहरमैला व्यवस्थापनको लागि छुट्टै संयन्त्र निर्माण गरी नगर सरसफाई अभियान संचालन गरिनेछ ।
- नगरपालिकाको सबै बस्तिहरुमा भईरहेको सडकहरुको स्तरोन्नति गरिनेछ ।
- सीमान्तकृत, लोपोन्मुख, दलित र अति बिपन्नका लागी एकीकृत बस्तिको अवधारणा अघि बढाइनेछ ।
- सिंचाइ प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरुको श्रोत सहितको सहभागितामा, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिनेछ।
- स्थानीयहरुलाई विपद् प्रतिकार्यको लागि क्षमता अभिवृद्धि गर्न प्रशिक्षण दिइनेछ ।
- नगरपालिका भित्र गुनासो सुनवाई कक्ष स्थापना गरिनेछ तथा सहयोग कक्षलाई परिस्कृत गरिनेछ ।
- सेवा प्रदायकको सामाजिक जवाफदेहिता अभिवृद्धि गर्न सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई गरिनेछ।
- नगरपालिकाको तथ्यांकहरु अद्यावधिक गरी वेवसाइटमा व्यबस्थित गरिनेछ ।

## ३.११ प्रमुख कार्यक्रमहरु

- कृषि यान्त्रिकरण तथा बजारीकरण,
- कृषि चिस्यान तथा शित भण्डार केन्द्र स्थापना तथा स्तरउन्नती,
- स्थानीय सीपमा आधारित रोजगारी कार्यक्रम,
- व्यवसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम,
- युवा उद्यम विकास कार्यक्रम,
- पर्यटन पूर्वाधार विकास,
- धार्मिक पर्यटन प्रबर्द्धन कार्यक्रम,
- विद्यालय क्षेत्र सुधार कार्यक्रम,
- प्राविधिक शिक्षा र प्रविधिको प्रयोग,
- विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम,
- बालमैत्री विकास कार्यक्रम,
- अपाङ्ता भएका व्यक्तिका लागि विशेष कार्यक्रम,
- सुरक्षित मातृत्व कार्यक्रम,
- स्वास्थ्य चौकीहरुको निर्माण तथा स्तरोन्नती कार्यक्रम,
- गरिब तथा बिपन्न बर्गलाई निशुल्क स्वास्थ्य बिमा,
- महिला नेतृत्व विकास तथा महिला सशक्तीकरण कार्यक्रम,
- दलित, उत्पीडित क्षमता अभिवृद्धि तथा उत्थान स्वरोजगार कार्यक्रम,
- खेल पूर्वाधार निर्माण (खेल मैदान स्तर उन्नती, रंगशाला, कभर्ड हल)
- फोहरमैला संकलन तथा व्यवस्थापन,
- सडक कालोपत्रे, सडक स्तरोन्नति तथा नियमित सडक मर्मत संभार,
- पक्कि पूल र कल्भर्ट निर्माण तथा मर्मत संभार,
- जनता आवास कार्यक्रम,
- भूमिगत सिंचाई योजना,
- सामुदायिक बन संरक्षण कार्यक्रम,
- बजार क्षेत्र तथा खाली जमिनमा वृक्षारोपण कार्यक्रम,
- विपद् प्रतिकार्य टोली क्षमता विकास कार्यक्रम,
- वडा कार्यलयहरूको स्तरोन्नती गरी सेवा प्रवाहलाई सहज र सुलभ,

- गुनासो सुनुवाई प्रणाली विकास, सहायता कक्ष क्षमता वृद्धि
- स्थानीय सुरक्षा सुदृढीकरण कार्यक्रम,
- स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम

## ३.१२ नतिजा खाका

| क्र.सं | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| १ | कृषि क्षेत्रको उत्पादन तथा व्यवसायिकतामा अभिबृद्धि भएको हुनेछ | वार्षिक धान उत्पादन | मे. टन | १४८०० | २०००० |
| | | वार्षिक गहुँ उत्पादन | मे. टन | ४६०० | ७००० |
| | | मकै उत्पादन | मे. टन | ६२० | १००० |
| | | वार्षिक तोरी उत्पादन | मे. टन | २८० | ३५० |
| | | वार्षिक फलफुल उत्पादन | मे. टन | ४१० | ७०० |
| २ | घरेलु तथा साना उद्योग तथा व्यवसायको वृद्धि भएको हुनेछ | साना तथा घरेलु उद्योग संख्या | संख्या | ३४०० | ४००० |
| ३ | पर्यटकीय क्षेत्रको प्रवर्द्धन र पर्यटन व्यवसायमा गुणात्मक सुधार भएको हुनेछ | पर्यटक (आन्तरिक) | संख्या | ४००० | १५००० |
| | | पर्यटक (बाह्य) | संख्या | ५०० | २००० |
| ४ | विद्यालय शिक्षाको गुणस्तर र पहुँचमा बृद्धि भएको हुनेछ | साक्षरता दर | प्रतिशत | ८३.५१ | १०० |
| | | विद्यालय भर्ना भएका मध्ये बालविकासबाट कक्षा १ भर्ना | प्रतिशत | ७५.५ | १००% |
| | | कक्षा छोड्ने विद्यार्थी (कक्षा ६-१२) | प्रतिशत | ३ | ० |
| ५ | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार भएको हुनेछ | आधारभूत स्वास्थ सेवा केन्द्र | संख्या | ९ | १३ |
| | | चिकित्सक तथा ओपीडी सहितको अस्पताल | संख्या | ० | २ |

| क्र.सं | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| | | प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गर्ने महिला | प्रतिशत | ६१.३ | १०० |
| ६ | नियमित तथा सुरक्षित खानेपानी प्रणालीको विकास र फोहरमैला तथा सरसफाई को उचित व्यवस्थापन गर्ने | सुरक्षित सुविधायुक्त | प्रतिशत | ३६ | ७५ |
| | | पूर्ण सरसफाइको सूचक पुरा भएको घरधुरी | प्रतिशत | ५३.८ | ९० |
| | | चर्पी भएको घरधुरी | प्रतिशत | | १०० |
| | | नगरपालिकाले फोहर मैला संकलन गर्ने घरधुरी | प्रतिशत | ८४.२ | १०० |
| ७ | गुणस्तरीय सडकको निर्माण गरी स्थानीय जनजीवन सहज बनाइनेछ । | पक्की सडक | कि.मि. | १७५ | २५० |
| ८ | वन तथा जैविक विविधता संरक्षण तथा दिगो उपयोग भएको हुनेछ | वन जङ्गलले ओगटेको क्षेत्र | प्रतिशत | ६०.२ | संरक्षण गर्ने |
| ९ | सेवा प्रवाह तथा जवाफदेहिताको अवस्थामा सुधार भएको हुनेछ । | सेवाग्राहीले सेवा प्राप्त गर्न लाग्ने औषत समय | मिनेट | १५ | १० |
| | | समयमै सम्पन्न हुने स्थानीय आयोजना | प्रतिशत | ७५ | १०० |
| | | वस्तीस्तरबाट योजना तर्जुमा प्रक्रियामा सहभागिता | जना | ३००० | ५००० |

## ३.१३ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा अन्नबाली (धान, मकै, गहुँ) को उत्पादन ५० प्रतिशत भन्दा बढीले बढेको हुनेछ, साना तथा घरेलु उद्योगको संख्या ४००० पुगेको हुनेछ । यसै गरी आन्तरिक पर्यटकको संख्या १५००० पुगेको हुनेछ, १५ देखि ४९ उमेर समुहको साक्षरता शत प्रतिशत भएको हुनेछ, आधारभूत स्वास्थ्य सेवा हरेक वडामा लागु गरिएको हुनेछ ।योजना अवधिमा शत प्रतिशत घरधुरीबाट ब्यबस्थित रुपमा फोहर संकलन भएको हुनेछ, त्यसै गरि २५० कि. मि. सडक पक्कि भएको हुनेछ । वन क्षेत्रको संरक्षण गर्दै बनजन्य उत्पादन वृद्धि भएको हुनेछ ।यसै गरी सेवाग्राहिले १० मिनेट भित्रै सेवा प्राप्त गरेका हुनेछन् भने शत प्रतिशत आयोजनाहरु समयमा नै सम्पन्न भएका हुनेछन् ।

# परिच्छेद- ४ आर्थिक विकास

नेपालको संविधानमा सुनिश्चित गरिएका नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहेको छ। यी भूमिकालाई निर्वाह गर्न स्थानीय सरकारले संविधानको परिधि भित्र रहेर संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यलाई टेवा पुग्ने दीर्घकालिन सोच सहित योजनाबद्ध ढंगले अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ। नेपालको संविधानको अनुसूची -८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। यी विषयहरू दिगो विकासको लक्ष्य-१ (शुन्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य) लक्ष्य-८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) संग जोडिएका छन्। यसलाई मध्यनजर गरी यस नगरपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्रहरु कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, प्राकृतिक श्रोत परिचालन जस्ता क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा समग्र चुनौतिको विश्लेषण गर्दै अवलम्वन गर्नु पर्ने रणनीति र प्रमुख कार्यक्रमहरू तल प्रस्तुत गरिएको छ ।

## ४.१. कृषि विकास

### ४.१.१ बिद्यमान अवस्था

सुनवल नगरपालिकाका स्थानीयहरुको मुख्य पेशा र जीविकोपार्जनको प्रमुख स्रोत कृषि हो ।नगरपालिकाको डिजिटल प्रोफाइल २०७७ अनुसार कृषि पेशामा आबद्ध जनसंख्या १५९१४ (करिब २२.५%) रहेको छ। यहाँको कृषि प्रणाली निर्वाहमुखी र परम्परागत छ। विगतका वर्षहरुमा तरकारी खेती तथा नगदेबाली प्रति आकर्षण बढ्दै गएको छ। यस नगरपालिकामा हालका दिनहरुमा तरकारी खेती गर्ने प्रचलन पनि वढ्दै गएको छ। यस नगरपालिकामा उत्पादन हुने प्रमुख बालीहरुमा धान, मकै, गहुँ, दाल र तेलहन हुन् । यस नगरपालिकका बिभिन्न वडाहरु धान, मकै र गहुँको पकेट क्षेत्रको रुपमा विकसित भएका छन। यसका साथै केराऊ, मुसुरोको दाल, राजमा, सिमि जस्ता दलहन खेती क्षेत्र बढ्दै गएको छ। अर्कोतर्फ जैविक खेतीको अभ्यास धेरै कम गरिएको छ। खेतीपातीको लागि उर्वर भुमी रहेको हुँदा सबै प्रकारका बालीहरु अन्नबाली, नगदेबाली, तरकारी तथा फलफुल खेतीको प्रशस्त सम्भावना बोकेको नगरपालिका हो ।

### ४.१.२ अवसर र चुनौती

अवसर

- उष्ण हावापानी भएकाले खाधान्न बाली अन्तर्गत धान, गहुँ, मकैको पकेट क्षेत्र भएको तथा तेलहन अन्तर्गत तोरी, शूर्यमुखी, तिल उल्लेख्य रुपमा उत्पादन हुने, दलहन अन्तरगत मसुरो, राजमा र सिमि; नगदेबाली अन्तर्गत उखु र फलफुल अन्तरगत आँप, लिची, कटहर, कागती, अम्बा प्रशस्त उत्पादन हुने ।

- हालका बर्षहरुमा कृषि आधुनिकीकरण प्रति आकर्षण बढ्दै गएकाले ब्यवसायिक कृषि खेतीमा आबद्ध किसान संख्या बढ्दै जानु ।
- भौगोलिक सहजता तथा हरेक वडामा यातायातको सहज पहुँच हुनाले उत्पादन भएका कृषि सामग्रीहरुले सहज रुपमा बजार प्राप्त गर्न सक्ने।
- कृषिमा आधारित साना तथा मझौला कृषि प्रशोधन उद्योग संचालन गरी रोजगारका नयाँ अवसर सृजना गर्न सकिने ।
- ३००० मे.टन क्षमताको शित भण्डार निमार्णधिन अवस्थामा भएकाले अगामी दिनमा किसानहरुको तरकारी, आलु, फलफुल आदि लामो समय सम्म भणडारण गर्न सकिने ।
- पुष्प स्रोत केन्द्र निमार्णधिन अवस्थामा जसले गर्दा यस नगरपालीका पुष्पमा अत्मनिभर हुने ।
- खाधान्नमा आत्मनिर्भर भइ निर्यात गर्न सक्ने प्रवल सम्भावना ।

चुनौती

- रसायनिक मलको अभाव
- उन्नत बिउ लगायत नश्ल सुधारको अभाव
- प्रशोधन तथा बजारीकरणको समस्या
- अधिकांश कृषकहरु परम्परागत कृषि प्रणालीमा आबद्ध, कृषिमा आधुनिककरणको अभाव
- खेति योग्य जमिनमा जथाभावी घर बनाउने र भौतिक पूर्वाधार बनाउनाले खेति योग्य जमिन घट्दै जानु
- कृषि क्षेत्रमा लगानीको कमी र बिउ तथा मलको अभाव
- वास्तविक किसानले कृषिमा उपलब्ध ऋण तथा अनुदान प्राप्त गर्न नसक्नु
- अधिकांश कृषकहरूमा कृषि व्यावसायीकरण, कृषि प्राविधिक, व्यवस्थाकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र अनुभवको कमी हुनु
- उत्पादन लागत धेरै भएकोले स्थानीय उत्पादनले बजारमा प्रतिस्पर्धा गर्न कठिन

### ४.१.३ दिर्घकालिन सोच

कृषि क्षेत्रको सम्मुन्नत विकासः सम्बृद्ध सुनवलको बलियो आधार।

### ४.१.४. लक्ष्य

कृषिको व्यवसायीकरण गरी सबै प्रकारका उत्पादनको वृद्धि गर्ने ।

### ४.१.५. उद्धेश्य

- कृषि उत्पादनमा उल्लेख्य वृद्धि गरी किसानहरुको आम्दानी बढ्नु
- कृषिलाई ब्यबसायीकरण गर्नु
- युवाहरुले आधुनिक कृषि पेशामा आबद्ध भइ रोजगारीका नँया अवसर सृजना गर्नु
- कृषि क्षेत्रलाई सम्मानजनक र विशिष्टीकृत ब्यबसायको रुपमा विकास गर्नु

## ४.१.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • कृषिलाई ब्यबसायीकरण गरी खाद्यमा आत्म निर्भर बनाई गरिबी घटाउने | • कृषिको व्यवसायीकरण, कृषक मैत्री प्रविधि र यान्त्रिकरणलाई प्रोत्साहन तथा प्रर्वद्धन गरिनेछ<br>• खेतीयोग्य बाँझो जमिनलाई प्रयोगमा ल्याई सामुहिक खेती तथा करार खेतीको अवधारणा अघि बढाइनेछ<br>• आलु खेति तथा अन्य नगदेबालीको सम्भावता अध्ययन गरी तुलनात्मक लाभका बालीहरुलाई प्रबर्द्धन गरिनेछ |
| • नगरपालिकालाई कृषि केन्द्रको रुपमा विकास गर्ने | • किसानलाई समयमै उन्नत बिउ बिजन, मल तथा अन्य प्रविधिको व्यवस्थापन गर्न बिउबिजन तथा मल भण्डारण केन्द्रको स्थापना गरिनेछ<br>• स्थानीय उत्पादनको व्यवस्थित भण्डारण, संचय, गुणस्तर वृद्धि सहित व्यवसायीकरणका लागि कृषि उत्पादन संकलन केन्द्रको स्थापना एवम् चिस्यान केन्द्र निर्माण गरिनेछ |
| • जैविक खेतीको प्रबर्द्धन गर्ने | • प्रांगारिक मल उत्पादन र प्रयोगमा जोड दिने कार्यक्रम ल्याइनेछ<br>• जैविक खेतीकालागि तालिम दिइनुको साथै तथा प्रांगारिक मल उत्पादनमा जोड दिइनेछ |
| • युवालाई कृषिमा आकर्षित गर्न बिभिन्न सेवा तथा सुबिधाहरु उपलब्ध गराउने | • कृषि उत्पादन वृद्धिका लागि आवश्यक कृषि पूर्वाधार स्थापना र प्राविधिक जनशक्ति तयार गरिनेछ<br>• किसानलाई ब्यबसायिक कृषिका लागि उत्पादनका आधारमा सहुलियत दरमा ऋण तथा कृषि अनुदान दिइनेछ<br>• कृषि बिमामा सबै किसानहरुको पहुँच हुनेछ<br>• युवा मैत्री कृषि कार्यक्रम, कृषिमा आधारित साना तथा लघु उद्यम विकास कार्यक्रम, युवा कृषि तालिम दिइनेछ |

## ४.१.७ प्रमुख कार्यक्रम

- व्यवसायीक कृषि अनुदान र छुट तथा सहुलियत ऋण,
- कृषि यान्त्रिकरण तथा बजारीकरण,
- नगदे बाली बजार प्रवर्द्धन,
- कृषि उपज भण्डारण केन्द्र स्थापना,
- कृषि प्रयोगशाला स्थापना,
- कृषि चिस्यान तथा शित भण्डार केन्द्र स्थापना तथा स्तरउन्नती ,
- कृषिमा आधारित घरेलु तथा साना उद्योग प्रोत्साहन कार्यक्रम,

- कृषि ज्ञान केन्द्र स्थापना,
- किसान क्षमता अभिवृद्धि कार्यक्रम ।

## ४.१.८ नतिजा खाका

| क्र.सं | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| | कृषि क्षेत्रको उत्पादन तथा व्यवसायिकतामा अभिबृद्धि भएको हुनेछ । | कृषि पेशामा आवद्ध जनसंख्या | प्रतिशत | २२.५ | १७ |
| | | खेती योग्य जमिन | हेक्टर | ६०१२ | संरक्षण गर्ने |
| | | खेति गरिएको जमिन | हेक्टर | ५५०० | संरक्षण गर्ने |
| | | सिंचित क्षेत्रफल | हेक्टर | ४००० | ६०१२ |
| | | वार्षिक धान उत्पादन | मे. टन | १४८०० | २०००० |
| | | वार्षिक गहुँ उत्पादन | मे. टन | ४६०० | ७००० |
| | | मकै उत्पादन | मे. टन | ६२० | १००० |
| | | वार्षिक तोरी उत्पादन | मे. टन | २८० | ३५० |
| | | वार्षिक फलफुल उत्पादन | मे. टन | ४१० | ७०० |
| | | वार्षिक उखु उत्पादन | मे. टन | २३५ | ३०० |
| | | वार्षिक दलहन उत्पादन | मे. टन | १२०० | १५०० |
| | | अर्गानिक कृषि फर्म | संख्या | ३८ | ५० |
| | | ताजा तरकारी फर्म | संख्या | १० | १५ |
| | | तरकारी नर्सरी | संख्या | ५ | ८ |
| | | फलफुल नर्सरी | संख्या | १ | ४ |
| | | कृषि उपज संकलन केन्द्र | संख्या | २ | ५ |
| | | बिउबिजन (नर्सरी) | संख्या | ५ | १५ |
| | | मल खाद केन्द्र | संख्या | १४ | २५ |
| | | सित भण्डारण | संख्या | १ | ३ |
| | | कृषि तथा पशु प्राविधिक | संख्या | १०० | २०० |
| | | कृषि विशेषज्ञ | संख्या | ५ | ७ |

(डाटा श्रोतः सुनवल नगरपालिका कृषि शाखा, २०७८, IUDP रिपोर्ट, २०७५, योजना तर्जुमा कार्यशाला गोष्ठी, २०७८)

### ४.१.९ अपेक्षित उपलब्धी

यस नगरपालिकामा मुख्य गरी अन्नबाली, दलहन, तेलहन, नगदेबाली र तरकारीको उत्पादन तथा व्यवसायिकता वृद्धि भई यस नगरपालिका लुम्बिनी प्रदेशकै मोडेल कृषि केन्द्रको रुपमा विकसित हुनेछ।

## ४.२ पशुपन्छी विकास

### ४.२.१ बिद्यमान अवस्था

नगरपालिकामा पछिल्लो समय कृषि गतिविधिसँगै आयआर्जन र आर्थिक अवस्था उकास्नका लागि ब्यबसायिक रुपमा पशुपालन गर्ने प्रवृत्ति बढेको छ। यस नगरपालिकालाई पशु पकेट क्षेत्रको रुपमा विकास गरिएको छ। गाई, भैंसी, बाख्रा, सुँगुर, कुखुरा र मौरी सुनवल नगरपालिकाका प्रमुख पशुपालन क्षेत्र हुन्। हाल माछा पालन गर्ने किसानहरुको संख्या उल्लेख्य रुपमा बढ्दै गरेको देखिन्छ । यस नगरपालिका दुध उत्पादन, मासु उत्पादन, माछा उत्पादनमा आत्मनिर्भर उन्मुख रहेको छ ।

### ४.२.२ अवसर र चुनौती

अवसर

- कृषि सहकारी, दुग्ध उत्पादन सहकारी तथा निजी डेरीको उपलब्धता
- कृषि तथा पशुपालन क्षेत्रमा ब्यबसायिक किसानको सक्रियता
- कृषि तथा पशुसेवा सम्बन्धी कार्यविधि भएको
- दुग्ध तथा मासु जन्य उत्पादनको लागि बजारको सहज पहुँच
- निजी तथा सार्वजनिक पोखरीको उपलब्धता भएकाले माछा पालनको प्रशस्त संभावना
- पशुपालनका लागि सहज पानी आपुर्ती प्रणाली
- उन्नत बोयर बाख्रा उत्पादन भैरहेको हुदाँ मासुमा आत्मनिर्भर हुने
- मौरीपालनमा आत्मनिर्भर हुने प्रवल सम्भावना
- प्रदेशकै ठुलो व्यापारिक शहर बुटवल, भैरहवा र संघीय राजधानीको पनि सहज पहुँच भएकाले उत्पादित वस्तुले बजार पाउन सजिलो

चुनौती

- उत्पादकत्व वृद्धिका लागि उन्नत नश्ल सुधार कार्यक्रमहरु ब्यबस्थित नहुनु
- प्रविधि तथा आधारभूत प्राविधिक सेवाको कमी
- उत्पादनमा संलग्न किसानहरूको व्यवसायिक दक्षता कमी हुनु
- पशुवधशाला, पशु बिमा सम्बन्धी चेतनाको कमी,
- बास्तविक किसानहरुको अनुदानमा पहुँच नहुनु,
- उत्पादन लागत धेरै भएकोले बजारमा प्रतिस्पर्धा गर्न कठिन

## ४.२.३ दिर्घकालिन सोच

आधुनिक र व्यबसायिक पशुपालन, नगरपालिकाको सम्बृद्धिको आधार ।

## ४.२.४ लक्ष्य

पशुपालन व्यवसायलाई विविधिकरण तथा व्यवसायीकरण गरी आर्थिक उपार्जनको साथै सम्मानित पेशाको रूपमा विकास गर्ने ।

## ४.२.५ उद्धेश्य

- पशुपालनलाई ब्यबसायिक र आधुनिकीकरण गर्नु
- व्यवस्थित बधशाला तथा प्रयाप्त पशु सेवा केन्द्रको विकास गर्नु
- पशुपन्छीजन्य पदार्थमा आत्मनिर्भर बन्दै निर्यात बढाउनु
- पशु बिमा कार्यक्रम तथा पशुपालन अनुदान सहज रुपमा सबै किसानको पहुँचमा पुर्याउनु

## ४.२.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • पशु पन्छी प्रर्वद्धन तथा विकास कार्यक्रम लागु गर्ने | • पशु प्रविधिक सेवा, पशु विमा, नश्ल सुधार, कृतिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ<br>• वडा स्तरमा पशु विकास प्रबिधिको ब्यबस्था गरिनेछ<br>• पशु रोग बिरुद्धका खोपहरु प्रभावकारी रुपमा सबै वडाहरुमा उपलब्ध गराईनेछ<br>• कृतिम गर्भाधान केन्द्रको निर्माण गरिनेछ<br>• पशु चौपायमा लाग्ने सरुवा रोग नियन्त्रणको लागि भ्याक्सिनेसन गरिनेछ |
| • पशुपालक किसानहरुको क्षमता अभिवृद्धि गर्ने | • व्यवसायिक पशुपालक किसानहरुलाई तालिमहरु दिएर क्षमता विकास गरिनेछ |
| • नगरपालिका लाई दुध, मासु तथा माछाको प्रमुख केन्द्रको रुपमा चिनाउने | • दुध पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ तथा दुध विकास कार्यक्रम संचालन गरिनेछ<br>• दुध चिस्यान केन्द्र तथा दुध संकलन केन्द्रको क्षेत्र बिस्तार तथा स्तरउन्नती गरिनेछ<br>• माछाको व्यबसायिक बिक्री वितरणको निमित्त शहरी क्षेत्रहरुमा फ्रेश हाउसको स्थापना गरिनेछ<br>• गोठ सुधार कार्यक्रम तथा घाँस उत्पादन र दाना उत्पादन कार्यक्रम लागु भएको हुनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | • आधुनिक बधशाला निर्माण गरिनेछ |
| • पशु बिमा कार्यक्रम तथा पशुपालन अनुदान कार्यक्रम सबै किसानको पहुँचमा पुर्याउने | • पशु बिमा कार्यक्रम सबै किसानको पहुँचमा पुगेको हुनेछ<br>• वास्तविक किसानले मात्र अनुदान पाउने सुनिश्चित गरिनेछ |

### ४.२.७ प्रमुख कार्यक्रम

- पशु नश्ल सुधार तथा कृतिम प्रजनन प्रर्वद्धन कार्यक्रम,
- पशु स्वास्थ्य तथा विमा कार्यक्रम,
- गोठ सुधार तथा ब्यबसायिक घाँस तथा दाना उत्पादन कार्यक्रम,
- आधुनिक बधशाला निर्माण,
- दुध संकलन केन्द्र तथा दुध चिस्यान प्रसोधन केन्द्र विस्तार तथा स्तरउन्नती कार्यक्रम
- दुध ब्यबसाय प्रवर्द्धन तथा प्रसोधन अनुदान कार्यक्रम,
- माछापालन ब्यबसाय अभिवृद्धिका लागि अनुदान तथा सहयोग
- पशु रोग बिरुद्धको खोप कार्यक्रम,
- पशु किसान क्षमता अभिबृद्धि कार्यक्रम ।

### ४.२.८ नतिजा खाका

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७८ /७९) | आवधिक योजनाको अन्त्यको स्थिति ०८३/८४) |
|---|---|---|---|---|---|
| | पशुपन्छीजन्य उत्पादनको गुणस्तर तथा परिमाणमा बृद्धि भएको हुनेछ । | कृषक समुह | संख्या | १३ | २६ |
| | | डेरी | संख्या | २० | ३० |
| | | व्यवसायिक पशु-पन्छीपालन फर्म | संख्या | ३०० | ६०० |
| | | दुध उत्पादन (प्रतिदिन) | लिटर | २५००० | ४०,००० |
| | | माछापालन फर्म | संख्या | १ | १५ |
| | | मौरीपालन फर्म | संख्या | २ | ८ |
| | | गाइ फर्म | संख्या | १४ | १८ |
| | | भैसी फर्म | संख्या | १५ | २० |
| | | बाख्रा फर्म | संख्या | ५ | १० |
| | | कुखुरा फर्म | संख्या | ४ | १० |

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति ०८३/८४) |
|---|---|---|---|---|---|
| | | बाख्रा | संख्या | १५००० | २०००० |
| | | गाई | संख्या | ४५०० | ५५०० |
| | | भैसी | संख्या | ३००० | ४००० |
| | | कुखुरा | संख्या | १०,००० | २०,००० |
| | | कुखुरा | के.जी. | ६०००० | १२०००० |
| | | माछा फ्रेस हाउस | संख्या | ६ | १५ |
| | | पशु चिकित्सक | संख्या | ३ | २० |

(डाटा श्रोतः सुनवल नगरपालिका कृषि शाखा, २०७८, IUDP रिपोर्ट, २०७५, योजना तर्जुमा कार्यशाला गोष्ठी, २०७८)

#### ४.२.९ अपेक्षित उपलब्धी

आवधिक वर्षको अन्त्यसम्म दुध, मासु तथा माछामा आत्मनिर्भर भइ उलेख्य मात्रामा निर्यात भएको हुनेछ।

## ४.३ घरेलु तथा साना उद्योग

### ४.३.१ बिद्यमान अवस्था

सुनवल नगरपालिकामा साना, मझौला तथा घरेलु उद्योगहरू उल्लेख्य छन्। यहाँको प्रमुख उद्योगहरुमा सिमेन्ट कारखाना, चिनी मिल, इँटा कारखाना, चामल मिल, फर्निचर र ग्रिल उद्योग रहेका छन।यस नगरपालिकाको वडा नम्बर २ मा औद्योगिक ग्राम बन्दै गरेकाले स्थानीय जनताकालागि रोजगारीका अवसरहरू सिर्जना हुने बातावरण निर्माण हुदै छ । कृषि तथा पशु पालनको प्रशस्त सम्भावना भएको, बन तथा खोला क्षेत्रहरु पनि उल्लेख्य मात्रमा भएकाले यस्ता उद्योगका लागि चाहिने कच्चा पदार्थ नगरपालिकामा नै उपलब्ध रहेको छ । बिशेष गरी साना तथा मझौला उद्योगको रुपमा फर्निचर उद्योग तथा राइस मिलहरू प्रशस्त रहेका छन। साथै यस नगरपालिकामा बाँससँग सम्बन्धित घरेलु उद्योग पनि सञ्चालित छन्। महिला तथा साना किसानहरुबाट संचालित घरेलु तथा साना उद्योगहरु पनि रहेका छन, खासगरी कृषि सम्बन्धी साना उद्योगहरु सहरी क्षेत्रमा फैलिएका छन। मुख्य बजार केन्द्रहरुमा सहज पहुँच हुनु तथा हरेक हप्ता वडा वडामा हाटबजार लाग्ने हुँदा घरेलु तथा साना उद्योगमा उत्पादित बस्तुहरुले सहज रुपमा बजार पाउने गरेका छन ।

### ४.३.२ अवसर र चुनौती

अवसर

- मझौला तथा ठुला उद्योगहरु भएकाले युवा रोजगारीको अवसरहरु
- औद्योगिक ग्राम निर्माण हुदै गरेकाले नयाँ रोजगारी तथा उत्पादनका प्रशस्त सम्भावना रहेको
- कृषि उपज एवम बन केन्द्र रहेको हुँदा कृषि तथा बनजन्य कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगहरुको प्रवल संभावना
- ठुलो उद्योग संचलानमा रहेका हुँदा कच्चा पदार्थ बिक्रिबाट आम्दानी गर्न सकिने
- खेती योग्य जमिन प्रशस्त हुनु, धान, मकै तथा गहुँको पकेट क्षेत्र हुनु र स्थानीय जनताको आफ्नै परम्परागत ज्ञानहरु भएकाले घरेलु तथा साना उद्योगको माध्यमले यस क्षेत्रका बासिन्दाको जीवनस्तर उकासिने प्रशस्त सम्भावना
- स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित कृषि तथा पशुजन्य प्रशोधन उद्योगको संभावना

चुनौती

- युवा तथा महिलाहरुलाई आवश्यक सीपमुलक तालिमको कमी, उद्योग स्थापनाको लागि आवश्यक पुँजीको अभाव, तथा युवाहरुमा बैदेशिक रोजगारी प्रति आकर्षण बढी हुनुले औद्योगिक विकास तथा रोजगारी प्रवर्द्धनमा कठिनाइ
- एकीकृत बजार व्यवस्थापन नहुनुले जथाभावी सामानको भाऊ तोक्ने र गुणस्तरमा ध्यान नदिने प्रचलन
- खुल्ला सिमाना भएकाले भारतबाट आयातित सामानहरु संग प्रतिस्पर्धा गर्न नसक्नु
- बिचौलियाको सक्रियताले गर्दा बास्तबिक किसान तथा साना उद्योगीहरुले लाभ लिन नसक्नु
- उद्योग तथा व्यवसाय प्रर्वद्धन तर्फ स्पष्ट नीतिको अभाव, तालिम तथा प्रशिक्षण केन्द्रको अभाव, दक्ष जनशक्ति तथा प्राविधिक ज्ञान तथा सीपको कमी
- घरेलु तथा साना उद्योगलाई सरल तथा सहज रुपमा कर्जा प्राप्त हुन नसक्नु

### ४.३.३ दिर्घकालिन सोच

स्थानीय उत्पादनमा आधारित उद्योगहरुको स्थापना तथा प्रवर्द्धन ।

### ४.३.४ लक्ष्य

साना तथा लघु उद्यमीहरुको क्षमता अभिबृद्धि गर्दै लगानीका नयाँ अवसर सृजना गर्ने

### ४.३.५ उद्धेश्य

- स्थानीय श्रोत र साधनमा आधारित नयाँ घरेलु तथा साना उद्योगको स्थापना गर्ने
- युवाहरुलाई स्थानीय सीपमा आधारित उद्योग संचालन गर्न प्रोत्साहित गर्ने
- स्थानीय स्तरमा ब्यबसायिक चेतना वृद्धि गर्ने
- सृजनात्मक सोंचमा आधारित नयाँ उद्योगहरु संचालन गर्ने

## ४.३.६ रणनीति तथा कार्यनीति

| रणनिती | कार्यनीति |
|---|---|
| • स्थानीय श्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | • स्थानीय स्रोत साधन तथा परम्परागत प्रविधिमा आधारित उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी उद्योगको स्थापनामा जोड दिइनेछ |
| • सीप विकासको सुनिश्चितता गर्दै रोजगारी प्रवर्द्धन गर्ने | • युवा लक्षित कृषिमा आधारित उद्योगहरुको विकासमा जोड दिइनेछ<br>• युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम संचालन गरिनेछ |
| • घरेलु तथा साना उद्योगलाई सरल कर्जा तथा अनुदानको व्यवस्था गर्ने | • उद्योग स्थापना गर्न आवश्यक पर्ने लगानी अभिवृद्धिको लागि उद्यमीहरुलाई वित्तीय संस्था मार्फत सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ |
| • लगानी मैत्री वातावारणको निर्माण गर्ने | • स्थानीय सीपलाई आधुनिकिकरण र व्यवसायिकरण गर्न स्थानीय सीपमा आधारित र श्रममूलक घरेलु तथा साना उद्योगहरूको व्यवस्थापन क्षमता विकास गर्ने कार्यहरू संचालन गरिनेछ<br>• ब्यबसायिक चेतना अभिबृद्धिको लागि सरोकारवालाहरुको समन्वयमा प्रतिष्ठित उद्यमीहरु मार्फत प्रशिक्षण संचालन गरिनेछ |

## ४.३.७ प्रमुख कार्यक्रम

- स्थानीय सीपमा आधारित रोजगारी कार्यक्रम,
- औद्योगिक क्षेत्र निर्माण,
- लगानी सम्मेलन,
- लोक सेवा तयारी कक्षा संचालन कार्यक्रम,
- व्यवसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम,
- ब्यबसाय स्थापना बिउ पुँजी सहुलियत कर्जा कार्यक्रम,
- उद्यमशिलता विकास कार्यक्रम
- युवा उद्यम विकास कार्यक्रम ।

### ४.३.८ नतिजा खाका

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७८/७९ ) | आवधिक योजनाको अन्त्यको स्थिति ०८३/८४) |
|---|---|---|---|---|---|
| | घरेलु तथा साना उद्योग तथा व्यवसायको वृद्धि भएको हुनेछ । | साना तथा घरेलु उद्योग संख्या | संख्या | ३४०० | ४००० |
| | | दर्ता गरी संचलन भएका साना व्यवसाय | संख्या | ३८९१ | ५००० |
| | | बेरोजगारीको संख्या | संख्या | ६१०० | १००० |
| | | स्थानीय उद्योग तथा व्यवसायमा रोजगार व्यक्ति | जनसंख्या | २३७० | ६००० |
| | | व्यवसायिक सीपमुलक तालिम | संख्या | ३४०० | ५००० |

(श्रोतः योजना तर्जुमा कार्यशाला गोष्ठी, २०७८, IUDP रिपोर्ट, २०७५)

### ४.३.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्यमा ४००० वटा घरेलु तथा साना उद्योग, ५००० साना व्यवसाय र स्थानीय व्यवसायबाट रोजगारी प्राप्त जनसंख्या ६००० हुनेछ ।

## ४.४ पर्यटन विकास

### ४.४.१ बिद्यमान अवस्था

सुनवल नगरपालिका बहुजातीय र बहुसांस्कृतिक विशेषता भएको तथा स्थानीय संस्कृति र संस्कारमा धनी छ। साँस्कृतिक सम्पदा तथा धार्मिक स्थलहरु यस नगरपालिकाको महत्वपूर्ण सम्पत्ति हो । यस नगरपालिकाको वडामा रहेका बिभिन्न मन्दिरहरु पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण छन । बाबा बर्दगोरिया, महल पोखरी, स्वाठी पोखरी, अमर पोखरी, बैरागनाथ मन्दिर, देवदह पोखरी,सोमनाथ बाबा, कृष्ण धाम आदि यस क्षेत्रका ऐतिहासिक तथा धार्मिक पर्यटकिय स्थलहरु हुन। यहाँको पहाडी क्षेत्रमा अवस्थित महलपोखारी आन्तरिक पर्यटकको लागि प्रशिद्ध मानिन्छ । त्यसै गरी सोमनाथ बाबा मन्दिरलाई सुनवलको पवित्र मन्दिरको रुपमा लिइन्छ । यस मन्दिरको वरिपरी बालबालिकाका लागि पार्क तथा खेल मैदान निर्माण हुदै छ जसले गर्दा आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बिन्दु रहेको छ । हाल बन्दै गरेको सुनवल हिलपार्क, सहिद विष्णु पाण्डे स्मृति प्रतिष्ठान लगाएतका पर्यटकीय स्थलहरु यस ठाउँको पर्यटन विकासमा थप टेवा पुर्याउने अपेक्षा लिइएको छ । यस नगरपालिकाको वडा नंबर ४ मा नेपालकै अग्लो श्री कृष्ण भगवानको दामोदर स्वरूपको मुर्ती बन्दै गरेको छ जसले यस क्षेत्रको पर्यटकीय विकासमा योगदान पुर्याउने देखिन्छ ।

### ४.४.२ अवसर र चुनौती

अवसर

- नगरपालिकामा धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण पोखरी तथा धार्मिक स्थलहरु हुनु
- नेपालकै अग्लो श्री कृष्ण भगवानको दामोदर स्वरूपको मुर्ती, हिलपार्क तथा सहिद विष्णु पाण्डे स्मृति प्रतिष्ठान लगाएतका पर्यटकीय स्थलहरुको निर्माण अन्तिम चरणमा पुग्नु
- बहुजातीय र बहु सांस्कृतिक बिशेषताले भरिएको
- आन्तरिक पर्यटकको लागि होम स्टे तथा सुबिधा सम्पन्न होटेलहरुको संख्या बढ्दै जानु
- बुद्धिष्ट सर्किटको रुपमा विकसित गर्न सकिने
- लुम्बिनी घुम्न आउने पर्यटकहरुलाई आकर्षित गर्न सकिने

चुनौती

- पर्यटकीय पूर्वाधारको यथोचित विकास नहुनु
- ऐतिहासिक तथा धार्मिक विशेषता बोकेका क्षेत्रहरुको उचित प्रचारप्रसार नहुनु
- आन्तरिक तथा बाह्य पर्यटकका लागि सुविधायुक्त होटेलहरु कम हुनु
- पर्यटकीय आकर्षण जगाउने क्रियाकलाप गर्न नसक्नु
- पर्यटकीय गन्तव्यहरूको पहिचान खोज तथा अनुसन्धान र पर्यटकीय पथहरूको पहिचान एवं प्रबर्द्धन हुन नसक्नु,
- पार्क तथा संग्राहलय, पर्यटकीय गाईड, सूचना तथा सेवाको कमी

### ४.५.३ दिर्घकालिन सोच

पर्यटनको विकास, नगरपालिकाको सम्बृद्धिको आधार ।

### ४.५.४ लक्ष्य

धार्मिक तथा सांस्कृतिक पर्यटन पूर्वाधारहरुको विकास गर्ने।

### ४.५.५ उद्धेश्य

- नगर क्षेत्रका पर्यटकीय स्थलहरुको विकास, बजारीकरण, प्रवर्द्धन र संरक्षण गर्नु
- आय र रोजगरीका लागि पर्यटनलाई प्रमुख क्षेत्रको रुपमा विकास गर्नु

### ४.५.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • पर्यटन विकासको लागि आवश्यक पूर्वाधार सहित आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने। | • लोकल टूर गाइड तालिम संचालन गरिनेछ<br>• निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरु संचालन गरिनेछ<br>• पर्यटन पूर्वाधार विकास र विस्तार कार्यलाई |

| रणनीति | कार्यनीति |
|---|---|
| | सम्पदाको संरक्षण तथा सम्बर्द्धनसँग एकीकृत गरी संचालन गरिनेछ<br>• होटेल व्यवस्थापन र आथित्य सत्कार तथा व्यवस्थापन तालिम संचालन गरिनेछ |
| • पर्यटकीय स्थलहरुको संरक्षण तथा उचित प्रचार-प्रसार गर्ने | • पर्यटकीय स्थानहरुको संरक्षण तथा प्रचारप्रसार गरिनेछ<br>• धार्मिक पर्यटन प्रबर्द्धन गरिनेछ |

### ४.५.७ प्रमुख कार्यक्रम

- धार्मिक पर्यटन प्रबर्द्धन कार्यक्रम,
- पार्क निर्माण तथा पर्यटन स्थलको स्तरोन्नति कार्यक्रम,
- लोकल टुर गाइड तालिम संचालन,
- ताल तलैया प्रवर्द्धन तथा डुंगा संचालन कार्यक्रम,
- नगरपालिका वार्षिक महोत्सव,
- होटेल व्यवस्थापन तथा आथित्य सत्कार तथा व्यवस्थापन तालिम,
- संग्राहलय निर्माण तथा प्रवर्द्धन कार्यक्रम,
- होम स्टे ब्यबस्थापन र कृषि पर्यटन संचालन कार्यक्रम,
- पिकनिक स्पटको निर्माण
- पर्यटकीय स्थल प्रचारप्रसार गर्ने कार्यक्रम ।

### ४.५.८ नतिजा खाका

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति ०८३/८४) |
|---|---|---|---|---|---|
| १ | पर्यटकीय क्षेत्रको प्रवर्द्धन र पर्यटन व्यवसायमा गुणात्मक सुधार भएको हुनेछ | पर्यटकीय क्षेत्रमा संलग्न व्यवसाय | संख्या | ६३ | १०० |
| | | पर्यटकीय स्थल | संख्या | १६ | पूर्वाधार तथा गुणस्तर वृद्धि गर्ने |
| | | होटल | संख्या | २१८ | थप गुणस्तरीय बनाउने |
| | | आदिवासी संग्रहालय तथा संस्कृति घर | संख्या | १ | १ (थप गुणस्तर बनाउने) |

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति ०८३/८४) |
|---|---|---|---|---|---|
| | | होम स्टे संचालन | संख्या | १ | २० |
| | | पर्यटक (आन्तरिक) | संख्या | ४००० | १५००० |
| | | पर्यटक (बाह्य) | संख्या | ५०० | २००० |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, २०७८)

#### ४.५.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्यमा आन्तरिक पर्यटकको वार्षिक संख्या १५,००० तथा बाह्य पर्यटकको बार्षिक संख्या २००० पुग्नेछ, गुणस्तरीय आदिवासी संग्रहालय संचालनमा आउनेछ, तथा २० वटा होम स्टे संचालनमा आएको हुनेछ ।

### ४.५ सहकारी विकास

#### ४.५.१ बिद्यमान अवस्था

यस नगरपालिकामा उल्लेख्य संख्यामा सहकारी संस्थाहरु तथा वित्तीय संस्थाहरु रहेका छन । सुनवल नगरपालिकामा बचत तथा ऋण सेवाको प्रवाह गर्ने सहकारी, दुग्ध उत्पादन उन्मुख सहकारी तथा बहुउद्देश्यीय सहकारी गरी कुल ६३ वटा सहकारी रहेका छन। यस नगरपालिकाका ५० प्रतिशत भन्दा बढी घरधुरीहरु कुनै न कुनै सहकारी संग आबद्ध रहेका छन। सुनवल नगरपालिकाको आफ्नै सहकारी ऐन भएकाले सबै सहकारीहरु ऐन अन्तरगत रही कार्य गर्दछन ।

#### ४.५.२ अवसर र चुनौती

अवसर

- सहकारी क्षेत्र संग आधाभन्दा बढी जनसंख्या आबद्ध हुनु तथा साना किसान तथा उद्यमीको पहुँचमा हुनु
- बिभिन्न क्षेत्रसंग सम्बन्धित सहकारी हुनाले फरक बर्ग तथा पेशाका मानिसहरु सहकारीमा आबद्ध हुनु
- बचत गर्ने बानीको विकास हुनुका साथै ऋण लिन सजिलो हुनु
- प्रशस्त मात्रामा सहकारी हुनु

चुनौती

- सहकारीहरु बचत तथा ऋणमा मात्र केन्द्रित हुनु तथा उत्पादनशील क्षेत्रमा लगानी नहुनु
- सहकारी मार्फत कृषि क्षेत्रमा भएको लगानीको सहि सदुपयोग नहुनु

- सहकारी संस्था र सदस्यहरुमा उद्यमशिलताको ज्ञान, सीप र अनुभवको कमि

### ४.५.३ दिर्घकालिन सोच

सहकारीको विकास मार्फत स्थानीय बजार तथा ब्यबसाय विस्तारमा योगदान

### ४.५.४ लक्ष्य

बजार तथा ब्यबसाय विस्तारमा सहकारी र निजी क्षेत्रको प्रबर्द्धन गर्दै रोजगारीका अवसरहरुको सृजना गर्ने ।

### ४.५.५ उद्धेश्य

- सहकारी क्षेत्रलाई सबै स्थानीयको सहज पहुँचमा पुर्याउनु
- सहकारीले उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नु
- स्थानीयहरुमा बचत गर्ने बानीको विकास गर्नु

### ४.५.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • वित्तीय सेवा सबै जनताको पहुँचमा पुऱ्याई बचत गर्ने बानीको विकास गर्दै उत्पादक क्षेत्रमा लगानी बढाउन प्रोत्साहन गर्ने | • हरेक परिवारलाई बचत गर्न अभिप्रेरित गर्न वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ<br>• सरकारी अनुदान लक्षित वर्ग तथा समुदायसम्म पु-याउन सहकारी मार्फत वितरण गर्ने नीति निर्माण गरि कार्यान्वयन गरिनेछ<br>• महिला सहकारी र टोल विकास संस्था मार्फत सीपमुलक, स्वरोजगारमुलक तालिम संचालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरीक तयार गरिनेछ<br>• कृषि सहकारी, बचत तथा ऋण सहकारीलाई व्यवस्थित गर्ने, वित्तीय अनुशासनको पालना गराउने |

### ४.५.७ प्रमुख कार्यक्रम

- वित्तीय सेवा प्रवर्द्धन कार्यक्रम,
- महिला वचत तथा सहकारी प्रर्वद्धन कार्यक्रम,
- सहकारी क्षमता विकास कार्यक्रम,
- कृषि तथा पशु सहकारी विकास कार्यक्रम,
- सहकारी शिक्षा तथा कर्मचारी तालिम कार्यक्रम ।

## ४.५.८ नतिजा खाका

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति ०८३/८४) |
|---|---|---|---|---|---|
| १ | वित्तीय सेवामा सबैको सहज पहूँच स्थापित भएको हुनेछ । | सहकारी संस्था | संख्या | ६३ | उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने |
| | | बैंक तथा वित्तीय संस्थामा खाता हुने घरधुरी | संख्या | १२,५०० | सबै घरधुरी |
| | | औपचारिक क्षेत्रबाट ऋण लिने घरधुरी | संख्या | २५०० | ५००० |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, २०७८)

## ४.५.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्म सबै घरधुरीको वित्तीय संस्थामा पहुँच भएको हुनेछ ।

# परिच्छेद ५- सामाजिक विकास

नेपालको संविधान २०७२ ले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सबाल हरूलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजमा पछाडी परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानूनी तथा नीतिगत आधारहरू तयार भईसकेका छन्। नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सबाल हरूलाई महत्वपूर्ण रुपमा उठान गरेको छ भने १५ औं राष्ट्रिय योजनाले समेत उपरोक्त विषयलाई उच्च प्राथमिकतामा राखेको छ।सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपूर्ण प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ। सुनवल नगरपालिकामा स्वस्थ्य, सक्षम र सृजनशील जनशक्ति उत्पादन गर्न, आर्थिक रुपले सक्रिय नागरिकहरूलाई आर्थिक विकासका बिभिन्न क्षेत्रमा सहभागी बनाउन र समाजलाई लैङ्गिकमैत्री, बिभेदमुक्त र समतामूलक बनाउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा बिद्यमान संभावना र अवसर, समस्या तथा चुनौतिका अतिरिक्त आगामी दिनमा चाल्नु पर्ने रणनीति तथा कार्यक्रम सम्बन्धी संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ५.१ शिक्षा

### ५.१.१ बिद्यमान अवस्था

सुनवल नगरपालिका स्मार्ट नगर प्रोफाइल २०७७ अनुसार, यस नगरपालिकाको कुल जनसंख्या ७१००३ मध्ये ५९२९७ अर्थात ८३.५% मानिस साक्षर छन ।उक्त प्रोफाइल अनुसार पुरुष र महिला साक्षरता प्रतिशत क्रमसः ८५.३२ र ७०.६८ रहेको देखिन्छ । सुनवल नगरपालिकाको शैक्षिक दर्पण २०७७ अनुसार यस नगरपालिकामा हाल ५७ वटा शैक्षिक संस्थाहरु संचालनमा रहेका छन जसमध्ये ३२ वटा सामुदायिक बिद्यालय, १९ वटा संस्थागत बिद्यालय र ५ वटा क्याम्पस रहेको छ।यस पालिकामा कृषि स्नातक,एम.वि.वि.एस., मेकानिकल, वि.वि.ए., डिप्लोमा तथा बिद्यालय शिक्षाको ९-१२ मा प्राविधिक धार तर्फ सिभिल इन्जिनियरिंगको अध्यापन हुने गरेको छ। स्मार्ट नगर प्रोफाइल २०७७ अनुसार स्नातकोत्तर तहको अध्धयन गरेका घरधुरीको संख्या ४२५ र बिद्याबारिधि गरेका घरधुरीको संख्या ४४ रहेको छ। यस नगरपालिकामा हाल शिक्षा ऐन निर्माण गरी कार्यन्वयनमा आइसकेको छ भने विद्यालयहरुको भौतिक संरचनाहरु पनि राम्रा रहेका छन।त्यसैगरी मदरसा पनि संचालनमा रहेको छ। हरेक वडामा बिद्यालय भएको तथा सडकको सहज पहुँचले गर्दा बिद्यालय जान कुनै कठिनाइ छैन ।

### ५.१.२ अवसर र चुनौती

अवसर

- सबै वडामा विद्यालय रहेकाले बालबालिकाहरुलाई शिक्षामा सहज पहुँच भएको
- अधिकांश बालबालिका विद्यालयको पहुँचमा भएकाले उत्पादनशील मानव पुँजी निर्माण गर्न सकिने सम्भावना
- प्राविधिक विद्यालयहरु भएकाले नगरपालिका भित्र आवश्यक जनशक्ति उत्पादन गर्न सकिने

चुनौती

- विद्यालयहरुमा शिक्षक दरबन्दीको अभाव रहेको
- सार्वजनिक पुस्तकालयको अभाव
- सामुदायिक बिद्यालयमा शिक्षाको गुणस्तर कमजोर हुनु
- क्याम्पसहरुमा पूर्वाधारहरुको अभाव
- शिक्षक क्षमता विकासको अभाव
- सार्वजनिक शिक्षाको विषयवस्तु समय साक्षेप नहुनु
- आधुनिक प्रविधिको प्रयोग, शिक्षण सामग्रीको अभाव, बिज्ञान ल्याबको अभाव

### ५.१.३ दिर्घकालिन सोच

सहज र सुलभ गुणस्तरीय शिक्षा मार्फत दक्ष जनशक्ती निर्माण ।

### ५.१.४ लक्ष्य

सार्वजनिक बिद्यालयहरुको क्षमता अभिवृद्धि गरी शिक्षाको गुणस्तर वृद्धि गर्ने

### ५.१.५ उद्धेश्य

- सार्वजनिक बिद्यालयहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न योग्य बनाउनु
- प्रबिधिमैत्री बिद्यालय निर्माण गर्नु तथा हरेक बिषय शिक्षकको सम्बन्धित बिषयमा क्षमता अभिवृद्धि गर्नु
- सबै बिद्यालयमा आवस्यक भौतिक पूर्वाधार, पुस्तकालय, बिज्ञान प्रयोगशाला निर्माण गर्नु

### ५.१.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • माध्यमिक, प्राविधिक तथा उच्च शिक्षामा सबैको सहज पहुँच बढाउने तथा शिक्षाको गुणस्तर वृद्धि गर्ने | • प्रविधिमैत्री शिक्षामा जोड दिईनेछ<br>• गरीब तथा जेहन्दार बिद्यार्थीहरुलाई नगरपालिकाको श्रोतबाट आर्थिक सहयोग गरिनेछ<br>• प्राविधिक शिक्षालयको विस्तार गरी दक्ष जनशक्ति निर्माण गरिनेछ<br>• शिक्षाको गुणस्तर कायम गर्न पर्याप्त जनशक्ति, क्षमता विकास, शिक्षण सामाग्री बितरण गरिनुका साथै बिद्यालयहरुको नियमित अनुगमन गरिनेछ |

| | |
|---|---|
| • शिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने | • शिक्षकहरुलाई नियमित रुपमा आवस्यकता अनुसार तालिमको व्यवस्था गरिनेछ<br>• शिक्षक दरबन्दी मिलान गरिनेछ |
| • बिद्यालयहरुमा आवस्यक भौतिक तथा अन्य पूर्वाधारहरुको निर्माण गरी उपयुक्त पठनपाठनको वातावारण तयार गर्ने | • विद्यालयमा मापदण्डअनुसारको पक्कि भवन, पर्खाल, शौचालय, पुस्तकालय निर्माण गरिनेछ<br>• सबै विद्यालयमा इन्टरनेट, कम्प्युटर ल्याब तथा बिज्ञान प्रयोगशाला उपलब्ध गराईनेछ |
| • शत प्रतिशत बिद्यार्थी भर्ना गर्न तथा वीचमै बिद्यालय छोड्ने प्रवृति निरुत्साहित गर्ने | • सबै बाल बच्चाहरु बिद्यालय जाने र वीचमै पढाई नछोड्न उचित छात्रवृतिको ब्यबस्था गरिनेछ |

## ५.१.७ प्रमुख कार्यक्रम

- विद्यालय क्षेत्र सुधार कार्यक्रम,
- शिक्षक क्षमता विकास कार्यक्रम
- सार्वजनिक पुस्तकालय निर्माण
- कृषि, प्राविधिक र सीपमूलक शिक्षा कार्यक्रम,
- नमूना विद्यालय निर्माण कार्यक्रम,
- विद्यालय भौतिक पूर्वाधार स्तरउन्नति कार्यक्रम,
- निम्न आय स्तर तथा जेहेन्दार बिद्यार्थी छात्रवृति,
- विज्ञान प्रयोगशाला विस्तार कार्यक्रम ।

## ५.१.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३ /८४) |
|---|---|---|---|---|---|
| | विद्यालय शिक्षाको गुणस्तर र पहुँचमा बृद्धि भएको हुनेछ । | साक्षरता दर | प्रतिशत | ८३.५१ | १०० |
| | | साक्षरता दर पुरुष | प्रतिशत | ८७.५६ | १०० |
| | | साक्षरता दर महिला | प्रतिशत | ७९.३३ | १०० |
| | | प्रारम्भिक वाल विकास केन्द्र | संख्या | ६० | स्तरउन्नती |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३ /८४) |
|---|---|---|---|---|---|
| | | विद्यालय भर्ना भएका मध्ये बालविकासबाट कक्षा १ भर्ना | प्रतिशत | ७५.५ | १००% |
| | | ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका | प्रतिशत | १०० | कायम राखे |
| | | ५ देखि १२ वर्ष उमेर समुहका बालबालिकाले आधारभूत शिक्षा पाएका | प्रतिशत | ९८.३९ | १०० |
| | | कक्षा छोड्ने विद्यार्थी (कक्षा ६-१२) | प्रतिशत | ३ | ० |
| | | उच्च विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | २ | १२ |
| | | बिज्ञान प्रयोगशाला भएको बिद्यालय (मावि स्तरीय) | संख्या | १० | उच्च स्तरको बनाउने |
| | | प्राविधिक विद्यालय | संख्या | ३ | गुणस्तर सुधार |
| | | मानविकी तथा व्यवस्थापन क्याम्पस | संख्या | ५ | गुणस्तर सुधार |
| | | पुस्तकालय सहितको विद्यालय | संख्या | १२ | स्तर उन्नती गर्ने |
| | | पक्की सामुदायिक विद्यालय भवन | प्रतिशत | १०० | मर्मत सम्भार गर्ने |

(श्रोतः सुनवल स्मार्ट नगर प्रोफाइल २०७७, शैक्षिक दर्पण २०७७, तथा योजना तर्जुमा कार्यशाला, २०७८)

### ५.१.१० अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्ममा सबै माध्यमिक विद्यालयमा उच्च स्तरीय बिज्ञान प्रयोग शाला तथा पुस्तकालय भएको हुनेछ, हरेक बिद्यालयको शैक्षिक गुणस्तर बढेको हुनेछ ।

## ५.२. स्वास्थ्य तथा पोषण

### ५.२.१ बिद्यमान अवस्था

सुनवल नगरपालिकाको डिजिटल स्वास्थ्य प्रोफाइल २०२२ अनुसार सुनवल नगरपालिकामा हाल एउटा अस्पताल, ३ वटा स्वास्थ्य चौकी, ९ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन । त्यसैगरी १७ वटा मेडिकल पसल र एउटा अस्पताल तथा नर्सिंग घर रहेको छ । यस नगरपालिकामा प्रति ३१८९ जनसंख्या बराबर १ जना स्वास्थ्य कार्यकर्ता रहेका छन । यस नगरपालिकामा गर्भवती महिलाहरुको लागि भत्ताको ब्यबस्था गरिएको छ । खाध्य तथा पोषण अन्तरगत सुनवल डिजिटल सर्भे २०७७ अनुसार आफ्नै उत्पादनवाट तीन महिना भन्दा कम खान पुग्ने जनसंख्या ११.४८ प्रतिशत रहेको छ ।

### ५.२.२ अवसर र चुनौती

अवसर

- यातायातको सहज पहुँच भएकाले स्वास्थ्य संस्था सम्म सहज पहुँच
- गर्भवती महिलाका लागि निशुल्क उपचार तथा भत्ताको ब्यबस्थाले मातृ तथा शिशु मृत्युदर एकदम कम
- स्थानीयहरुमा स्वास्थ्य सम्बन्धी चेतना वृद्धि भएकाले स्वास्थ्य हुने गतिबिधिहरु बढ्दै जानु

चुनौती

- गुणस्तरीय स्वास्थ्य सेवाको कमी
- निशुल्क स्वास्थ्य सेवाको पहुँचमा कमी
- स्वास्थ्य कर्मीहरुलाई समय साक्षेप तालिमको अभाव
- स्वास्थ्य संस्थाहरुमा बजेटको अभाव
- कतिपय वडाबाट स्वास्थ्य सेवा पहुँच योग्य ठाउँमा नहुनु
- जनसंख्याको तुलनामा स्वास्थ्य संस्था तथा स्वास्थ्य कार्यकृता कमी

### ५.२.३ दिर्घकालिन सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच मार्फत, स्वस्थ्य नागरिकको विकास ।

### ५.२.४ लक्ष्य

आधारभुत स्वास्थ्य सेवामा सहज पहुँच तथा स्वास्थ्य संस्थाको गुणस्तरीयता वृद्धि गर्ने ।

### ५.२.५ उद्धेश्य

- स्वास्थ्य संस्थाको क्षमता अभिबृद्धि गरी स्वास्थ्यकर्मीको संख्या उल्लेख्य वृद्धि गर्नु

- आधारभुत स्वास्थ्य सेवामा सबैको सहज पहुँच पुर्याउनु
- जनस्वास्थ्य चेतनामा उल्लेख्य वृद्धि भई नागरिक स्वास्थ्यमा सुधार

## ५.२.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच पु-याउने | • नियमित स्वास्थ्य परिक्षण सेवालाई हरेक वडामा उपलव्ध गरिनेछ<br>• हरेक वडा मा एम्बुलेन्स सेवा विस्तार गरी गरिब तथा गर्भवती महिलाहरुको लागि निशुल्क सेवा उपलब्ध गराइनेछ<br>• गर्भवती प्रोत्साहन कार्यक्रम लागु गरी स्वास्थ्य संस्थामा गई उपचार गराउने वातावरण निर्माण गरिनेछ<br>• बिशेषज्ञ चिकित्सकहरुद्वारा हरेक वडामा निशुल्क घुम्ती स्वास्थ्य जाँच सेवा उपलब्ध गराइनेछ<br>• स्वास्थ्य बिमा कार्यक्रम सबै स्थानीयको पहुँचमा पुर्याइनेछ<br>• गरिब तथा बिपन्न बर्गलाई निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइनेछ |
| • आधारभुत स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने | • अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य संस्थाहरुको क्षमता वृद्धि गरिनेछ, हरेक वडामा स्वास्थ्य चौकी निर्माण गरिनेछ<br>• अस्पतालमा बिशेषज्ञ चिकित्सकको ब्यबस्था गरिनेछ साथै चिकित्सकको संख्या उल्लेख्य वृद्धि गरिनेछ<br>• सवै वडाहरुमा स्वास्थचौकी भवन निर्माण, गुणस्तरीय सामग्री, उपकरण, औषधी, ईन्टरनेट सुविधाको व्यवस्था गरिनेछ<br>• स्वास्थ्य संस्थामा पर्याप्त जनशक्ति तथा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ |
| • स्वास्थ्य जीवनशैलीका उपायहरु अवलम्बन गराई संक्रमण रोग नियन्त्रण गर्ने | • कोभिड-१९ लगाएतका महामारी रोगहरुलाई न्युनिकरण गर्न स्वास्थ्य मापदण्डहरु कडाइपुर्वक लागु गरिनेछ<br>• बालबालिका पोषण कार्यक्रमलाई सबै वडाहरुमा चुस्त रुपमा लागु गरिनेछ<br>• नियमित ब्यायाम तथा योग शिबिर संचालनमा ल्याइनेछ |

## ५.२.७ प्रमुख कार्यक्रम

- बर्थिंग केन्द्र स्तरोन्नति,
- सुरक्षित मातृत्व कार्यक्रम,

- अस्पताल निर्माण,
- स्वास्थ्य चौकीहरुको निर्माण तथा स्तरोन्नती कार्यक्रम,
- चिकित्सक तथा स्वास्थ्यकर्मीको संख्या वृद्धि,
- लक्षित बर्गलाई निशुल्क स्वास्थ्य परिक्षण तथा उपचार,
- घुम्ती स्वास्थ्य सेवा,
- गरिब तथा बिपन्न बर्गलाई निशुल्क स्वास्थ्य बिमा,
- महामारी विरुद्ध अभियान संचालन,
- प्रजनन स्वास्थ्य कार्यक्रम,
- बहु पोषण कार्यक्रम ।

### ५.२.८ नतिजा खाका

| नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|
| गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार भएको हुनेछ । | आधारभूत स्वास्थ सेवा केन्द्र | संख्या | ९ | १३ |
| | खोप क्लिनिक | संख्या | ११ | १३ |
| | नगर बर्थिंग सेन्टरमा सुत्केरी गराउने | प्रतिशत | ७.८ | सुरक्षित सेवा दिने |
| | स्वास्थ्य संस्थामा सुत्केरी गराउने | प्रतिशत | १०० | कायम राखे |
| | प्राथमिक स्वास्थ्य स्याहार केन्द्र | संख्या | ० | १ |
| | आवासीय चिकित्सक | संख्या | ० | २ |
| | चिकित्सक अनुपात | अंक | १ | ४ |
| | बर्थिङ्ग सेन्टर | संख्या | १ | ४ |
| | चिकित्सक तथा ओपीडी सहितको अस्पताल | संख्या | ० | २ |
| | स्वास्थ्य चौकी | संख्या | ३ | १३ |
| | बृद्धि अनुगमन गरिएका मध्ये कुपोषित वालवालिका | प्रतिशत | ७ | ५ |
| | क्षयरोगी संख्या (वार्षिक ) | संख्या | ० | |

| नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|
| | परिवार नियोजनको ५ बिधिको सेवा स्वास्थ्य संस्था | संख्या | ३ | ५ |
| | स्वास प्रस्वास जन्य संक्रमण दर | प्रति हजार | ६० | ५० |
| | सि ई ओ सी (अपरेशन सेवा) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ० | १ |
| | सुत्केरी पस्चात ३ पटक जाँच गराउने आउने | प्रतिशत | ५.५ | ६० |
| | प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गर्ने महिला | प्रतिशत | ६१.३ | ९० |
| | दोस्रो दादुरा खोप लिने वालवालिका | प्रतिशत | ९९.७ | १०० |
| | आयुर्बेद औषधालय भवन | संख्या | ० | १ |
| | सर्पदंश केन्द्र | संख्या | १ | स्तरीय बनाउने |
| | झाडा पखला संक्रमण दर | प्रति हजार | १८१ | १२५ |
| | एम्बुलेन्स सेवा | संख्या | ३ | सेवा चुस्त बनाउने |
| | योग प्रशिक्षण केन्द्र | पटक | ० | १ |

(श्रोतः सुनवल स्मार्ट नगर प्रोफाइल २०७७, सुनवल नगरपालिका स्वास्थ्य शाखा तथा योजना तर्जुमा कार्यशाला, २०७८)

### ५.२.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्ममा नगरपालिकाको आफ्नै सुबिधा सम्पन्न अस्पताल तथा हरेक वडा मा स्वास्थ्य चौकीको स्थापना भई संचालनमा आएको हुनेछ। शत प्रतिशत गर्भवती महिलाले सुरक्षित तबरले बच्चा जन्माएका हुनेछन तथा शत प्रतिशत बालबालिकाले उमेरसमूहको खोप लगाएका हुनेछन ।

## ५.३. महिला तथा बालबालिका

### ५.३.१ बिद्यमान अवस्था

सुनवल नगरपालिका स्मार्ट नगर प्रोफाइल २०७७ अनुसार यस नगरपालिकामा महिलाहरुको संख्या ३४,६११ (४८.७४%) र लैंगिक अल्पसंख्यक संख्या ३० रहेको छ। त्यसैगरी सुनवल डिजिटल स्वास्थ्य प्रोफाइल २०२२ अनुसार १४ वर्ष भन्दा मुनिका बालबालिकाको संख्या १७,९६० (२५.३%) रहेको छ। त्यसै गरी हरेक १०० जना पुरुष बराबर ८५ जना महिला रहेका छन्। यस नगरपालिकामा बाल मैत्री तथा छात्रामैत्री संरचनाहरु रहेका छन्। मुलुकको पहिलो बाल मैत्री नगर घोषणा भएको यस नगरपालिकाले बिगत देखि नै बालबालिकाको हितमा काम गर्दै आएको छ।

### ५.३.२ अवसर र चुनौती

अवसर

- महिला उद्यम केन्द्र संचालनमा रहेको
- महिला हिंसाका लागी सचेतना कार्यक्रम संचालन भईरहेको
- नेपालको पहिलो बालमैत्री नगर
- बालमैत्री तथा छात्रा मैत्री संरचनाहरु रहेको
- लैङ्गिक हिंसा निवारण कोष कार्यविधि निर्माण भइ कार्यान्वयन भएको
- बिपन्न तथा गरिब परिवारका बालबालिकाहरुलाई सहुलियत प्रदान गरिएको
- युवा तथा महिलाको लागि स्वरोजगार कार्यक्रम संचालनमा आएको

चुनौती

- महिला तथा पुरुष वीचमा समान काम र समान ज्यालाको अभाव
- महिलाको सामाजिक तथा आर्थिक पक्षमा कमी
- महिला हिंसाका घटना उल्लेख्य रुपमा घट्न नसक्नु
- वहुविवाह लगायतका घटनाहरू विद्यमान

### ५.३.३ दिर्घकालिन सोच

लैंगिक समानतामा आधारित समतामुलक समाज निर्माण ।

### ५.३.४ लक्ष्य

महिला तथा बाल अधिकारको संरक्षण गर्दै समाजका हरेक क्षेत्रमा प्रतिनिधित्व सुनिश्चित गर्ने

### ५.३.५ उद्धेश्य

- समाजमा महिलाहरुको समतामुलक र अर्थपूर्ण सहभागिता वृद्धि गराई मूलप्रवाहीकरण र सशक्तीकरण गर्नु
- आर्थिक, सामाजिक, राजनीतिक लगाएतका क्षेत्रमा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्नु

- महिला तथा बाल हिंसाका घटनाहरु अन्त्य तथा महिला तथा बाल अधिकारको संरक्षण गर्नु

## ५.३.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • महिला अधिकारको रक्षा गर्दै हरेक क्षेत्रमा सक्षम तथा स्ववलम्बी बनाउने | • महिला सीप विकास तालिम तथा महिला उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ<br>• महिला नेतृत्व विकास तथा महिला सशक्तीकरण कार्यक्रम लागु गरिनेछ<br>• महिला माथी हुने सबै किसिमका विभेद तथा उत्पीडनलाई निषेध गरी हरेक क्षेत्रमा महिलाको सहभागिता सुनिश्चित गरिनेछ<br>• महिला उत्थान केन्द्र तथा महिला उद्यम केन्द्र मार्फत महिलाहरुलाई उद्यमशील बनाइनेछ |
| • बालबालिकाको हक अधिकार संरक्षण गर्दै, अधिकारमा पहुँच बढाउने | • प्रत्येक बालबालिकालाई विद्यालयसंग पहुँच पु-याउन गरिब तथा दलित विद्यार्थीहरुलाइ पूर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ<br>• अभिभावकहरुमा जनचेतना मार्फत बालबालिकाको हक अधिकार संरक्षणमा अभिभावकको भूमिका सुनिश्चित गरिनेछ<br>• विद्यालय छाडेका किशोरीहरूको लागी जीवनउपयोगी सीप तथा व्यवसायमूलक कार्यक्रम संचालन गरिनेछ |

## ५.३.७ प्रमुख कार्यक्रम

- महिला सीप विकास तालिम,
- महिला उद्यमशिलता कार्यक्रम,
- महिला नेतृत्व विकास तथा महिला सशक्तीकरण कार्यक्रम,
- महिला उत्थान केन्द्र तथा महिला उद्यम केन्द्रको स्तरउन्नती,
- बालविकास केन्द्रको स्तर उन्नति कार्यक्रम,
- लैंगिक हिंसा बिरुद्ध जनचेतना कार्यक्रम,
- महिला रोजगार प्रबर्द्धन कार्यक्रम ।

### ५.३.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| १ | महिला अधिकारको संरक्षण गर्दै सामाजिक तथा आर्थिक अवसर वृद्धि गर्ने । | बाल क्लब (वडा स्तरीय) | संख्या | १४८ | क्षमता विकास गर्ने |
| | | घरेलु हिंसाबाट पीडित महिला संख्या (दर्ता भएका वार्षिक ) | संख्या | ४१ (२ बर्षको) | घटना उल्लेख्य रुपम कम गर्ने |
| | | महिला विकास तथा बचत, सहकारी आदि | संख्या | ५ | वित्तीय अनुशासन, उत्पादन र रोजगारी सिर्जना हुने गरी लगानी |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ५.३.१० अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्ममा प्रत्येक वडामा भएका बाल क्लबको क्षमता विकास भएको हुनेछ भने रोजगारीमा लागेका महिलाको संख्या ५० प्रतिशत भन्दा बढी हुनेछ भने घरेलु हिंसाबाट पीडित महिलाको संख्यामा उल्लेख्य कमी आउनेछ ।

## ५.४. दलित, उत्पीडित र बर्ग उत्थान

### ५.४.१ बिद्यमान अवस्था

सुनवल नगरपालिकाको डिजिटल प्रोफाइल २०७७ को तथ्याङ्कअनुसार यस नगरपालिकामा दलितको जनसंख्या ८१७७ (११.५%), मुस्लिम जनसंख्या १०७३ (१.५%), मधेसी जनसंख्या ५६२२ (७.९%) तथा जनजाती, क्षेत्री तथा ब्राह्मण बाहेकको जनसंख्या ५०९८ (७.१%) रहेको छ। उक्त सर्भे अनुसार ६० वर्ष उमेर भन्दा माथि उमेर भएका मानिस बस्ने घरधुरीको संख्या ३४०७ रहेको छ । आर्थिक तथा सामाजिक दुवै रुपले पछाडी परेका यो बर्गको उत्थानको निमित्त नगरपालिकामा बिभिन्न कार्यक्रमहरु निर्माण भई संचालनमा आइरहेको छन ।

### ५.४.२ अवसर र चुनौती

अवसर

- दलित, बिपन्न तथा गरिब परिवारका बालबालिकाहरुलाई सहुलियत प्रदान गरिएको
- मदरसा कक्षा संचालनमा रहेको

- जेष्ठ नागरिकलाई दिवा सेवा तथा मनोरंजन कार्यक्रम संचालन भईरहेको
- अपांगमैत्री कार्यक्रम संचालनमा आएको
- दलित बिद्यार्थीलाई दिवा खाजा कार्यक्रम संचालनमा आएको

चुनौती

- दलित तथा पछाडी परेका सामूदायहरु शिक्षा, स्वास्थ्य तथा अन्य सेवामुलक सुबिधाको पहुँचमा पुग्न नसक्नु
- समाजमा अझै पनि दलित तथा पिछडिएको बर्ग माथिको विभेद कायम हुनु
- दलित तथा उत्पीडित बर्गमा चेतनाको अभाव
- फरक क्षमता भएका ब्यक्तिहरुका लागि सामाजिक दृष्टिकोण विभेदपूर्ण हुनु
- बैदेशिक रोजगारी तथा बसाईसराईले गर्दा एकल जेष्ठ नागरिकको संख्या बढ्दै जानु

### ५.४.३ दिर्घकालिन सोच

दलित तथा उत्पीडित वर्गको सहभागितामुलक प्रतिनिधित्व सुनिश्चितता गर्दै, सामाजिक समानता, सामाजिक न्याय र सामाजिक सुरक्षा कायम ।

### ५.४.४ लक्ष्य

समाजका सबै बर्गका लागि आधारभूत सुरक्षा उपलब्ध गराई सम्मानपुर्वक जीवनयापन गर्ने बातावरण सृजना गर्ने

### ५.४.५ उद्धेश्य

- समाजमा जातीय विभेदको अन्त्य भई दलित तथा पिछडिएका बर्ग निर्णय प्रक्रियामा सहभागी गर्नु
- जेष्ठ नागरिकहरुले आधारभूत सुबिधा प्राप्त गरी सम्मानपुर्वक जीवन जिउन पाउने वातावरण निर्माण गर्नु
- अपांगता भएकाहरुलाई सामाजिक तथा आर्थिक रुपले सबलीकरण गर्नु

### ५.४.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • दलित तथा उत्पीडित वर्गको आत्मनिर्भरताका लागि अवसर सृजना गर्ने | • दलित तथा उत्पीडित बर्ग उत्थानका लागि आवस्यक बजेट तर्जुमा गर्दै तालिम प्राप्त जनशक्ती परिचालन गरिनेछ<br>• दलित तथा उत्पीडित बर्ग विभेद अन्त्यको लागि समाजमा जनचेतना तथा विभेदको घटनालाई कानूनको दायरामा ल्याईनेछ<br>• विकास निर्माण तथा निर्णय प्रक्रियामा दलित तथा उत्पीडित बर्गको सहभागिता सुनिश्चित गरिनेछ<br>• दलित, उत्पीडित वर्गको लागि बजार मागमा आधारित वस्तु तयार गर्न हस्तकला, नर्सरी व्यवसाय जस्ता उत्पादनमूलक |

| रणनीति | कार्यनीति |
|---|---|
| | क्षेत्रमा सीप तथा श्रोत हस्तान्तरण गरी उत्पादित वस्तुको बजारीकरणलाई सुनिश्चित गरिनेछ र आर्थिक सबलीकरण गरिनेछ |
| • जेष्ठ नागरिकलाई आधारभूत सेवा सुबिधा उपलब्ध गराई सहज बातावरण सिर्जना गर्ने | • जेष्ठ नागरिक दिवा सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ<br>• जेष्ठ नागरिकका लागि निशुल्क स्वास्थ्य परिक्षण गरिनेछ तथा हरेक तीन महिनामा घुम्ती स्वास्थ्य सेवा उपलब्ध गराइनेछ<br>• जेष्ठ नागरिक प्रति हुने दुर्व्यबहार र हिंसालाई तत्काल कारवाहीको दायरमा ल्याउन यथोचित पहल गरिनेछ<br>• जेष्ठ नागरिकको सुरक्षा र सहजताका लागि सामाजिक सुरक्षा सेवालाई सहज र प्रभावकारी गराइनेछ |
| • अपांगता अधिकार संरक्षण गर्दै सीप विकासका योजना लागु गर्ने | • अपांगता मैत्री पूर्वाधार निर्माण, परिचय—पत्र वितरण, सीप विकास तालिम तथा आवश्यक सामग्रीहरू वितरण गरिनेछ<br>• अपांगहरुको प्रकृति तथा क्षमता अनुसार सीप विकास तालिमहरु उपलब्ध गराइ आर्थिक उपार्जनका कार्यमा लाग्न प्रोत्साहन गरिनेछ |

### ५.४.७ प्रमुख कार्यक्रम

- दलित, उत्पीडित वर्ग समूह सहभागिता तथा नेतृत्व विकास कार्यक्रम,
- दलित, उत्पीडित क्षमता अभिवृद्धि तथा उत्थान स्वरोजगार कार्यक्रम,
- दलित भेदभाव, शोषण, दुव्यवहार र हिंसा बिरुद्ध जनचेतना अभिवृद्धि कार्यक्रम,
- अपांगता ग्राम निर्माण कार्यक्रम,
- अपांग मैत्री सीपमुलक तालिम तथा विकास कार्यक्रम,
- हिंसा पीडित महिलालाई अल्पकालीन आश्रयस्थल,
- जेष्ठ नागरिक दिवा खाजा तथा दिवा सेवा कार्यक्रम,
- जेष्ठ नागरिक सेवा केन्द्र ब्यबस्थापन,
- जेष्ठ नागरिक स्वास्थ्य घुम्ती सेवा कार्यक्रम,
- जेष्ठ नागरिक मिलन तथा मनोरंजन केन्द्र स्थापना तथा स्तरोन्नति कार्यक्रम ।

### ५.४.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| १ | दलित, उत्पीडित तथा लक्षित वर्गको क्षमता, आत्मविश्वास तथा अवसरमा वृद्धि भएको हुनेछ । | दलित बालबालिका विद्यालय भर्नादर | प्रतिशत | ८० | १०० |
| २ | जेष्ठ नागरिकको आधारभूत आवश्यकता पुरा भई सामाजिक सुरक्षा कायम भएको हुनेछ | जेष्ठ नागरिक सेवा केन्द्र | संख्या | १० | १३ |
| | | जेष्ठ नागरिक स्वास्थ्य घुम्ती उपचार सेवा (वार्षिक) | संख्या | १ | २ |
| ३ | अपांगता अधिकार रक्षा गर्दै आत्मनिर्भर बनाइनेछ | घुम्ती स्वास्थ्य सेवा | वार्षिक संख्या | १ | २ |
| | | अपांग मैत्री नगर पालिका तथा वडा कार्यलय | संख्या | ९ | १४ |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ५.४.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्ममा दलित उत्पीडितहरुको आर्थिक सामाजिक अवस्थामा सुधार भएको हुनेछ । जेष्ठ नागरिक सेवा केन्द्र व्यवस्थित रुपमा संचालन हुनेछ ।

## ५.५ आदिवासी जनजाती विकास

### ५.५.१ विद्यमान अवस्था

सुनवल नगरपालिकाको स्मार्ट नगर प्रोफाइल २०७७ को तथ्याङ्कअनुसार यस नगरपालिकामा आदिवासी जनजातीको जनसंख्या २३८३३ (३३.५) प्रतिशत रहेको छ। आदिवासी जनजातीको रुपमा यस नगरपालिकामा मुख्य गरी मगर, गुरुङ, तामाङ, नेवार, थारु जातीहरुको बसोबास रहेको छ। यस नगरपालिकाले आदिवासी जनजातीको उत्थानका लागि लागत संकलन गरी प्रोत्साहनमुलक कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

### ५.५.२ अवसर र चुनौती

अवसर

- आदिवासी जनसंख्यामा परम्परागत ज्ञान हुनु, सांस्कृतिक रुपले अब्बल हुनु तथा सामुदायिक भावना उच्च हुनु
- आदिवासी जनजातीको परम्परागत ज्ञानको संरक्षण तथा सम्बर्द्धन गरी सीप विकास तालिमहरु उपलब्ध गराउन सकिने

चुनौती

- आदिवासी जनजातीले आवश्यक सेवा तथा सुबिधा प्राप्त गर्न नसक्नु
- समाजमा जातीय विभेद अझै पनि कायम रहनु
- आदिवासी जनजातीको सीप विकासमा कमी हुनु

### ५.५.३ दिर्घकालिन सोच

आदिवासी जनजातीको सीप विकास तथा संस्कृति जगेर्ना ।

### ५.५.४ लक्ष्य

आदिवासी जनजातीका आधारभूत सामाजिक सुरक्षा उपलब्ध गराई सम्मानपुर्वक जीवनयापन गर्ने वातावारण सृजना गर्ने

### ५.५.५ उद्धेश्य

- सामाजिक विभेदको अन्त्य भई आदिवासी जनजातीले सम्मानपुर्बक जीवनयापन गर्नु
- सिपमुलक तथा क्षमता विकास तालिम मार्फत आदिवासी जनजातीको आर्थिक तथा सामाजिक रुपान्तरण गर्नु

### ५.५.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • आदिवासी जनजातीको सीप विकास गर्ने | • आदिवासी जनजातीको उत्थान र विकासको लागि प्रोत्साहनमुलुक कार्यक्रमहरु संचालन गरिनेछ<br>• आदिवासी महिलाहरुको विकास तथा क्षमता अभिवृद्धि गर्न हस्तकला अन्य सीपमुलक तालिमहरु उपलब्ध गराईनेछ |
| • आदिवासी जनजातीको संस्कृति संरक्षण गर्दै क्षमता अभिवृद्धि गर्ने | • स्थानीय आदिवासी संस्कृतिको संरक्षण गर्दै आदिवासी जनजातीको संस्कृति सम्बधी पुस्तिका तयार पारिनेछ<br>• आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्द्धन गरिनेछ |

### ५.५.७ प्रमुख कार्यक्रम

- आदिवासी जनजाती उत्थान कार्यक्रम
- आदिवासी संस्कृति जगेर्ना तथा प्रबर्द्धन कार्यक्रम
- आदिवासी जनजाती सीप विकास कार्यक्रम
- संग्रहालय निर्माण
- स्थानीय बाजा,कला, साहित्य, भाषा, संस्कृति संरक्षण तथा प्रवर्द्धन

### ५.५.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| | आदिवासी जनजातीको संस्कृति संरक्षण र क्षमता अभिवृद्धि गरिनेछ | आदिवासी जनजाती संस्कृति संग्राहलय | संख्या | ० | १ |
| | | मौलिक कला तथा संस्कृति प्रदर्शनी कार्यक्रम (महोत्सब) | वार्षिक संख्या | ० | १ |
| | | आदिवासी जनजाती पुस्तिका प्रकाशन | संख्या प्रति वर्ष | ० | १ |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ५.५.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्म १ वटा आदिवासी जनजाती संस्कृति संग्राहलय तथा वर्षमा एकपटक आदिवासी मौलिक कला तथा प्रदर्शनी कार्यक्रम संचालन भएको हुनेछ ।

## ५.६ बाल अधिकार तथा बाल संरक्षण

### ५.६.१ बिद्यमान अवस्था

सुनवल नगरपालिका नेपालकै पहिलो बाल मैत्री स्थानीय शासन लागु भएको नगरपालिका हो। यस नगरपालिकामा गरिब विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ।यस नगरपालिकामा ११७ वटा बाल चेतना समुह तथा १४८ वटा बाल क्लबहरु रहेका छन । समय समयमा खेलकुद प्रतियोगिता तथा अन्य अतिरिक्त क्रियाकलापहरु संचालन गरी बालबालिकाको व्यक्तिगत विकासमा जोड दिदै आएको छ ।

### ५.६.२ अवसर र चुनौती

अवसर

- विद्यालय जाने बालबालिकाको संख्या उल्लेख्य रुपमा रहेको

- बालबालिकाहरुको विकासका लागि नियमित रुपमा खेलकुद तथा अन्य कार्यक्रमहरु संचालनमा आएका
- बाल मैत्री शासन सबै वडामा लागु भएको

चुनौती

- बाल विवाह, बालश्रम र बालबालिका बेचबिखन जस्ता सामाजिक अपराधहरु विद्यमान रहेका
- विद्यालय वीचमै छोड्ने विद्यार्थी संख्या धेरै रहेका
- सडक बालबालिकाहरुको उचित व्यवस्थापनमा कठिनाइ

### ५.६.३ दिर्घकालिन सोच

बाल अधिकार संरक्षण र प्रवर्द्धन गरी सबल नागरिक निर्माण ।

### ५.६.४ लक्ष्य

बाल मैत्री शासन पूर्ण प्रभावकारी ढंगले लागु गर्ने तथा हरेक क्षेत्रमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु

### ५.६.५ उद्धेश्य

- बालश्रम, बाल बिबाह तथा बाल बालिकामाथिको हिंसा अन्त्य गर्नु
- बाल क्लब तथा बाल चेतना समुहहरुले आफ्नो अधिकारको वकालत गर्नु

### ५.६.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| बाल अधिकारको संरक्षण गर्दै बालबालिकाको सहभागिता बढाउने | • बालश्रम अन्त्य, बालविवाह अन्त्य, बाल हिंसा अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ<br>• बाल अधिकार हनन हुन नदिन बालअधिकार संरक्षण र पैरवी कार्यक्रम संचालन गरिनेछ<br>• बाल अधिकार हननका घटनाहरुलाई पैरवी गर्न प्रत्येक वडामा बाल अधिकार निगरानी समुह गठन गरिनेछ<br>• बालबालिकाको क्षमता अभिवृद्धिको लागि बालबालिका ओलम्पिक कार्यक्रम लागु गरिनेछ |

### ५.६.७ प्रमुख कार्यक्रम

- बाल अधिकार चेतना समुह गठन तथा पैरवी कार्यक्रम,
- बाल मैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रम,
- बाल अधिकार संरक्षण कार्यक्रम,
- बालबालिका ओलम्पिक कार्यक्रम ।

### ५.६.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| | बाल अधिकारको संरक्षण हुनेछ | बाल चेतना समुह | संख्या | ११७ | क्षमता बढाउने |
| | | बाल क्लब (वडा स्तरीय) | संख्या | १४८ | क्षमता बढाउने |
| | | बालउद्यान | संख्या | ३ | १३ |
| | | बाल बिबाह घटना | प्रतिशत | ७ | ० |
| | | बाल मैत्री स्थानीय शासन प्रवर्द्धन भएको वडा | संख्या | १३ | प्रभावकारी बनाउने |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, २०७८)

### ५.६.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्यमा बालमैत्री स्थानीय शासन प्रभावकारी ढंगले सबै वडामा लागु भएको हुनेछ ।

## ५.७ युवा तथा खेलकुद

### ५.७.१ बिद्यमान अवस्था

सुनवल नगरपालिकाको स्मार्ट नगर प्रोफाइल २०७७ अनुसार १५ देखि ६८ बर्ष उमेर समुह भएका घरधुरीको संख्या १०१९५ रहेको छ। हाल युवा तथा महिला स्वरोजगार कार्यक्रम संचालनमा रहेको छ। यस नगरपालिकामा वडा स्तरीय प्रतियोगिताहरु संचालन हुने गरेका छन् भने युवाहरु अन्तरपालिका स्तरीय प्रतियोगिताहरुमा सहभागी हुने गरेका छन।

### ५.७.२ अवसर र चुनौती

अवसर

- युवा तथा स्वरोजगार कार्यक्रम संचालनमा आएको
- युवाहरुमा खेलकुद प्रति आकर्षण बढेको
- युवाहरु संगीत, नृत्य, प्रतिभाकला प्रतियोगीतामा सहभागी हुने क्रम बढ्दै गएको
- किशोरी लक्षित प्रतियोगिताहरु बढ्दै गरेको
- विदेशबाट फर्केर आएका युवाहरु आफ्नै उद्यम संचालन गरी बसेका

चुनौती

- युवाहरूमा खेलकुद तथा अन्य सीपको कमी रहेको
- उत्पादन तथा उत्पादकत्वमा लागेका युवाहरुको संख्या न्यून
- ब्यबस्थित खेलमैदानको कमी, खेल प्रशिक्षकको व्यवस्था नहुनु, लगातार रुपमा खेलकुद प्रतियोगिताहरूको आयोजना हुन नसक्नु, उत्कृष्ट खेलाडीहरूको सम्मान हुन नसक्नु
- किशोर किशोरी तथा युवाहरुमा दुर्व्यसनी तथा सामाजिक संजालको दुरुपयोग हुनु

### ५.७.३ दिर्घकालिन सोच

खेलकुद क्षेत्रको समग्र विकास गरी युवाहरुको ब्यक्तित्व विकास

### ५.७.४ लक्ष्य

सीपयुक्त, सवल युवा जनशक्ति तयार गर्दै खेलकुदमा व्यवसायिकताको अवसर सृजना गर्ने ।

### ५.७.५ उद्धेश्य

- युवा रोजगारीका नयाँ अवसर सृजना गर्नु
- खेलकुद पूर्वधारहरुको विकास एवम् युवाहरुलाई प्रशिक्षण मार्फत खेलकुद क्षेत्रको समग्र विकास गर्नु

### ५.७.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • खेल मैदानको व्यवस्था तथा खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहनको व्यवस्था गर्ने | • युवा स्वरोजगार कार्यक्रमलाई थप प्रभावकारी ढंगले कार्यन्वयनमा ल्याइनेछ<br>• पालिकामा रंगशाला, हरेक विद्यालयमा खेलमैदान र आवश्यकता अनुसार ब्यायामशाला तथा कभर्डहल निर्माण गरिनेछ<br>• स्थानीय प्रतिभा खोजी कार्यक्रम लागु गरिनेछ<br>• नगरपालिका भित्र नै खेल प्रशिक्षण, तालिम, तथा खेलाडी हरुलाई आवश्यक खेल सामाग्री उपलब्ध गराईनेछ |
| • युवा रोजगारीका नयाँ अबसर सृजना गर्ने तथा लागु पदार्थ दुर्व्यसन नियन्त्रण गर्ने | • लागुपदार्थ दुर्व्यसनी बिरुद्ध उचित कदम चालिनेछ<br>• युवा तथा महिलाहरुलाई सीप विकास तालिम दिई स्थानीय स्तरमा नै रोजगारी प्रवर्द्धन गरिनेछ |

### ५.७.७ प्रमुख कार्यक्रम

- स्थानीय प्रतिभा खोजि कार्यक्रम,
- युवा सीप तथा क्षमता विकास कार्यक्रम,

- लागु पदार्थ दुर्व्यसन नियन्त्रण कार्यक्रम,
- युवा क्लब गठन तथा संचालन,
- खेल पूर्वाधार निर्माण (रंगशाला ,खेल मैदान स्तर उन्नती, ब्यायामशाला, कभर्ड हल)।

### ५.७.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| | खेलकुद, क्षेत्रमा युवा सहभागिता वृद्धि भएको हुनेछ । | खेल मैदान | संख्या | १३ | प्रत्येक विद्यालयमा |
| | | रंगशाला | संख्या | ४ | स्तरीय बनाउने |
| | | कभर्ड हल | संख्या | १ | स्तर उन्नती गर्ने |
| | | युवा क्लब | संख्या | ८ | १३ |
| | | वडा स्तरीय पुरुष फुटबल, भलिबल, क्रिकेट प्रतियोगीता | वार्षिक संख्या | १ | २ |
| | | वडा स्तरीय महिला फुटबल, भलिबल, क्रिकेट प्रतियोगीता | वार्षिक संख्या | ० | १ |
| | | अन्तरपालिका स्तरीय खेलकुद प्रतियोगिता | वार्षिक संख्या | ० | १ |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ५.७.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्यसम्म ४ वटा स्तरीय खेल रङ्गशाला तथा १ वटा स्तरीय कभर्ड हल स्थापना भई वार्षिक रुपमा वडास्तरीय र पालिकास्तरीय खेलकुद प्रतियोगिता संचालन भएको हुनेछ ।

## ५.८ खानेपानी तथा सरसफाई

### ५.८.१ बिद्यमान अवस्था

सुनवल नगरपालिकामा अधिकांश मानिसहरूले पानी पिउनका लागि ट्युबवेल/हाते पम्प तथा पाईप धारा प्रयोग गर्दछन। सुनवल नगरपालिकाको स्मार्ट नगर प्रोफाइल २०७७ अनुसार यस नगरपालिकाका ४७.९ प्रतिशत घरधुरीले खानेपानी श्रोतको रुपमा ट्युबवेल/ हातेपम्प प्रयोग गर्दछन भने लगभग त्यती प्रतिशत नै घरधुरीले (४७.१)ले पाईप धारा प्रयोग गर्दछन। खानेपानीको आपूर्ति

र सरसफाइको अभाव सुनवलको मुख्य वातावरणीय समस्याको रुपमा रहेको छ। यस नगरपालिकामामा घरायसी, औद्योगिक र अस्पतालको फोहोरको लागि पिट प्रणालीद्वारा फोहोर व्यवस्थापन लागू गरिएको छ यद्यपी प्रभावकारी ढंगले कार्यन्वयन हुन सकेको छ।

### ५.८.२ अवसर र चुनौती

अवसर

- सुनवल खानेपानी आयोजना संचालनमा आउन लागेको
- जनतामा स्वच्छ खानेपानी र सरसफाइ सम्बन्धी चेतनामा क्रमशः वृद्धि हुँदै गएको

चुनौती

- औद्योगिक फोहोर जलाएर खोलामा फाल्ने चलन बढ्दै जानु
- अस्पतालको फोहोर व्यवस्थापनका लागि जलाउने अभ्यास गरिनु
- घरायसी, औद्योगिक र अस्पतालको फोहोरको व्यवस्थापनमा चुनौती
- सार्वजिनक शौचालय नहुनु
- पानी शुद्धीकरण नगरी प्रयोग गर्ने प्रवृति
- फोहर संकलन नगरी जथाभाबी फाल्ने प्रवृतिहरु

### ५.८.३ दिर्घकालिन सोच

पूर्ण सरसफाई तथा स्वच्छ खानेपानीमा सबैको पहुँच भएको नगरपालिका ।

### ५.८.४ लक्ष्य

हरेक घरमा स्वच्छ खानेपानी उपलब्ध गराउने तथा नगर स्वच्छ तथा सफा राख्ने ।

### ५.८.५ उद्धेश्य

- नगरका हरेक घरमा स्वच्छ पिउने पानी उपलब्ध गराउनु
- फोहरमैलाको उचित व्यवस्थापन गरी नगर सरसफाई कायम गर्नु

### ५.८.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • हरेक घरमा स्वच्छ तथा सफा खानेपानीको उपलब्धता सुनिश्चित गर्ने | • एक घर एक धाराको अवधारणा कार्यन्वयनमा ल्याई समानुपातिक रुपले आर्सेनिक मुक्त खानेपानी वितरण गरिनेछ<br>• खानेपानीको श्रोतहरुको पहिचान गरी श्रोतहरु संरक्षण गरिनेछ<br>• शहरी भागहरु र व्यस्त हुने सडकिय भागहरुमा सार्वजनिक खानेपानीको धारा जडान गरिनेछ<br>• पानी शुद्धीकरण विधिहरुको जानकारी गराई पानी |

| रणनीति | कार्यनीति |
|---|---|
| | शुद्धीकरण गर्न प्रोत्साहन गरिनेछ |
| • नगर तथा बजार क्षेत्र स्वच्छ तथा सफा राख्ने | • सरसफाई तथा फोहरमैला व्यवस्थापनको लागि छुट्टै संयन्त्र निर्माण गरी नगर सरसफाई अभियान संचालन गरिनेछ<br>• नगरपालिकाका हरेक वडामा सरसफाई समिति बनाइ त्यस वडाको सरसफाईको व्यवस्थापन समिति मार्फत गरिनेछ<br>• नगर क्षेत्रका घरहरुबाट निस्कने फोहोर मैला बर्गिकरण गरी व्यवस्थापन गर्ने प्रणाली विकास गरिनेछ |

## ५.८.७ प्रमुख कार्यक्रम

- खानेपानी मर्मत तथा विस्तार आयोजना,
- सरसफाई जनचेतना अभिवृद्धि कार्यक्रम,
- फोहरमैला संकलन तथा व्यवस्थापन,
- फोहर संकलन यातायात खरिद,
- पूर्ण सरसफाई कार्यक्रम ।

## ५.८.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था ०७८-०७९ | आवधिक योजनाको अन्त्यको स्थिति ०८३/८४) |
|---|---|---|---|---|---|
| १ | नियमित तथा सुरक्षित खानेपानी प्रणालीको विकास र फोहरमैला तथा सरसफाईको उचित व्यवस्थापन गर्ने । | सुरक्षित चर्पीको सुबिधा नभएको घरधुरी | प्रतिशत | १.५ | ० |
| | | सुरक्षित सुविधायुक्त चर्पी भएको घरधुरी | प्रतिशत | ३६ | ७५ |
| | | पूर्ण सरसफाइको सूचक पुरा भएको घरधुरी | प्रतिशत | ५३.८ | ९० |
| | | नगरपालिकाले फोहर मैला संकलन गर्ने घरधुरी | प्रतिशत | ८४.२ | १०० |
| | | पानी शुद्धीकरण गरी पिउने घरधुरी | प्रतिशत | ४७.५ | ९० |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था ०७८-०७९ | आवधिक योजनाको अन्त्यको स्थिति ०८३/८४) |
|---|---|---|---|---|---|
| | | पानी शुद्धीकरणको कुनै पनि बिधि प्रयोग नगरी पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ५२.५ | १० |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ५.८.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्यसम्ममा पूर्ण सरसफाई सूचक पुरा भएको घरधुरी ९० प्रतिशत तथा पानी शुद्धीकरण गरि प्रयोग गर्ने घरधुरी ९० प्रतिशत हुनेछन।

# परिच्छेद- ६ भौतिक पूर्वाधार विकास

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रुपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो। कुनै पनि स्थानको विकासको मापन भौतिक संरचनाको विकासले देखाउँछ साथै आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार विकास आवश्यकता पर्दछ। पूर्वाधार विकास क्षेत्र अन्तरगत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन्।व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रुपमा लिने गरिएको छ।यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य ७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य-९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (शहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसंग सम्वन्धित रहेका छन् ।

## ६.१ सडक तथा यातायात क्षेत्र

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे बमोजिम तहगत सरकारको अधीनमा रहने सडक सञ्जालको विकास तथा विस्तारको जिम्मेवारी सम्बन्धित सरकारको मातहत रहने व्यवस्था छ । मुलुकको आर्थिक तथा सामाजिक विकासलाई गतिशील पार्न, स्थानीय जनताको सेवा सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरण एवम् प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पु-याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ ।

### ६.१.१ बिद्यमान अवस्था

यस नगरपालिकामा हरेक वडामा यातायातको पहुँच रहेको छ सबै सडक बाहैं महिना संचालन हुन्छन।यस नगरपालिकाको ४० प्रतिशत बाटो कालोपत्रे रहेको छ। यस नगरपालिकामा ७५ प्रतिशत कल्भट तथा पुल बनिसकेको छ। पुर्व पश्चिम राजमार्ग यस नगरपालिकामा पर्ने हुँदा बुटवल, भैरहवा, नेपालगन्ज, नारायणगढ जस्ता शहरमा सहज रुपमा आवाज जावत गर्न सकिन्छ।

### ६.१.२ अवसर र चुनौती

अवसर

- यस नगरपालिका सबै वडामा सडक संजाल विस्तार भएकाले अरु पूर्वाधार निर्माण, उद्योग स्थापना, स्थानीय उत्पादनको निर्यात र पर्यटन क्षेत्रको विकास गर्न सकिने
- भारतसंग सिधै सडक संजाल भएकाले यस क्षेत्रमा उत्पादित कृषि तथा औद्योगिक सामग्रीको निर्यात गरी आर्थिक लाभ लिन सकिने
- निर्माणाधीन लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थल संग बैकल्पिक र छोटो दुरीको सडक भएकाले पर्यटकीय तथा ब्यापारीक दृष्टिकोणले फाइदा उठाउन सकिने

चुनौती

- नगरपालिकाको आफ्नै स्थानीय नगर बस संचालनमा नभएको

- यातायात गुरु योजना नभएको
- ढल निकासको ब्यवस्था नभएको
- बसपार्क नभएको
- सबै खोलाहरुमा पुल निर्माण हुन नसक्नु तथा कच्ची बाटो धेरै हुनु

### ६.१.३ दिर्घकालिन सोच

गुणस्तरीय सडक निर्माण गरी आम नागरिकको जनजीवन सहज बनाउने ।

### ६.१.४ लक्ष्य

सबै बस्तीहरुमा स्तरीय सडक संजाल संगै सुलभ र भरपर्दो यातायात सुबिधाको विस्तार गर्ने

### ६.१.५. उद्धेश्य

- सबै वडामा गुणस्तरीय सडक पुर्याउनु
- भरपर्दो र सहज यातायात प्रणाली विकास गर्नु
- वैकल्पिक यातायात पूर्वाधारहरु विकास गर्नु

### ६.१.६ रणनीति र कार्यनीति

| णनीति | कार्यनीति |
|---|---|
| • गुणस्तरीय सडक निर्माण गरी स्थानीय जनजीवन सहज बनाउने | • नगरपालिकाको सबै बस्तिहरुमा सडक विस्तार गरिनुका साथै भईरहेको सडकहरुको स्तरोन्नति गरिनेछ<br>• नगरपालिकाले आफ्नै नगर बस संचालनमा ल्याउनेछ<br>• सडकसंग जोडिएका खोल्सा तथा खोलाहरुमा पक्कि पूलहरु तथा कल्भर्ट बनाइनेछन<br>• व्यवस्थित बसपार्क र प्रतिक्षालयहरु निर्माण गरिनेछ |

### ६.१.७ प्रमुख कार्यक्रम

- सडक निर्माण कार्यक्रम,
- चक्रपथ निर्माण,
- सडक कालोपत्रे, नाली निर्माण तथा सडक स्तरोन्नति कार्यक्रम,
- पक्कि पूल निर्माण
- कल्भर्ट निर्माण तथा मर्मत संभार,
- व्यवस्थित बसपार्क तथा प्रतिक्षालय निर्माण ।

### ६.१.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| १ | गुणस्तरीय सडकको निर्माण गरी स्थानीय जनजीवन सहज बनाइनेछ । | पक्की सडक | कि.मि. | १७५ | २५० |
| | | ग्रावेल सडक | कि. मि. | २६६ | ५० |
| | | पक्कि पुल निर्माण | संख्या | ३ | सबै ठाउँमा |
| | | दैनिक संचालनमा रहेका सार्वजनिक सवारी साधन | संख्या | ० | १० |
| | | सार्वजनिक सवारी साधन संचालन हुने रुट | संख्या | ० | ३ |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ६.१.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्ममा पक्की सडक २५० कि.मि. हुनेछ तथा सबै स्थानीय खोलाहरुमा पक्की पुल निर्माण भएको हुनेछ र हरेक वडामा सहज रुपमा सवारीसाधनहरु संचालन भएका हुनेछन ।

## ६.२ सञ्चार

नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवं सूचनाका हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ। आर्थिक विकासको संवाहक एवं उत्प्रेरकको रुपमा रहेको सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यवसायिक, सक्षम र सवल बनाउने दायित्व र जिम्मेवारी हरेक स्थानीय सरकारको हुन्छ। दिगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा उल्लेख्य वृद्धि गर्ने उल्लेख गरेको छ । सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी र सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा विकास गर्नु हरेक स्थानीय सरकारको दायित्व हो ।

### ६.२.१ बिद्यमान अवस्था

यस नगरपालिकाको सबै वडामा संचार सेवा पुगेको छ। नगरपालिकाको सबै वडामा नेपाल टेलिकम तथा एनशेलका नेटवर्कहरु उपलब्ध रहेका छन्। यहाँ बिभिन्न इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले आफ्नो सेवा विस्तार गरेका छन्। यहाँ २ वटा रेडियो तथा एफ. एम. स्टेशन रहेका छन भने आसपासका पालिका तथा जिल्लाहरुबाट प्रसारण हुने रेडियो तथा एफ. एम. सहजै सुन्न पाइन्छ।

## ६.२.२ अवसर र चुनौती

अवसर

- यस नगरपालिकाको अधिकांश क्षेत्रमा मोबाइल नेटवर्कको कभरेज रहेको तथा इन्टरनेटको पहुँच बढ्दै जानु
- अधिकांश घरधुरी मोबाइल तथा संचारको पहुँचमा रहेको
- युवाहरुले मोबाइल चलाउने र इन्टरनेटको नयाँ प्रविधि संग घुलमिल हुँदै गएकाले इन्टरनेट प्रयोगबाट ज्ञान तथा सूचना आदान प्रदान गर्न सहज हुने

चुनौती

- कमजोर आर्थिक आवस्थाको कारणले लक्षित वर्गमा सूचना तथा संचार प्रविधिको पहुँच नहुनु
- इन्टरनेट सेवा प्रदायक कम्पनीहरु बजार केन्द्रित हुनु
- एकीकृत तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रणालीको अभाव हुनु
- नगरपालिका भित्र यथेष्ट संख्यामा एफ.एम. तथा पत्र पत्रिका प्रकाशन नहुनु

## ६.२.३ दिर्घकालिन सोच

युवा सीप विकासको आधार; सूचना तथा संचारको विकास

## ६.२.४ लक्ष्य

स्थानीयवासीलाई सहज रुपमा सूचना तथा संचारको पहुँच पु-याउने ।

## ६.२.५ उद्धेश्य

- सबै स्थानीय बासीलाई संचारको पहुँचमा पुर्याउनु
- आफ्नै स्थानीय टेलिभिजन, एफएम स्टेसन तथा पत्रपत्रिकाको विकास गर्नु
- सबै घरधुरी सम्म पुग्ने गरी इन्टरनेटको पूर्वधार विकास गर्नु

## ६.२.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • स्थानीय वासीलाई सूचना तथा संचार माध्यमसंग सहज पहुँच पु-याउने | • हरेक वडा कार्यलयमा इन्टरनेटको सेवा पु-याइ निशुल्क वाई-फाई क्षेत्र बनाइनेछ<br>• मोबाइल नेटवर्क नपुगेको ठाउँमा टेलिकम संग समन्वय गरेर नेटवर्क पुर्याईनेछ<br>• पालिकामै स्थानीय एफ.एम., टेलिभिजन च्यानल, पत्रपत्रिका स्थापनाको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ<br>• इन्टरनेटको पहुँच हरेक घरमा पुर्याउन सेवा प्रदायकलाई प्रोत्साहन तथा सहुलियत दिइनेछ<br>• सार्वजनिक स्थानमा निशुल्क वाई फाई सेवा उपलब्ध गराइनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | • युवा लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम (फोटोग्राफी, कम्प्युटर सफ्टवेयरहरुको प्रयोग, भिडियो तथा कथा बनाउने प्रशिक्षण) संचालन गरी स्वरोजगारी अवसर प्रदान गरिनेछ |

## ६.२.७ प्रमुख कार्यक्रम

- फ्री वाइफाई जोन, अप्टिकल फाइवर विस्तार,
- विद्युतिय सूचना पाटी जडान तथा विस्तार कार्यक्रम,
- युवा बर्गलाई डिजाइनिङ, प्रोग्रामिङ, तथ्यांक ब्यबस्थापन, वेव साइट विकास सम्बन्धी तालिम तथा दक्षता अभिवृद्धि कार्यक्रम,
- सूचना प्रविधिमा आधारित स्वरोजगारी तथा उद्यमशिलाता विकास कार्यक्रम

## ६.२.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| १ | स्थानीयवासीको सूचना तथा संचार प्रविधिमा सहज पहुँच हुनेछ । | एफ एम स्टेशन | संख्या | २ | ४ |
| | | टेलिभिजन उपलब्ध घरधुरी | प्रतिशत | ४० | ८० |
| | | इन्टरनेट सेवा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८५ | ९५ |
| | | टेलिफोन/मोबाइल प्रयोगकर्ता घरधुरी | प्रतिशत | ९५ | १०० |
| | | फ्रि वाइफाइ जोन | संख्या | ० | २० |
| | | सी सी टि भी जडान | संख्या | ३ | १५ |
| | | सूचना प्रविधि सम्बन्धि अनुशीक्षण कर्मचारी तथा जनप्रतिनिधि | संख्या | ३ | सवै |
| | | वार्षिक समाचार बुलेटिन | संख्या | ० | २ |

(श्रोत: आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ६.२.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्ममा नगरपालिकाका हरेक घर संचारसंग जोडिएको हुनेछ।

## ६.३ विद्युत तथा उर्जा

जलविद्युत आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण माध्यम हो। संघीय सरकार र प्रदेश सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको छ । विद्युत विकास र व्यवस्थापनमा स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुन्छ।

### ६.३.१ बिद्यमान अवस्था

सुनवल नगरपालिकाका अधिकांस घरधुरीमा बिद्युत पुगेको छ तथा कतिपय ठाउँमा पुग्ने अवस्थामा छ। यस नगरपालिकाको सहरी क्षेत्रमा बसोबास गर्ने घरधुरीले खाना बनाउन ग्यासको प्रयोग गर्दछन भने ग्रामिण क्षेत्रका अधिकांस घरधुरीले दाउराको प्रयोग गर्दछन। एकदम न्यून घरधुरीले नवीकरणीय उर्जा प्रयोग गर्दछन ।

### ६.३.२ अवसर र चुनौती

अवसर

- यस नगरपालिकाको सबै वडामा बिद्युत पूर्वाधार रहनु
- भौगोलिक सहजताले गर्दा सबै ठाउँमा बिजुली पु-याउन सहज हुने अवस्था छ
- सौर्य उर्जाको प्रयोग गर्न सहज रहेको
- नवीकरणीय उर्जाको प्रबर्द्धन गरी लाभ लिन सकिने

चुनौती

- प्रसारण लाईनको उपलब्धताको अभावमा गरिब तथा पिछडीएको वर्ग सम्म बिद्युत पुग्न नसक्नु
- नवीकरणीय उर्जाको प्रयोगमा कमी
- ग्रामिण क्षेत्रमा दाउराको प्रयोगबाट खाना पकाउने घरधुरी उल्लेख्य हुनु

### ६.३.३ दिर्घकालिन सोच

विद्युतीय उर्जा विस्तार नगरपालिकाको दिगो आर्थिक विकासको आधार ।

### ६.३.४ लक्ष्य

विद्युतीय श्रोतको अधिकतम सदुपयोग गरी आर्थिक सम्बृद्धिमा योगदान पुर्याउने

### ६.३.५ उद्धेश्य

- बिद्युतमा सबै जनताको पहुँच पुर्याउनु
- विद्युतीय खपत बढाउन स्थानीयलाई प्रोत्साहन गर्नु
- बैकल्पिक उर्जाको सम्भावना अध्ययन गरी बैकल्पिक उर्जा प्रवर्द्धन गर्नु

### ६.३.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • सबै घरधुरी सम्म विद्युत को पहुँच विस्तार गर्ने | • गरिब तथा उत्पीडित लक्षित वर्गलाई निशुल्क विद्युत सुविधा उपलब्ध गराइनेछ<br>• विद्युत प्रसारणको लागि पुराना जिर्ण अवस्थामा रहेको पोलहरुलाइ विस्थापन गरी नयाँ पोलहरु राखिनेछ<br>• आवश्यक स्थानहरुमा ट्रान्सफर्मर जडान गरी हरेक वडाहरुमा ३ फेज लाइनको विस्तार गरिनेछ<br>• खान पकाउनको लागि स्वच्छ उर्जा (विद्युत, बायो ग्याँस, सुधारिएको चुलो) को प्रयोग बढाईनेछ<br>• बैकल्पिक उर्जा जस्तै सोलार, गोबर ग्याँसको उत्पादन र प्रयोगलाइ प्रोत्साहन गरिनेछ |

### ६.३.७ प्रमुख कार्यक्रम

- विद्युत क्षमता वृद्धि तथा प्रसारण लाइनको विस्तार,
- विद्युतीय पोलहरुको मर्मत सम्भार तथा जिर्ण पोल तथा ट्रान्सफर्मरहरुको प्रतिस्थापन,
- सुधारिएको चुलो/ इन्डक्सन चुलो वितरण,
- बैकल्पिक उर्जाको उत्पादन तथा प्रयोगको लागि जनचेतना कार्यक्रम संचालन ।

### ६.३.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| १ | विद्युतीय तथा स्वच्छ उर्जाको उपयोग सहज तथा भरपर्दो भएको हुनेछ । | सडक वत्ती जडान भएका स्थान | संख्या | ५० | २५० |
| | | विद्युत सेवा उपलब्ध घरधुरी | प्रतिशत | ९७ | १०० |
| | | खाना पकाउन इन्धनको रुपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | २९ | १० |
| | | खाना पकाउन बिजुली प्रयोग गर्ने घरधुरी | प्रतिशत | ०.१२ | १५ |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ६.३.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्ममा शत प्रतिशत घरधुरीले विद्युतीय उर्जा प्रयोग गरेका हुनेछन भने ८० प्रतिशत घरधुरीले खाना पकाउन स्वच्छ उर्जा प्रयोग गरेका हुनेछन ।

## ६.४ भवन तथा वस्ति विकास

### ६.४.१ बिद्यमान अवस्था

नेपालको संविधानले योजनावद्ध बसोबास, पूर्वाधारको विकास, बातावरणमैत्री सुरक्षित आवासको नागरिक हकलाई प्रत्याभूति गरेको छ। आवासको प्रकार र बस्तीको बनावट अनुसार यस नगरपालिकामा मिश्रित किसिमको पूर्वाधार रहेको छ। यस नगरपालिकामा अधिकांश बस्तीहरु बाक्ला छन भने अर्ध पक्कि तथा कच्चि घरहरुको संख्याको बाहुल्यता रहेको छ । स्थानीय सरकार गठन भईसके पछी खरको छाना ८० प्रतिशतले विस्थापित भईसकेको छ। नगरपालिकाले नगरको ८० प्रतिशत भन्दा बढी निजी आवासहरुको नक्सा अभिलेखन गरिसकेको छ भने नक्सापास नगरी निजी भवनहरुको निर्माण गर्न रोक लगाइएको छ। नगरपालिकाले ठाउँ ठाउँमा प्रतिक्षालयहरु तथा मन्दिरहरुको निर्माण गरिरहेको छ ।

### ६.४.२ अवसर र चुनौती

अवसर

- समथर भूभाग भएकाले आवास निर्माण तथा बस्ती विकास गर्न भौगोलिकरुपले सहज रहेको
- आवास निर्माणका निमित्त चाहिने कच्चा पदार्थ तथा जनशक्ति नगरपालिकामा नै उपलब्ध भएकाले आर्थिक रुपले पनि सस्तो तथा सहज हुने
- ब्यबस्थित हाटबजार रहेको
- नक्सा पास तथा भवन निर्माण सम्बन्धी ब्यबस्था भएको
- प्रतिक्षालय तथा मन्दिरहरुको निर्माण हुने क्रम जारी रहेको
- विप्रेषण आप्रवाहले आवास ब्यबस्था गर्ने क्षमता विस्तार भईरहेको

चुनौती

- गरिबीको रेखामुनी रहेका जनताको निमित्त सुरक्षित आवासको लागि आवश्यक श्रोत जुटाउन मुस्किल हुनु
- बढ्दो जनसंख्याको कारण जथाभाबी रुपमा घर बनाउने परिपाटी रहेकाले खेति योग्य जमिनमा ह्रास आउनु
- सुकुम्बासी तथा भूमिहीनहरुलाई सुरक्षित आवासको पहुँचमा पुर्याउन समस्या
- शहरी क्षेत्रमा अव्यवस्थित बस्ती विस्तार तथा घर जग्गा महंगी बढ्नु

### ६.४.३ दिर्घकालिन सोच

सबैका लागि सुरक्षित तथा ब्यबस्थित आवासको सुनिश्चितता ।

### ६.४.४ लक्ष्य

स्थानीय सामग्री तथा प्रविधिको समुचित प्रयोग र एकीकृत बस्ती विकास मार्फत ब्यबस्थित आवास र वस्ती निर्माण गर्ने

### ६.४.५ उद्धेश्य

- सबै नागरिकलाई सुरक्षित आवासको ब्यबस्था र एकीकृत बस्ती विकास गर्नु

### ६.४.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • आवास क्षेत्र निर्धारण गरी एकीकृत वस्ती विकास गर्ने | • सीमान्तकृत, लोपोन्मुख, दलित र अति बिपन्नका लागी एकीकृत बस्तिको अवधारणा अघि बढाइनेछ<br>• न्यून बर्गीय परिवारहरुको लागि आवास निर्माणमा सहुलियत दिइनेछ<br>• सुकुम्बासी तथा भूमिहीनहरुलाई आवस्यक आवासको ब्यबस्था गरिनेछ<br>• व्यवस्थित बजार विकासका लागी आवश्यक पूर्वाधार निर्माण गरिनेछ |

### ६.४.७ प्रमुख कार्यक्रम

- वडा कार्यलय भवन स्तरउन्नती,
- वडा कार्यलय भवन निर्माण,
- आधारभूत पूर्वाधारयुक्त बजार क्षेत्र स्तरउन्नती,
- स्वास्थ्य चौकी निर्माण,
- सार्बजनिक भवन मर्मत,
- नगर अस्पताल भवन निर्माण,
- महिला उद्यमकेन्द्र स्तरउन्नती

### ६.४.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | आवास तथा सार्वजनिक निर्माण व्यवस्थित भएको हुनेछ । | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | संख्या | ४ | १३ |
| | | सार्वजनिक शौचालय | संख्या | ३ | २६ |
| | | एकीकृत आवास निर्माण | संख्या | १८० | ५०० |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ६.४.९ अपेक्षित उपलब्धि

आवधिक वर्षको अन्त्य सम्ममा सार्वजनिक शौचालयको संख्या २६ र जनता आवास कार्यक्रम अन्तरगत ५०० नयाँ घरहरु बनेको हुनेछ।

## ६.५. सिंचाई विकास

### ६.५.१ बिद्यमान अवस्था

सुनवल नगरपालिकाको एकीकृत शहरी विकास योजना २०१८ (सन्) अनुसार, यस नगरपालिकामा ३४.४८५ प्रतिशत (५९४९ हेक्टर) खेतीयोग्य जमिन रहेको छ । जसमध्ये करिब ४००० हेक्टर जमिन सिंचाईको पहुँचमा रहेको छ। सुनवल नगरपालिकाको एकीकृत शहरी विकास योजना २०१८ (सन्) अनुसार यस नगरपालिकामा हाल ७ वटा सिंचाई आयोजनाहरु संचालनमा आएका छन ।

### ६.५.२ अवसर र चुनौती

अवसर

- करिब ३४ प्रतिशत भूभाग कृषि योग्य रहेको तथा समतल भूभाग संगै खोला नाला र जलाधार क्षेत्र भएकाले सिंचाई विकासका एथेष्ट सम्भावना वोकेको
- सिंचाईका ७ वटा योजनाहरु संचालनमा रहेको तथा जमिन मुनीको पानी प्रयोग गरेर सिंचाई गर्न सकिने
- भूमिगत सिंचाईको निमित्त उपयुक्त भएकाले सबै खेति योग्य जमिनमा सिंचाई पु-याउन सहज हुने चुनौती
- अझै अधिकांस कृषि योग्य जमिनमा सिंचाई पुग्न नसक्नु तथा मौषमी सिंचाईको भरमा खेती गर्नु परेको
- पानीका श्रोतहरु प्रशस्त भएर पनि सिंचाई उपलब्ध गराउन नसक्नु

### ६.५.३ दिर्घकालिन सोच

सवै खेतीयोग्य जमिनमा सिंचाई सुबिधा उपलब्ध गराई कृषि उत्पादकत्व वृद्धिका भएको नगरपालिका

### ६.५.४ लक्ष्य

कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गराउने ।

### ६.५.५ उद्धेश्य

- दिगो र भरपर्दो सिंचाई सुबिधा बिस्तार गर्नु

### ६.५.६. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सबै कृषि योग्य जमीनमा सिंचाईको पहुँचमा पु-याई कृषि उत्पादन बढाउने | • कुलो तथा नहर नपुग्ने क्षेत्रमा विद्युतीय सहायताले जमिन मुनीको पानी निकालेर सिंचाई गरिनेछ<br>• प्रयोग हुँदै गरेका नहर तथा कुलोहरुको नियमित मर्मत सम्भार गरिनेछ<br>• हाल प्रयोगमा आइरहेको कुलो तथा नहरहरुको क्षमता अभिवृद्धि गरी स्तर उन्नती गरिनेछ<br>• पोखरी, नहर, कुलोहरु निर्माण तथा मर्मत गर्न आवश्यक मर्मत संभार कोषको स्थापना गरिनेछ<br>• सिंचाइ प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरुको श्रोत सहितको सहभागितामा, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिनेछ |

### ६.५.७ प्रमुख कार्यक्रम

- भूमिगत सिंचाई योजना,
- कृषि विद्युतिकरण कार्यक्रम,
- पुराना सिंचाई मर्मत सम्भार कार्यक्रम ।

### ६.५.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (८३/८४) |
|---|---|---|---|---|---|
| १ | नियमित संचालन हुने सिंचाई प्रणाली विकास हुनेछ । | सिंचित गरिएको जमिन | हेक्टर | ४००० | ५९४९ |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ६.५.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्यमा सवै खेति योग्य जमिनमा बर्षैभरि सिंचाई सुविधा पुगेको हुनेछ ।

# परिच्छेद- ७ - वन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन

नेपालको संविधानको भाग ३ को धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हक प्रदान गरेको छ। प्राकृतिक श्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तरगत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान समेत राखेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारी सम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयन मार्फत् विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय राखी विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । स्थानीय सरकारको कार्यक्षेत्र भित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै प्रकोप व्यवस्थापन पर्दछन्। यस विषयहरूको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय सरकारले सरकारका अन्य संयन्त्रहरूसंग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य १२ (उपभोग र उत्पादनमा जिम्मेवारीपना), लक्ष्य १३ (जलवायु सम्वन्धी) यस क्षेत्रसंग जोडिएका छन् । दिगो विकासको लक्ष्य सहित दीर्घकालीन सोच कायम गरेर अगाडि बढ्न तथा संविधान तथा प्रचलित ऐन कानूनले लिएका लक्ष्यहरू समेत हासिल गर्न स्थानीय स्तरमा नगरपालिकाको भूमिका अत्यन्त महत्वपूर्ण छ ।

## ७.१ वन विकास तथा वातावरण संरक्षण

### ७.१.१ बिद्यमान अवस्था

यस नगरपालिकाको करिब ६१ प्रतिशत भूभाग बनजंगल तथा घाँसे मैदानले ढाकिएको छ ।नगरपालिकाले बिगत देखि नै सामुदायिक बन व्यवस्थापन पक्षलाई ब्यबस्थित गरेको छ ।नगरपालिका भित्र एक घर दुई रुख कार्यक्रम तथा एक घर एक करेसाबारी कार्यक्रम तर्जुमा गरिएको छ।सहरी क्षेत्र तथा खाली ठाउँ सौन्दर्यकरणका लागि वृक्षारोपण कार्यक्रम संचालन भएको छ। यस नगरपालिकामा उष्णीय तथा सम-शितोष्ण दुवै खालको हावापानी पाइने हुँदा जैविक बिबिधताले भरिएको छ।यहाँको बनमा साल, सिसौ, बकैना, जामुन, तेजपात जस्ता बनस्पतिहरुका साथै बिभिन्न प्रकारका जडिबुटीहरु जस्तै कुरिलो, हर्रो, बर्रो आदि पाइन्छ। प्रशस्त घाँसे मैदान भएकाले साना साना किरा फट्यांग्रा तथा साना चराहरु पनि प्रशस्त पाइन्छ ।नगरपालिकाले आफै फोहर मैला व्यवस्थापन गर्दै आएको छ भने विपद् व्यवस्थापनका लागि हरेक वडामा विपद् प्रतिकार्य टोली गठन भई व्यवस्थापनका कामहरु भईरहेका छन ।

### ७.१.२ अवसर र चुनौती

अवसर

- नगरपालिकाको साठी प्रतिसत भन्दा बढी भूभाग बनजंगल तथा घाँसेमैदानले भरिएको
- नगर क्षेत्रमा वृक्षारोपण कार्यक्रम लागु भएको
- सामुदायिक बन मार्फत स्थानीय जनता आफै बन संरक्षणमा सहभागी भएका

- नगर क्षेत्रमा रहेको पार्कको संरक्षण र विकासका लागि बिभिन्न कार्यक्रमहरु तर्जुमा गरी लागु गरिएको
- बन तथा सार्वजनिक जग्गा क्षेत्रमा सामुहिक जडिबुटी खेतीको सम्भावना रहेको
- नगरपालिकाको आफनै संग्लतमामा फोहरमैला व्यवस्थापन गरिएको
- नदि कटानका क्षेत्रहरु पहिचान गरी त्यस्तो कटान नियन्त्रण गर्नको लागि बिभिन्न तटबन्धहरु निर्माण गरिएको
- विपद् व्यवस्थापनको पक्षलाई प्राथमिकतामा राख्दै त्यसको लागि बजेटको ब्यबस्था गरिएको
- राहत बितरण कार्यविधि र वातावारण तथा प्राकृतिक श्रोत संरक्षण ऐन तयार गरी कार्यन्वयनमा रहेको

चुनौती

- अव्यवस्थित सहरीकरणले गर्दा जैविक बिबिधतामा ह्रास आएको
- जग्गा प्राप्ति एवम प्रयोजन प्रणालीलाई ब्यबस्थित गर्न नसकिएको
- नगरपालिकालाई प्राकृतिक श्रोत तथा सम्पदाको उपयोग र परिचालनको पूर्ण अधिकार नहुनु
- सामुदायिक बनको उचित उपयोगको अभाव
- बन तथा विपद् व्यवस्थापन क्षेत्रमा आवस्यकता अनुसार बजेट बिनियोजन गर्न नसकिएको
- ब्यबस्थित ल्याण्ड फिल्ड साइड निर्माण चरणमा रहेकाले तत्काल फोहर व्यवस्थापन गर्न समस्या रहेका
- विपद् आकस्मिक उद्धार तथा राहत सामाग्रीहरु समयमा नै उपलब्ध गराउन नसकिएको
- प्राकृतिक श्रोतको उत्खनन तथा प्रसोधनको अभाव रहेको
- विपद् पुर्व तयारीका लागी बिभिन्न प्रकारका श्रोत साधनहरुको अभाव रहेको
- विपद् व्यवस्थापनको लागि संघीय, प्रदेश र स्थानीय तहबाट उपलब्ध राहत वितरण प्रक्रियामा समन्वयमा अभाव रहेको
- ऐनलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न नसकिएको

### ७.१.३ दिर्घकालिन सोच

वातावरणीय सन्तुलन कायम गर्दै वनको दिगो व्यवस्थापन ।

### ७.१.४ लक्ष्य

बनजंगल तथा जैविक बिबिधताको उचित संरक्षण तथा व्यवस्थापन गरी बातावरण मैत्री समाज निर्माण गर्ने ।

### ७.१.५ उद्देश्य

- वनको दिगो व्यवस्थापन गर्नु
- जडिबुटी तथा बन पैदावारको उत्पादन प्रवर्द्धन र बजारीकरण गर्नु
- स्थानीय जडिबुटीको उत्पादन वृद्धि भई ब्यबसायिक रुपमा बिक्री बितरण गर्नु

- फोहरमैला व्यवस्थापनको लागि उपयुक्त ल्याण्ड फिल्ड साइट निर्माण गरी ब्यबस्थित रुपमा फोहरमैला संकलन गर्नु
- विपद् व्यवस्थापनमा स्थानीयको क्षमता विकास गर्नु
- जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नु

### ७.१.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • जडिबुटी तथा बन पैदावारको उत्पादन, प्रवर्द्धन र बजारीकरणका प्राकृतिक श्रोत तथा साधनहरुको ब्यबस्थित योजना बनाई आर्थिक रुपमा समुन्नत बनाउने | • जडिबुटी उत्पादन तथा प्रशोधनका लागि उद्योगको स्थापना गरिनेछ साथै थप नर्सरीको स्थापना गरिनेछ<br>• बन संरक्षण तथा थप वृक्षारोपण कार्यक्रम मार्फत बन जंगल तथा घाँसे मैदानले ओगटेको क्षेत्र संरक्षण गरिनेछ |
| • वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलनका लागि सामुदायलाई सचेत बनाउने | • नयाँ उद्योग निर्माण गर्दा प्रदुषण कम गर्ने यन्त्र जडानमा जोड दिइनेछ र बसोबास क्षेत्र भन्दा टाढा स्थापनाको लागि मात्र अनुमति दिइनेछ<br>• स्थानीय स्तरमा धेरै भन्दा धेरै विद्युतीय सवारी साधन चलाउन जोड दिइनेछ तथा बजार क्षेत्र भित्र विद्युतीय चार्ज स्टेसन बनाउन सरोकारवालाहरु संग समन्वय गरिनेछ<br>• चुरेको डढेलो नियन्त्रणका लागि प्रदेश सरकारको समन्वयमा कार्यक्रम लागु गरिनेछ |
| • भू तथा जलाधारको संरक्षण गर्दै फोहरमैला व्यवस्थापन गर्ने | • खोला किनार वरिपरीका जोखिम क्षेत्र पहिचान गरी तटबन्धनको व्यवस्थापन गरिनेछ<br>• जैविक तथा अजैविक फोहरलाई छुट्टाछुट्टै संकलन गरी व्यवस्थापन गरिनेछ<br>• घरमा नै फोहर मैला व्यवस्थापन बर्गिकरण तथा व्यवस्थापन तालिम दिएर फोहर मैला व्यवस्थापनमा स्थानीयको भूमिका बढाइनेछ |
| • महामारी लगाएत बिभिन्न किसिमका विपद् प्रतिकार्यको लागी सामुदायिक सहकार्य बढाउने | • विपद् व्यवस्थापन कोष तथा विपद् व्यवस्थापन समितिलाई सशक्त गराइनेछ<br>• स्थानीयहरुलाई विपद् प्रतिकार्यको लागि क्षमता अभिवृद्धि गर्न प्रशिक्षण दिइनेछ |

## ७.१.७ प्रमुख कार्यक्रम

- व्यावसायिक जडिबुटी उत्पादन कार्यक्रम,
- जडिबुटी/ रुख नर्सरी,
- चुरे डढेलो नियन्त्रण कार्यक्रम,
- सामुदायिक बन संरक्षण कार्यक्रम,
- सडक सौन्दर्यकरण ( वृक्षारोपण) कार्यक्रम,
- फोहोर व्यवस्थापन ल्याण्डफिल्ड साइट निर्माण तथा स्तर उन्नती,
- सहरी क्षेत्रमा जैविक तथा अजैविक फोहरको लागि छुट्टाछुट्टै डस्टबिन कार्यक्रम,
- खोला किनार वरिपरी तटबन्ध कार्यक्रम,
- प्राकृतिक श्रोत र साधन उपयोग सचेतना कार्यक्रम,
- सिमसार क्षेत्र संरक्षण तथा प्रवर्द्धन कार्यक्रम,
- बजार क्षेत्र तथा खाली जमिनमा वृक्षारोपण कार्यक्रम,
- विपद् ब्यबस्थापन कोष,
- आपतकालीन आश्रयस्थल निर्माण,
- विपद् पुर्व तयारी कार्यक्रम,
- वडामा विपद् ब्यबस्थापन समिति गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम,
- दमकल खरिद तथा ब्यबस्थापन कार्यक्रम,
- आपतकालीन उद्धार सामग्रीहरु ब्यबस्थापन तथा पुनर्भरण कार्यक्रम,
- बिद्यालयमा विपद् जोखिम न्यूनीकरण र ब्यबस्थापन कार्यक्रम,
- आपतकालीन आकस्मिक कोष,
- विपद् उद्धार तालिम/ अभ्यास/ प्रतिकार्य,
- तारजाली नदि नियन्त्रण कार्यक्रम ।

### ७.१.८ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७८/७९) | आवधिक योजनाको अन्त्यको स्थिति (०८३/८४) |
|---|---|---|---|---|---|
| १ | वन तथा जैविक विविधता संरक्षण तथा दिगो उपयोग भएको हुनेछ । | वन जङ्गलले ओगटेको क्षेत्र | प्रतिशत | ६०.२ | संरक्षण गर्ने |
| | | बन उपभोक्ता समिति | संख्या | १७ | सबलीकरण गर्ने |
| २ | स्वच्छ, सफा तथा हरियालीयुक्त वातावरणको अभिवृद्धि भएको हुनेछ । | सडक किनारामा विरुवा रोपिएको सडक | किलोमिटर | ० | २० |
| | | दैनिक सफाइ हुने हाट बजार क्षेत्र | संख्या | ३ | ब्यबस्थित गर्ने |
| | | फोहर मैला ल्याण्डफिल्ड साइट | संख्या | १ (निर्माणाधीन) | २ |
| ३ | विपद् व्यवस्थापनमा संस्थागत तथा सामुदायिक क्षमता सुदृढ भएको हुनेछ । | विपद्कालिन आश्रयस्थल | संख्या | ० | १३ |
| | | खोज तथा उद्धार कार्य गर्ने दक्ष जनशक्ति | जना | ११ | ५२ |
| | | विपद् व्यवस्थापनमा संलग्न स्थानीय संस्था तथा संयन्त्र | संख्या | १४ | क्षमता बढाउने |
| | | दमकल | संख्या | ० | १ |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०७८)

### ७.१.९ अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्ममा बनजंगलले ढाकेको क्षेत्र संरक्षण भएको हुनेछ भने जैविक तथा अजैविक फोहरहरुको छुट्टाछुट्टै व्यवस्थापन भएको हुनेछ ।

# परिच्छेद ८ - संस्थागत विकास तथा सुशासन

स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवा प्रवाह र विकास कार्यलाई विधिसम्मत ढंगले जनअपेक्षा अनुसार कुशल,

